




वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ॥

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ॥

GORKHAPATRA DAILY

राष्ट्रिय संस्करण



विज्ञापन प्रकाशित गर्नुपरेमा
फोन नं. ०१-४२२७४९३/०१-४२३१३९४
E-mail: mgorkhapatra@gmail.com
मा सम्पर्क गर्नुहोला ।
व्यापार विभाग
गोरखापत्र संस्थान
प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ



| वर्ष १२१ | अङ्क २८० | २०७८ साल फागुन ६ गते शुक्रबार | फाल्गुण कृष्ण द्वितीया | नेपाल संवत् ११४२ शिल्लागा : २ | 2022 February 18 Friday | Website : www. gorkhapatraonline.com | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


# एमसीसी अनुमोदन गर्न प्रम सक्रिय

## ● गठबन्धन र विपक्षी नेतासँग छुट्टाछुट्टै छलफल



**प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच बिहीबार राति बालकोटमा भेटवार्ता हुँदै । भेटमा प्रधानमन्त्री पत्नी तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा. आरजु राणा देउवा पनि सहभागी हुनुहुन्छ । तस्बिर : अध्यक्ष ओलीको निजी सचिवालय**

■ **अशोक अधिकारी**

काठमाडौँ, फागुन ५ गते । प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा अमेरिकी अनुदान सहायता मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट अनुमोदन गर्न राजनीतिक दलका शीर्ष नेताहरूसँगको संवाद तीव्र पार्नुभएको छ ।

सरकारमा संलग्न चार दलका शीर्ष नेताहरूसँग बिहीबार प्रधानमन्त्री निवासमा भएको छलफलमा उहाँले एमसीसी सार्वभौम संसद्बाट अनुमोदनको प्रस्ताव गर्नुभएको छ । प्रधानमन्त्री देउवाले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईसहित शीर्ष नेतालाई तत्काल संसद्बाट एमसीसी अनुमोदन गर्नुपर्ने प्रस्ताव गर्नुभएको हो ।

**एमसीसी अनुमोदनका लागि राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने भएकाले प्रतिपक्षी दलले सहयोग गर्ने प्रमको विश्वास ।**

उहाँले बिहीबार राति प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग छलफल गरी संसद्को गतिरोध अन्त्य गरी एमसीसी अनुमोदन प्रक्रिया अघि बढाउन आग्रह गर्नुभएको छ । देउवाले एमसीसीमाथिको छलफलका लागि संसद् अवरोध खुलाउन ओलीलाई आग्रह गर्नुभएको हो । प्रधानमन्त्री देउवा र अध्यक्ष ओलीबीच दुई चरणमा कुराकानी भएको छ । प्रधानमन्त्री देउवाले एमाले अध्यक्ष ओलीलाई भेटेर संसद्को गतिरोध अन्त्य गर्न आग्रह गर्नुभएको छ । बिहीबार राति बालकोटस्थित ओली निवासमा पुगेर देउवाले एमसीसी अनुमोदनका लागि राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने भएकाले प्रतिपक्षी दलले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभएको हो ।

काँग्रेस प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार प्रधानमन्त्री देउवाले संसद्को गतिरोध अन्त्य गरेर एमसीसीसहित अन्य विषयमाथि पनि संसद्मा छलफलका लागि ओलीलाई प्रस्ताव गर्नुभएको छ ।

एमाले अध्यक्ष ओलीका निजी सचिव राजेश वज्राचार्यका अनुसार दुई शीर्ष नेताबीच कुराकानी भएको छ, कुराकानीको विस्तृत जानकारी भने प्राप्त भइसकेको छैन । यसअघि बालुवाटार बैठकमा सहभागी सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार प्रधानमन्त्री देउवाले मिलेनियम च्यालेन्ज कर्पोरेसनसँगको (**बाँकी पृष्ठ २ मा**)

## एमसीसी नेपालको हितमा : प्रधानमन्त्री

■ **गोरखापत्र समाचारदाता**

काठमाडौँ, फागुन ५ गते । प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी आर्थिक सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट पारित गर्नुपर्छ भन्ने निर्णय नेपाली काँग्रेसले गरिसकेकाले पार्टी त्यसका पक्षमा उभिने बताउनुभएको छ ।

नेपाली काँग्रेसका नेता अर्जुननरसिंह केसीद्वारा लिखित 'नेपाली काँग्रेसको सङ्क्षिप्त इतिहास' कृतिको बिहीबार लोकार्पण गर्दै प्रधानमन्त्री देउवाले एमसीसी नेपालको हितमा भएकाले यसलाई पारित गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "एमसीसीका बारेमा पार्टीले पनि निर्णय गरिसकेको छ । म पनि लागिरहेको छु । अब संसद्मा गएपछि यसलाई पारित गर्नुपर्ने हुन्छ ।"

उहाँले मुलुकलाई अग्रमगनको दिशामा लैजान र समाज परिवर्तन गर्न ऐतिहासिक रूपमा नेपाली काँग्रेसले नेतृत्व गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली काँग्रेसले राणा शासनविरुद्ध गरिएको आन्दोलनदेखि हालसम्मका सबै राजनीतिक परिवर्तनको नेतृत्व गऱ्यो । परिवर्तनका लागि काँग्रेस कसैसँग डराउँदैन । बरु नेतृत्व गरेर परिवर्तन गरी छाड्छ ।" कार्यक्रममा पार्टीका महामन्त्री गगनकुमार थापाले आज देखिने अनि भोग्ने गरी आएको लोकतन्त्र नेपाली काँग्रेसले विगतदेखि गरेको आन्दोलनको उपज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आजको पुस्ताले जे भोगिरहेको छ, जे देखिरहेको छ । त्यो एकै दिन सजिलैसँग आएको होइन । यसका लागि नेपाली काँग्रेसका धेरै पुस्ताको बलिदानी रहेको छ ।" (**बाँकी पृष्ठ २ मा**)

# यान्त्रिक परीक्षण उडान आजदेखि

## ● बुद्ध पूर्णिमादेखि व्यावसायिक उडान



■ **विश्वास रेग्मी/लक्ष्मण पौडेल**

काठमाडौँ/भैरहवा, फागुन ५ गते । कुनै समय आयोजना नै खारेज हुने अवस्थामा पुगेको भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्ततः शुक्रबारदेखि यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) हुने भएको छ ।

यान्त्रिक परीक्षण उडानका लागि एरो थाईको विमान बिहीबार साँझ आइपुगेको छ । थाइल्यान्डबाट काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबार बिहान आइपुगेको विमान बेलुकी ५ बजे गौतम बुद्ध विमानस्थलमा अवतरण भएको हो ।

**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल**

परीक्षणका लागि चालक, सहचालक, प्राविधिकसहित सात जनाको टोली आएको विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले जानकारी दिनुभयो ।

ढिलै भए पनि आयोजना सम्पन्न भएर क्यालिब्रेसन उडानको अवस्थामा पुग्नु सुखद भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले बताउनुभयो । "क्यालिब्रेसन उडानले ७० वर्षपछि मुलुककै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको ढोका खुल्नेछ," उहाँले भन्नुभयो ।

कुनै पनि नयाँ विमानस्थल सञ्चालनमा आउनुपूर्व विमानस्थलमा जडान गरिएका हवाई उपकरणहरू परीक्षणका लागि गरिने उडान नै क्यालिब्रेसन उडान हो । क्यालिब्रेसन उडानपछि जडित उपकरणहरूले सही तरिकाबाट काम गरे या नगरेको तथा कुनै कमजोरी भए त्यो पत्ता लगाउन सकिने प्राधिकरणका सीएनएस विज्ञ मुकुल मिश्रले जानकारी दिनुभयो ।

उहाँका अनुसार क्यालिब्रेसन उडानका क्रममा खासगरी एयर ट्राफिक नियन्त्रक (एटीसी)सँगको सम्पर्क, सबैसँगको सञ्चार सम्पर्क, उपकरणमार्फत हुने अवतरण प्रणाली (आईएलएस), मौसमसम्बन्धी जानकारीलगायतका परीक्षण हुनेछन् ।

क्यालिब्रेसनका लागि आएको एरो थाईको उक्त जहाज फागुन १६ गतेसम्म नेपालमा रहनेछ । जहाजले यहाँ रहँदा एक हप्तासम्म क्यालिब्रेसन उडान गर्नेछ । उक्त उडान दैनिक छ घन्टासम्म हुनेछ । बिहान १० बजेदेखि हुने उक्त उडानको अवधिमा अन्य उडान भने हुने छैनन् । १० दिनसम्म क्यालिब्रेसन फ्लाइट भइसकेपछि नेपाल वायुसेवा निगमको (**बाँकी पृष्ठ २ मा**)

# क्रिप्टो करेन्सीबारे अध्ययन गर्न समिति

■ **मित्र भण्डारी**

काठमाडौँ, फागुन ५ गते । नेपालमा प्रतिबन्धित भर्चुअल मुद्राको कारोबार (क्रिप्टो करेन्सी, हाइपर फन्ड तथा अनलाइन कारोबारबारे विस्तृत अध्ययन तथा अनुसन्धानका लागि दुईवटा समिति गठन भएका छन् ।

अर्थ मन्त्रालयले सहसचिव भुपाल बरालको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेको छ । सो समितिमा नेपाल राष्ट्र बैङ्क, कानुन, न्याय तथा संसदीय मन्त्रालय, प्रहरी प्रधान कार्यालय, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल दूरसञ्चार प्राधिकरणका प्रतिनिधि रहनुभएको छ ।

समितिले क्रिप्टो करेन्सी, हाइपर फन्ड तथा अनलाइन कारोबारले पार्न सक्ने प्रभाव तथा सम्भावनाबारे विस्तृत अध्ययन गर्ने मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

**प्रतिबन्ध लगाउने वा खुलाउनेबारे निष्कर्ष निकालिने ।**

प्रहरी प्रधान कार्यालयले क्रिप्टो करेन्सीलगायत अनलाइन कारोबार र यसको दुरुपयोग र ठगीबारे विस्तृत अनुसन्धान र अध्ययनका लागि आन्तरिक समिति गठन गरेको हो । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक चन्द्रकुवेर खापुङको संयोजकत्वमा सात सदस्य समिति गठन भएको छ ।

समितिमा महानगरीय प्रहरी परिसर काठमाडौँ, ललितपुर र भक्तपुरबाट एक/एक जना अनुसन्धान अधिकृत तथा महानगरीय अपराध महाशाखा, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र साइबर क्राइम ब्युरोबाट समेत एक/एक जना अनुसन्धान अधिकृत रहनुभएको छ । प्रहरीको सो समितिले प्रतिबन्धित क्रिप्टो करेन्सी हाइपर फन्डलगायत सामाजिक सञ्जालमार्फत बढ्दै गएको आपराधिक गतिविधि नियन्त्रणबारे अध्ययन र अनुसन्धान गर्नेछ ।

क्रिप्टो करेन्सी केही विकसित मुलुकमा आंशिक रूपमा खुला छ । छिमेकी मुलुक भारतमा पनि आंशिक खुला छ भने चीनलगायत कतिपय ठूला अर्थतन्त्र भएका मुलुकमा यसको कारोबार पूर्ण रूपमा प्रतिबन्धित छ । (**बाँकी पृष्ठ २ मा**)


**तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानुनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**स्थानीय तह निर्वाचन**

# साढे दुई लाख जनशक्ति आवश्यक

■ **इश्वरचन्द्र झा**

काठमाडौँ, फागुन ५ गते । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७९ का लागि जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७८ स्वीकृत गरेको छ । निर्देशिका स्वीकृत भएपछि निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्ने कार्य सहज रूपले अगाडि बढ्ने आयोगले जनाएको छ ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले स्थानीय निर्वाचनमा आयोगको दरबन्दीबाहेक दुई लाख ६५ हजारभन्दा बढी कर्मचारी आवश्यक पर्ने बताउनुभयो । देशभरि २३ हजार पाँच सय मतदान केन्द्र हुने आयोगले अनुमान गरेको छ ।

पाँच सय मतदाता हुने मतदान केन्द्रमा सात जना र सोभन्दा बढी मतदाता हुने केन्द्रमा नौ जना कर्मचारी आवश्यक हुने मापदण्ड निर्धारण गरिएको छ । "सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारी नै नियुक्त गर्ने योजना आयोगले गरेको छ । यसले दैनिक भत्तालगायतको सुविधामा खर्च कटौती हुनेछ," उहाँले भन्नुभयो ।

**पाँच सय मतदाता हुने मतदान केन्द्रमा सात जना र सोभन्दा बढी मतदाता हुने केन्द्रमा नौ जना कर्मचारी आवश्यक ।**




प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा अधिकतम नौ जना कर्मचारी परिचालन गरिनेछ । आयोगको केन्द्रीय कार्यालयमा हाल ११४ जना कर्मचारीको दरबन्दी छ तर निर्वाचन प्रयोजनका लागि विज्ञ कर्मचारी नियुक्त गरिने हुनाले कर्मचारी सङ्ख्या बढ्नेछ ।

आयोगले ७७ जना मुख्य निर्वाचन अधिकृतको नियुक्ति प्रक्रिया अगाडि बढाएको छ । आयोगका अनुसार स्थानीय तह निर्वाचनमा करिब एक हजार छ सय निर्वाचन अधिकृत नियुक्त हुनेछन् । निर्वाचन कार्यक्रमबमोजिम आगामी चैत २९ गते मुख्य निर्वाचन अधिकृत नियुक्त हुनेछन् । त्यसअघि आगामी चैत १३ गते नै आयोगले मुख्य निर्वाचन अधिकृतको नामावली प्रकाशन गर्नेछ । मुख्य निर्वाचन अधिकृतको नियुक्तिपछि स्थानीय तहमा निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृत नियुक्त हुनेछन् ।

प्रवक्ता पौडेलले मुख्य निर्वाचन अधिकृतको नामावली फागुन १५ गतेभित्र आयोगमा बुझाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई आग्रह गरेको जानकारी दिनुभयो । मुख्य निर्वाचन अधिकृतमा नियुक्तिका लागि मन्त्रालयले न्याय परिषद्सँग परामर्श गरी न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतका रूपमा नियुक्त गर्न न्याय सेवा आयोगसँग परामर्श गर्नुपर्ने हुन्छ ।

आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई फागुन १५ गतेभित्र निर्वाचन अधिकृत र सहायक अधिकृतमा नियुक्त हुने अधिकृतको नामावली पठाउन पत्राचार गरेको छ । (**बाँकी पृष्ठ २ मा**)

# किसानलाई पचासी करोड निकासा

■ **गोरखापत्र समाचारदाता**

काठमाडौँ, फागुन ५ गते । सरकारले बेमौसमी वर्षाका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

गृह मन्त्रालयका अनुसार यसअघि धानबालीमा क्षति पुगेका किसानहरूलाई राहत उपलब्ध गराउनेसम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गरिएको थियो । गत असोज ३१ देखि कात्तिक ३ गतेसम्म देशका विभिन्न भूभागमा वर्षाका कारण धानबालीमा क्षति पुग्दा किसान प्रभावित भएका थिए । अर्थ मन्त्रालयले किसानलाई राहत रकम उपलब्ध गराउने मापदण्ड, २०७८ बमोजिम राहत उपलब्धस्वरूप एक अर्ब रुपियाँ निकासा गरेको थियो ।

गृह सचिव टेकनारायण पाण्डेको अध्यक्षतामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवसहितको बैठकले अर्थ मन्त्रालयले गरेको निर्णयमध्ये ८५ करोड चार लाख रुपियाँ जिल्ला विपत् व्यवस्थापनमार्फत उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले जिल्ला विपत् व्यवस्थापन समितिबाट यकिन भई आएका जिल्लालाई मापदण्डबमोजिमको आधार र प्रक्रिया पूरा गरी रकम उपलब्ध गराउने निर्णय गरेको हो । उक्त रकम केन्द्रीय विपत् व्यवस्थापन कोषमार्फत वर्षाका कारण धानबालीमा क्षति (**बाँकी पृष्ठ २ मा**)

# मृत्युसंस्कारमा पनि देखासिकी

■ **सहदेव बस्नेत**

जाजरकोट, फागुन ५ गते । नलगाड नगरपालिका-८ का दीपक सिंहले बुबाको अन्त्येष्टिमा ५० थान कपडाबाट छ सय मिटर 'बाट' को प्रयोग गर्नुभयो । बाबुको अन्त्येष्टिका लागि कपडा किन्न मात्रै एक लाख रुपियाँ खर्च भएको उहाँले बताउनुभयो ।

सोही ठाउँका पदमबहादुर खत्रीले पनि आमाको मृत्यु हुँदा ४० थान कपडा अथवा लामो 'बाट' हालेर दाहसंस्कार गर्नुभयो ।

सिंह र खत्री मात्र होइन, अधिकांश जाजरकोटीले वर्षौंदेखि आफन्तको अन्त्येष्टिमा लामो कपडा हाल्दै आएका छन् ।

शवलाई घरबाट उठाएर अन्तिम संस्कारका लागि नदी तथा खोला किनारमा लैजाँदा सेतो, नीलो, रातो र पहेँलो रङको कपडा कम्तीमा तीन थानदेखि अधिकतम एक सय थानसम्म प्रयोग गरिँदै आएको छ । यसरी अन्त्येष्टिका लागि घरदेखि घाटसम्म पुऱ्याउँदा कपडामा नै लाखभन्दा बढी रुपियाँ खर्च हुने बताइएको छ ।

**इज्जत र प्रतिष्ठासँग जोडेर अरूलाई देखाउन साहुसँग ऋण काढेर भए पनि लामो 'बाट' हाल्ने होडबाजी ।**

अन्त्येष्टिमा कपडाको प्रयोगकै आधारमा गाउँघरमा धनी र गरिब भनेर समाजले छुट्याउने गरेको ८५ वर्षीय कर्णबहादुर रावलले बताउनुभयो । इज्जत र प्रतिष्ठासँग जोडेर अरूलाई देखाउन साहुसँग ऋण काढेर भए पनि लामो 'बाट' हाल्ने होडबाजी चल्दै आएको उहाँले जनाउनुभयो ।

अन्तिम संस्कारका लागि शवलाई घरबाट घाट लैजाँदा अगाडि टाँग्दै लगिने कपडाबाट दिवङ्गतका आत्मा स्वर्गमा पुग्छ भन्ने विश्वास छ । त्यसैले गाउँमा कतिपय बूढापाका अहिले पनि आफ्ना लागि आफैँले धेरै थान कपडा किनेर राख्ने गर्छन् । जति लामो 'बाट' हालिन्छ उति छिटो स्वर्गमा पुगिन्छ भन्ने अन्धविश्वासले गर्दा बूढापाकाले आफ्नो लागि आफैँले कपडा किनेर राख्ने चलन रहेको स्थानीयवासीको भनाइ छ ।



**जाजरकोटमा मानिसको मृत्युसंस्कारमा प्रयोग गरिने कपडाको लामो 'बाट' ।**

कर्णाली र गण्डकी प्रदेशका विभिन्न स्थानमा प्रचलन रहेको 'बाट' परम्परालाई गण्डकी प्रदेशतिर भने यसलाई 'बाटो' पनि भनिन्छ । मृत्यु जस्तो अत्यन्त संवेदनशील कुरामा जोडिएको यो संस्कार अहिले देखासिकी र अस्वस्थ प्रतिस्पर्धा पनि बन्न थालेको छ । बारेकोट गाउँपालिकाका अध्यक्ष महेन्द्र शाह संस्कार जोगाउनभन्दा पनि देखासिकीकै लागि थानका थान कपडाको प्रयोग गर्ने चलनले गर्दा विपन्नलाई समस्या हुने गरेको बताउनुहुन्छ । यस्तो चलनलाई निरुत्साहित गर्न सबैले पहल गर्नुपर्ने सुझाव उहाँले दिनुभयो ।

विगतमा अहिलेको जस्तो खबर आदानप्रदान गर्ने सञ्चारका माध्यम (टेलिफोन, सामाजिक सञ्जाल) थिएन । त्यति बेला धेरैलाई थाहा होस् भनेर लामो 'बाट' हाल्नु स्वाभाविक भए पनि अब यसलाई कम गर्नुपर्ने कुशे गाउँपालिका-५, खुर्पाका बासिन्दा हरिबहादुर सिंहले बताउनुभयो ।

# पाठ्यपुस्तकको प्रकाशक टुङ्गो लागेन

■ प्रकृति अधिकारी

काठमाडौँ, फागुन ५ गते। आगामी २०७९ सालको शैक्षिक सत्रका लागि कक्षा १–३ का पाठ्यपुस्तक छाप्न अझैसम्म प्रकाशकको टुङ्गो लाग्न सकेको छैन। विद्यालयको पाठ्यपुस्तक छपाइ गर्न पाठ्यक्रम विकास केन्द्रमा निजी प्रकाशक सूचीकृत हुनुपर्ने कानुनी व्यवस्था छ। केन्द्रले निकै ढिला सूचीकरणका लागि आवेदन आह्वान गर्‍यो भने निजी प्रकाशक भर्खरै सूचीकृत भएका छन्।

केन्द्रका सूचना अधिकारी डा. गणेश भट्टराईले सूचीकरण हुन १९ वटा प्रकाशक कम्पनीको प्रस्ताव परेको जानकारी दिँदै भन्नुभयो, "उनीहरूको छनोट कार्य थालिसकेका छौँ र आगामी सातासम्म छनोट गरिसक्नेछौँ।"

छनोट भएका प्रकाशकलाई छपाइका लागि तयारीप्रति (प्रिन्ट रेडी कपी (पीआरसी) उपलब्ध गराइन्छ र त्यसलाई छपाइ गरिन्छ। उहाँले कक्षा १–३ का पाठ्यपुस्तकको पीआरसी तयार भइसकेको बताउनुभयो। कक्षा १–३ का पाठ्यपुस्तक बहुरङ्गी बनाइएको छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार कक्षा १–३ मा आगामी शैक्षिक सत्रमा १५ लाख ८८ हजार विद्यार्थी भर्ना हुने अनुमान गरिएको छ। उनीहरूका लागि ६३ लाख ५३ हजार ३६० थान आवश्यक पर्ने अनुमान गरिएको छ।

केन्द्रका उपसचिव डा. भट्टराईले पाठ्यपुस्तक छपाइका लागि सूचीकृत हुन आवेदन दिएकामध्ये अधिकांश प्रकाशक छनोट हुनसक्ने भएकाले छपाइ गर्न धेरै दिन नलाग्ने तर्क गर्दै दाबी गर्नुभयो,। एक महिना छपाइ र १५ दिन वितरणका लागि समय भए पर्याप्त हुन्छ।

आगामी वर्ष कक्षा ४, ६ र ९ का पाठ्यपुस्तक पनि नयाँ लागू गरिनेछ। कक्षा ९ का दुईवटा विषयका पीआरसी अझैसम्म जनक शिक्षा सामग्री केन्द्रलाई उपलब्ध गराइएको छैन। उहाँले छिटै ती विषयका पीआरसी उपलब्ध गराइने बताउनुभयो।

यसैबीच बिहीबार पाठ्यपुस्तक व्यवस्थापन तथा अनुगमन केन्द्रीय समितिको बैठक शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चूडामणि पौडेलको अध्यक्षतामा बसेको थियो। बैठकले पाठ्यपुस्तक छपाइ तथा वितरणसम्बन्धी अनुगमन उपसमिति गठन गर्ने र सोमार्फत अनुगमनलाई तीव्र पार्ने निर्णय गरेको छ।

नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले पाठ्यपुस्तक छपाइ गर्न अझैसम्म सामग्री उपलब्ध नगराउनु सरकारको कमजोरी भएको बताउँदै कुनै पनि अवस्थामा आगामी वैशाख मध्यसम्म पाठ्यपुस्तक छपाइ सक्नुपर्ने बताउनुभयो। बैठकमा जनक शिक्षाका प्रवन्ध सञ्चालक अनिल झाले छपाइ कार्य जारी रहेकाले निर्धारित समयभित्र पाठ्यपुस्तक छपाएर वितरण गरिसक्ने बताउनुभयो।




प्रधानमन्त्री शेरबहादुर देउवा नेपाली काँग्रेसका नेता अर्जुननरसिंह केसीद्वारा लिखित 'नेपाली काँग्रेसको सङ्क्षिप्त इतिहास' नामक पुस्तकको बिहीबार लोकार्पण गर्नुहुँदै। तस्बिर : सुजन गुरुङ

# गैरआवासीय नेपाली सङ्घको निर्वाचन चैतमा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। गैरआवासी नेपाली सङ्घ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन आउँदो चैतमा गर्नेगरी घोषणा गरिएको छ। एनआरएनएले विज्ञप्तिमार्फत यसअघि विभिन्न कारणले रोकिएको एनआरएनए परिषद्को निर्वाचन चैत ७ र ८ गते गर्नेगरी मिति तय भएको जानकारी गराइएको हो।

सङ्घले अधिवक्ता भीमसेन बन्जाराको संयोजकत्वमा समिति गठन गरी निर्वाचनको आन्तरिक तयारी थालेको जनाएको छ। समितिका सदस्यहरूमा रामप्रताप थापा (जर्मनी), चिरञ्जीवी ढकाल (यूके), डा. विष्णुमाया परियार (अमेरिका) र सदस्य सचिवमा भूषण घिमिरे (जापान) हुनुहुन्छ।

विगतमा मतदाताको अधिकारसहितका प्रतिनिधिहरूको सूची निर्वाचन समितिलाई उपलब्ध हुन नसक्दा निर्वाचनको कार्य स्थगित भएको थियो। सङ्घका अनुसार फागुन २ गतेसम्म सबै प्रतिनिधिको सूची समितिसमक्ष प्राप्त भइसकेकाले निर्वाचनको मिति घोषणा गरेको जनाएको छ।

सङ्घका अनुसार यस पटक एनआरएनएको निर्वाचन अनलाइन प्रणालीमार्फत सञ्चालन गर्ने तयारी भइरहेको छ। सङ्घले विज्ञप्तिमार्फत हाल हाल मतदाताको फोटो सङ्कलन गर्ने काम भइरहेकाले मतदाताको सूचीमा रहेका सबै मतदातालाई एमआईएस सिस्टममा लगइन गरेर सेल्फी फोटो प्रविष्ट गराउन आग्रह गरेको छ।

# पूर्वकप्तान दोषी ठहर

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। विशेष अदालतले राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान हरि खड्कालाई नक्कली शैक्षिक प्रमाणपत्र मुद्दामा दोषी ठहर गरेको छ। न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र नित्यानन्द पाण्डेको इजलासले खड्कालाई दोषी ठहर गरेको हो।

उहाँलाई पाँच हजार रुपियाँ जरिवाना तोकिएको अदालतका प्रवक्ता दीपेन्द्रनाथ योगीले बताउनुभयो। बढुवा प्रयोजनका लागि प्रवीणता प्रमाणपत्र तह (आईए)को नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खड्काविरुद्ध माघ १२ गते मुद्दा दायर गरेको थियो। खड्काले माध्यमिक शिक्षा परिषद् वाराणासी भारतबाट आईए उत्तीर्ण गरेको प्रमाणपत्र पेस गरेर बढुवा हुनुभएको जिकिर अख्तियारले लिएको थियो।

# काँग्रेसको निर्वाचन तालिका संशोधन

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। नेपाली काँग्रेसको केन्द्रीय निर्वाचन समितिले १६ जिल्लाको नेतृत्व चयन गर्न तोकिएको निर्वाचन तालिका परिमार्जन गरेको छ। समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेका अनुसार नयाँ निर्वाचन तालिकाअनुसार फागुन १५ गते १६ जिल्लाको नेतृत्व चयन गर्न निर्वाचन गर्ने निर्णय भएको हो।

# 'एमसीसी राष्ट्र हितमा'

■ अमरराज नहर्की

तनहुँ, फागुन ५ गते। नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) राष्ट्र हितमा भएको बताउनुभएको छ। नेपाली काँग्रेस क्षेत्र नम्बर १ तनहुँले बिहीबार दमौलीमा गरेको स्थानीय निर्वाचन तथा विकास केन्द्रित अन्तर्क्रिया कार्यक्रममा सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले सो कुरा बताउनुभएको हो।

विकास नचाहनेले एमसीसीको विरोध गरेको पौडेलले आरोप लगाउनुभयो। एमसीसीमा नेपालको स्वाभिमानलाई आँच पुग्ने कुरा कहीँकतै उल्लेख नगरिएको र अनुदानको गलत प्रयोग हुन नपाओस् भनेर बिजुली र सडकलाई केन्द्रित मात्रै गरिएको वरिष्ठ नेता पौडेलको भनाइ थियो।

एमसीसी पारित गर्न सबै लाग्नुपर्नेमा पौडेलको जोड थियो। उहाँले बुझेर मात्रै एमसीसीका विरुद्धमा लाग्न विभिन्न पार्टीका नेता र कार्यकर्तालाई आग्रहसमेत गर्नुभयो। एमसीसी अमेरिकाले नेपालको गरिबी हटाउन दिने अनुदान रकम भएकाले त्यसलाई लिएर सडकमा आन्दोलन गर्नुको कुनै अर्थ नरहेको पौडेलले बताउनुभयो।

अमेरिकी सेना नेपालमा आउने र राष्ट्रियता नै खतरामा पर्ने जुन हल्ला चलाउँदै आन्दोलन गरिएको छ त्यसको पछि नलाग्न तमाम नेपाली जनतालाई मेरो आग्रह छ, नेता पौडेलले भन्नुभयो। अमेरिकाले अनुदान रकम दिँदा त्यसको दुरुपयोग नहोस् मात्रै भनेको हो अरू सडकमा लगाइएका नारा जस्तो केही पनि नभएको उहाँको भनाइ थियो।

सरकारको कार्यसञ्चालन संयन्त्रका संयोजकसमेत रहनुभएका वरिष्ठ पौडेलले सत्ता साझेदार गठबन्धनमा रहेका दलका नेताहरूसँग आफूले त्यस बारेमा स्पष्ट पारेको समेत बताउनुभयो । एमसीसी पारित भए देशमा विद्युतीय आयोजनाहरू र ठूला सडक निर्माण भई देशले बिजुली बाहिरी मुलुकलाई बेच्न पाउने पौडेलको भनाइ छ। आगामी चुनावसम्मै गठबन्धनलाई कायम राख्नुपर्ने पौडेलले बताउनुभयो।

# बसको ठक्करले पैदलयात्रुको मृत्यु

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। बसको ठक्करबाट बिहीबार राजधानीमा दुई जना पैदलयात्रीको मृत्यु भएको छ। बिहान माछापोखरीबाट बालाजुचोकतर्फ जाँदै गरेको बसले काठमाडौँको बालाजुस्थित गङ्गा हलअगाडि सडक किनारामा हिँडिरहेका पैदलयात्रुलाई ठक्कर दिएको थियो। प्रहरीका अनुसार मृतकमध्ये पुरुषको घटनास्थलमै र महिलाको उपचारका क्रममा अस्पताल लैजाँदै गर्दा मृत्यु भएको हो।

महानगरीय प्रहरी वृत्त बालाजुका अनुसार मृत्यु हुनेमा रसुवाका १८ वर्षीय विकास तामाङ र बालाजु सुकुम्वासी टोलकी ६० वर्षीया दुर्गामाया थापामगर रहेका छन्। ठक्कर दिने बस भने फरार भएको छ। चक्रपथ सडक विस्तारका क्रममा सो क्षेत्रमा सीसी क्यामेरा नभएकाले ठक्कर दिने बससहित चालकको पहिचान खुल्न सकेको छैन। महानगरीय ट्राफिक प्रहरी वृत्त बालाजुका प्रहरी निरीक्षक किरण लामाले एउटा शङ्कास्पद बस नियन्त्रणमा लिई अनुसन्धान भइरहेको जानकारी दिनुभयो। मृतकका आफन्तले ठक्कर दिने बस र चालकलाई पक्राउ गरी पीडित परिवारलाई उचित क्षतिपूर्तिको माग गर्दै प्रहरी वृत्त बालाजुका प्रमुख प्रहरी नायब उपरीक्षक गौतम मिश्रलाई दबाब दिएका छन्।

## एमसीसी...

सहमतिअनुसार यही फागुन १६ गतेसम्ममा एमसीसी संसद्बाट पारित गर्न सत्ता साझेदार दलका शीर्ष नेतालाई आग्रह गर्नुभएको छ।

मन्त्री कार्कीले भन्नुभयो, "सम्माननीय प्रधानमन्त्रीले एमसीसी पूर्ववर्ती सरकारले टेबुल गरेको हो। यो सरकार अविच्छिन्न उत्तराधिकारी हो। फेब्रुअरी २८ अर्थात् फागुन १६ गतेसम्ममा यसलाई निष्कर्षमा पुर्‍याउनुपर्छ भन्नुभएको छ। उहाँले संसद्मा टेबुल गर्नका निम्ति प्रस्ताव गर्नुभएको छ।"

उहाँले तत्कालीन नेकपाका अध्यक्ष ओली नेतृत्वको सरकारले वि.सं. २०७६ असार ३० गते एमसीसी अनुमोदनका लागि कानुन मन्त्रालयको निर्णयका आधारमा संसद् सचिवालयको विधेयक शाखामा प्रस्तुत भएको पनि स्मरण गराउनुभएको छ।

प्रधानमन्त्री देउवाले राष्ट्रिय सहमतिकै आधारमा एमसीसी अनुमोदन गरेर भौतिक पूर्वाधारको विकासमा अमेरिकी अनुदान लगाउनुपर्नेमा जोड दिनुभएको छ।

■ **एमसीसी अनुमोदन हुन्छ : सञ्चारमन्त्री**

सञ्चारमन्त्री कार्कीले बिहीबार झन्डै तीन घण्टा चलेको बैठकमा एमसीसीसहित विकसित राजनीतिक घटनाक्रममाथि गम्भीर रूपले छलफल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "संसद्लाई कसरी अघि बढाउने, एमसीसीलाई सार्वभौम संसद्मा छलफल गरेर कसरी निष्कर्षमा पुर्‍याउने भन्ने विषयमा गम्भीर ढङ्गले छलफल भएको छ। अर्को बैठकपछि निर्णय आउँछ।"

कार्कीका अनुसार छलफल एमसीसीलाई निष्कर्षमा पुर्‍याउने दिशामा केन्द्रित छ। उहाँले एमसीसी सार्वभौम संसद्बाट टुङ्गो लगाउन छलफल केन्द्रित गरेको बताउँदै शुक्रबार बिहान १० बजे बस्ने बैठकबाट यो विषय टुङ्गोमा पुग्ने दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "एमसीसी संसद्मा प्रस्तुत हुन्छ। संसद्मा प्रस्तुत भइसकेपछि सबैले आफ्नो विचार प्रस्तुत गर्नुहुन्छ। संसद्बाट एमसीसी अनुमोदन हुन्छ।"

सत्ता साझेदार दलमा पनि फरक–फरक धारणा रहे पनि एमसीसी पारित गर्न कसैले अवरोध नगर्ने उहाँको विश्वास छ। उहाँले भन्नुभयो, "आआफ्ना मूल्य मान्यता छन्। आ–आफ्ना विचारहरू छन्। सबै किसिमका विचार प्रकट भएका छन्। हरेक विषयमा छलफल भयो। यसलाई सहमतिका साथ निष्कर्षमा पुर्‍याउनका निमित्त शुक्रबार बैठक बस्ने छ।"

बैठकमा माओवादी अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपालले एमसीसीका केही बुँदा संशोधन गर्नुपर्ने धारणा राख्नुभयो। जसपाका सङ्घीय परिषद् अध्यक्ष डा. भट्टराईले एमसीसी परियोजना अनुमोदन गर्नुपर्ने बताउनुभयो।

## एमसीसी नेपालको...

कृतिकार काँग्रेसका नेता अर्जुननरसिंह केसीले काँग्रेसले राष्ट्रिय एकता बलियो बनाउने र मुलुक सङ्कटमा परेको बेला नेतृत्व लिने गरेकोले आम नेपालीको भरोसाको पार्टी भएको बताउनुभयो। उहाँले भन्नुभयो, "लोकतन्त्र र नेपाली काँग्रेस एक अर्काका पर्यायवाची शब्द हुन्। यो इतिहास पछिल्ला पुस्तालाई बुझाउन र चिनाउन जरुरी छ।"

पुस्तकमा २००० सालमा राणा शासनविरुद्ध जन्मेको नेपाली काँग्रेसको इतिहासदेखि हालसम्म भएका आन्दोलनमा काँग्रेसले खेलेको भूमिका समेटिएको छ। त्यसैगरी नेपालको लोकतान्त्रिक आन्दोलनमा शहादत प्राप्त गर्ने व्यक्ति र महत्त्वपूर्ण राजनीतिक घटनाको विस्तार गरिएको छ।

# राष्ट्रिय अखण्डता जोगाउन अभियान

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष कमल थापाले मुलुकको धरातलीय यथार्थलाई ध्यान दिएर राप्रपा नेपाललाई पुनर्जागृत गरेको बताउनुभएको छ।

बिहीबार पार्टी निकट भ्रातृ सङ्गठनहरूको संयुक्त बैठकलाई सम्बोधन गर्दै अध्यक्ष थापाले सनातन धर्म, संस्कृति तथा परम्पराको जग धरापमा पर्न लागेको बताउनुभयो। उहाँले राष्ट्रिय अखण्डता जोगाउन र राष्ट्रियताको जग बलियो बनाउन देशव्यापी जनजागरण अभियान सञ्चालन गर्ने बताउनुभयो।

उहाँले राप्रपालाई ठूलो बनाउने नाममा गणतन्त्र बोकेकालाई राप्रपामा भित्र्याएपछि पछिल्लो समय राजसंस्था पुनर्स्थापनाको मुद्दालाई मात्र अगाडि सारेर हिन्दु राष्ट्, सुशासन, विकासजस्ता मान्यतालाई ओझेलमा पारेको आरोप लगाउनुभयो।

बैठकमा राष्ट्रिय प्रजातान्त्रिक महिला सङ्गठनका अध्यक्ष ममता राई, राष्ट्रिय प्रजातान्त्रिक युवा सङ्घका उपाध्यक्ष दामोदर वाग्ले, पूर्वप्रहरी परिषद्का अध्यक्ष हरिहर श्रेष्ठ, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्घका कार्यवाहक अध्यक्ष शशि भण्डारी, सनातन धर्म संस्कृति सङ्गठनका सुजन अधिकारी, राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित सङ्गठनका उपाध्यक्ष सरला विक, ट्रेड युनियन महासङ्घ नेपाल (टुकोन)का प्रथम उपाध्यक्ष आनन्दकुमार रिसाललगायतले बैठकमा धारणा व्यक्त गर्नुभएको थियो।

# करेन्ट लागेर दाजुभाइको मृत्यु

■ रेखीराम राना

पाल्पा, फागुन ५ गते। करेन्ट लगाएर माछा मार्ने क्रममा दुई जनाको मृत्यु भएको छ। जिल्लाको तिनाउ गाउँपालिका–२ स्थित दोभान खोलामा बिहीबार साँझ ७ बजेतिर करेन्ट लगाएर माछा मार्ने क्रममा बालकसहित दुई जनाको मृत्यु भएको हो।

मृत्यु हुनेमा तिनाउ–२, दोभान खुलखुलेका २० वर्षका सुरज सुनार र सुरजका भाइ १४ वर्षका राकेश रहेको प्रहरीले जनाएको छ। स्थानीय तिनाउ–१, बेलदमार बस्ने पदमबहादुर चिदीको घरबाट तार जोडेर दोभान खोलामा माछा मार्ने क्रममा दाजुभाइलाई करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको पाल्पाका प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले जानकारी दिनुभयो।

# एचआईभी रणनीतिक योजना सार्वजनिक

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सन् २०२१ देखि २०२६ सम्म पञ्चवर्षीय रणनीतिक योजनाअनुसार एचआईभी सङ्क्रमणलाई नियन्त्रण गर्ने लक्ष्य राखेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले राष्ट्रिय एचआईभी रणनीतिक योजना सार्वजनिक गर्दै आगामी सन् २०२६ सम्ममा एचआईभी सङ्क्रमणलाई नियन्त्रण गर्ने लक्ष्य राखेको हो।

बिहीबार मन्त्रालयका सचिव डा. रोशन पोखरेल र देवकुमारी गुरागाईंले उक्त रणनीतिक योजना संयुक्त रूपमा सार्वजनिक गर्नुभयो। रणनीतिक योजनामा एचआईभी सङ्क्रमित व्यक्तिको स्वास्थ्यसम्बन्धी परिणाममा सुधार ल्याउने, एचआईभी सङ्क्रमित तथा मुख्य समूहमा एचआईभी सम्बन्धित असमानतामा कमी ल्याउनेलगायतका विषय समेटिएको छ।

योजनामा १५ देखि २४ वर्ष उमेर समूहका युवामा एचआईभी विस्तार दरमा पनि कमी ल्याइने लक्ष्य समाविष्ट गरिएको छ। प्रतिएक हजार जनसङ्ख्यामा एचआईभी सङ्क्रमण दर ०.०२० प्रतिशत ल्याउने लक्ष्य रहेको छ। हाल १५ देखि ४० वर्ष उमेर समूहमा एचआईभी विस्तार दर ०.१३ प्रतिशत रहेको छ। नयाँ सङ्क्रमण दर प्रवासीमा २५ प्रतिशत र पुरुषसँग यौन सम्पर्क गर्ने पुरुषमा १९ प्रतिशत छ। महिला यौनकर्मीमा नौ प्रतिशत, पुरुष यौनकर्मीमा आठ प्रतिशत र सुईबाट लागू पदार्थ लिने व्यक्तिमा दुई प्रतिशत सङ्क्रमण दर रहेको छ। नेपालमा हाल ३७ हजार ५९६ जना एचआईभी सङ्क्रमित रहेका छन्। सरकारले आगामी सन् २०३० को अन्त्यसँगै एचआईभी तथा एड्स महामारीको पनि अन्त्य गर्ने लक्ष्य लिएको छ।

उक्त कार्यक्रममा स्वास्थ्य सचिव देवकुमारी गुरागाईंले एचआईभी सङ्क्रमण नियन्त्रण गर्न रणनीतिक योजना सफल हुने बताउँदै सरकारले एचआईभी नियन्त्रण गर्नका लागि दातृ निकायको पनि सहयोग आवश्यक रहेको बताउनुभयो।

## यान्त्रिक परीक्षण...

विमानबाट परीक्षण उडान गरिने छ। परीक्षण उडानपछि व्यावसायिक उडानको तयारी गरिने छ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बुद्ध पूर्णिमादेखि व्यावसायिक सञ्चालनमा ल्याउने तयारी गरिएको छ। प्राधिकरणका महानिर्देशक अधिकारीले सबै काम समयमै सम्पन्न भएमा बुद्ध पूर्णिमादेखि सञ्चालनमा ल्याउने योजना रहेको जानकारी दिनुभयो। क्यालिब्रेसन उडानपछि त्यससम्बन्धी विस्तृत प्रतिवेदन दुई महिनापछि आउनेछ। प्रतिवेदनले परीक्षण उडानका लागि योग्य भएको उल्लेख गरेमा त्यसपछि परीक्षण उडान हुने उहाँले बताउनुभयो। परीक्षण उडानपछि व्यावसायिक उडान हुनेछ।

■ **कस्तो छ गौतम बुद्ध विमानस्थल ?**

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल राष्ट्रिय गौरवको आयोजना हो। हाल भैरहवा विमानस्थलका रूपमा आन्तरिक उडान सेवा मात्र प्रदान गरिरहेको यो विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा स्तरोन्नति गर्न सन् २०१२ देखि पहल सुरु गरिएको हो।

सन् २०१४ जनवरीदेखि निर्माण सुरु भएको विमानस्थल सन् २०१७ डिसेम्बरमा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो तर भूकम्प, ठेकेदारले भनेअनुसार काम गर्न नसक्नुजस्ता कारणले निर्माण अवधि पूरा गर्ने समयसम्म यसको एक चौथाइ भौतिक प्रगति पनि हुन सकेन। त्यसपछि आयोजनाको मुख्य वित्तीय सहयोगी एसियाली विकास बैङ्क (एडीबी)ले यसबाट अलग हुने निर्णय गरेको थियो। यद्यपि नेपाल सरकारले आयोजना सम्पन्न गर्ने प्रतिबद्धताका साथ काम अघि बढाएपछि आयोजनाले निरन्तरता पाएको थियो।

अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा यसको धावनमार्ग तीन किलोमिटर रहेको छ। पहिलो चरणमा कार्गो भवन निर्माण तथा विमानस्थल टर्मिनल भवन, एटीसीलगायतका काम सम्पन्न भएका छन्। यो टर्मिनलको वार्षिक २० लाखसम्म हवाई यात्रुलाई सेवा दिने क्षमता छ। विमानस्थलमा वाइड बडी जहाज अवतरण गर्न सक्छन्। काठमाडौँमा मौसमको खराबीका कारण अवतरण हुन नसकेको जहाज पनि यो विमानस्थलमा अवतरण गर्न सक्छन्।

काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले क्षमताभन्दा बढी यात्रुलाई उडान सेवा प्रदान गर्नु परिरहेको अवस्थामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई यसको विकल्पका रूपमा हेरिएको छ।

## साढे दुई लाख...

नेपाल प्रशासन सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत निर्वाचन अधिकृतमा नियुक्त हुनेछन्।

■ **दातृ निकायसँग छलफल**

आयोगले निर्वाचनमा हुने खर्च व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय सहायताका लागि पनि छलफल सुरु गरेको छ। आयोगले अर्थ मन्त्रालयसँगको सहकार्यमा दातृ निकायसँग परामर्श एवं छलफल सुरु गरेको हो।

दातृ निकायसमक्ष आयोगले मतदाता शिक्षा, भौतिक सामग्री, सूचना प्रविधि तथा विज्ञ परामर्श सेवालगायतका सम्भावित सहायताका क्षेत्रमा जानकारी दिएको थियो। आयोगका प्रवक्ता पौडेलले दातृ निकायहरू निर्वाचन प्रयोजनका लागि आयोगसँग सहकार्य गर्न तयार रहेको बताएको जानकारी दिनुभयो।

अर्थ मन्त्रालयमा बुधबार दातृ निकायसँग छलफल भएको थियो। विकास साझेदार समन्वय बैठकमा २० वटा कूटनीतिक नियोग एवं विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थिति थियो।

यसैबीच आयोगले आर्थिक कार्यविधि, २०७८ तयार गरेको छ। निर्वाचन प्रयोजनका लागि आवश्यक खर्च जुटाउन आयोगले कार्यविधि तयार गरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाएको छ। कार्यविधिमा निर्वाचनमा हुने खर्च शीर्षकगत उल्लेख गरिएको छ। आयोगले निर्वाचनमा करिब १२ अर्ब रुपियाँ खर्च लाग्ने अनुमान गरेको छ।

■ **मतपत्र छपाइ प्रक्रिया**

निर्वाचन आयोगले मतपत्र छपाइका लागि आवश्यक पर्ने कागज खरिद प्रक्रिया अगाडि बढाएको छ।

पत्रकार भेटघाटमा प्रवक्ता पौडेलले मतपत्र छाप्न आवश्यक पर्ने कागजको स्पेसिफिकेसन र लागत अनुमान स्वीकृत गरी ई–बिडिङका माध्यमबाट खरिद प्रक्रिया अगाडि बढाएको जानकारी दिनुभयो। ७५३ स्थानीय तहको छ हजार ७४३ वडामा फरक प्रकारको मतपत्र छाप्नुपर्ने र सबै वडामा निर्वाचनभन्दा दुई दिनअघि नै पठाउनुपर्ने हुनाले मतपत्र छाप्ने प्रक्रिया सुरु गरिएको आयोगले जनाएको छ।

■ **दल दर्ता**

यसैबीच स्थानीय तह निर्वाचनका लागि पहिलो दिनमा निर्वाचन आयोगमा एउटा दलले दल दर्ता गराएको छ। निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७९ प्रयोजनका लागि दल दर्ता आह्वान गरेकोमा बिहीबारदेखि दल दर्ता सुरु भएको छ।

आयोगका राजनीतिक दल शाखाका अधिकृत नवराज विष्टले पहिलो दिन जनमत पार्टी मात्रैले दल दर्ता गराएको जानकारी दिनुभयो। त्यसैगरी साझा पार्टी, नेपाललाई आयोगले नयाँ दलको मान्यता दिएको छ। उक्त पार्टीले दल दर्ताका लागि निवेदन दिएको थियो।

## किसानलाई...

पुगेका इलाम, तेह्रथुम, सङ्खुवासभा, धनकुटा, सिरहा, बारा, रौतहट, मकवानपुर, रसुवाका किसानलाई वितरण गरिने छ।

वर्षाबाट क्षति पुगेका काभ्रे, सिन्धुली, स्याङ्जा, कास्की, पर्वत, बर्दिया, दाङ, रोल्पा, पाल्पा, अर्घाखाँची, गुल्मी, रुपन्देहीका किसानलाई समेत रकम उपलब्ध गराइने छ। बैठकले बाँके, प्युठान, हुम्ला, जुम्ला, कालीकोट, डडेल्धुरा, बाजुरा, बैतडी, कञ्चनपुर र कैलाली गरी ३१ जिल्लाका प्रभावित भएका थिए।

## क्रिप्टो करेन्सीबारे...

नेपालमा भने यसको कारोबारमाथि प्रतिबन्ध लगाइएको भए पनि यसबारे विस्तृत अनुसन्धान भएको थिएन।

प्रहरी मुख्यालयले गठन गरेको सो समितिले नेपालमा पछिल्लो समय बढिरहेको क्रिप्टो करेन्सीअन्तर्गतका विटक्वाइन, डचक्वाइनलगायत हाइपर फन्ड तथा अनलाइन ठगी नियन्त्रणको प्रभावकारी उपाय पहिचान गर्ने जनाइएको छ। समितिले मुद्राको कारोबारको वर्तमान अवस्था, कारोबारको प्रकृति र प्रभावकारी अनुसन्धान विधिको अवधारणासमेत तयार पार्नेछ। यस्तो कारोबार प्रभावकारी रूपमा नियन्त्रण गर्न कस्तो कानुन आवश्यक पर्ने हो भन्नेबारे समेत समितिले सुझावसहितको राय पेस गर्नेछ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख, अतिरिक्त प्रहरी महानिरीक्षक प्रद्युम्न कार्कीले प्रतिबन्धित विद्युतीय मुद्राको कारोबार बढ्दै गएपछि अनुसन्धान तथा नियन्त्रणलाई प्रभावकारी बनाउन समिति गठन गरिएको बताउनुभयो।

क्रिप्टो करेन्सी, हाइपर फन्डलगायत अवैध अनलाइन कारोबार तथा भाइवर, ह्वाट्स एपमार्फत चिट्ठाको प्रलोभन देखाएर ठगी गर्ने क्रम बढेको छ।

यस्तो ठगीबारे अनुसन्धानका गर्न प्रहरीसँग आवश्यक जनशक्ति तथा प्रविधि छैन। यस्तो गैरकानुनी कारोबार नियन्त्रणका लागि निर्दिष्ट कानुन नहुँदा कारबाहीको पक्षसमेत कमजोर छ। चुक्ता पुँजी नभएका, कार्यालय र कुनै वैधानिक संरचनाबिनाका यस्ता कारोबारमा करोडौँ रकम लगाउँदा जुनसुकै बेला डुब्ने खतरा हुन्छ।

नेपाल राष्ट्र बैङ्कले यस्ता कारोबार गर्न पूर्ण रोक लगाएको छ तर कतिपय उच्च व्यापारिक घराना तथा राजनीतिक दलका नेतासमेत क्रिप्टो करेन्सी कारोबारमा संलग्न रहेको हुनसक्ने प्रहरीको अनुमान छ। सीआईबीले यस्तो अवैध कारोबारको अनुसन्धान गर्दै आए पनि आवश्यक प्रविधि तथा दक्ष जनशक्तिको भने कमी रहेको बताउने गरेको छ।



प्रदेश मन्त्रिपरिषद् बैठक

# चरीकोट अस्पताल पशुपति चौलागाईं नामकरण



बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय। तस्बिर : राममणि दाहाल

■ राममणि दाहाल

हेटौँडा, फागुन ५ गते। बागमती प्रदेश सरकारले दोलखाको चरीकोट अस्पताललाई पशुपति चौलागाईं स्मृति अस्पताल नामकरण गर्ने निर्णय गरेको छ।

बागमती प्रदेशको बिहीबार यहाँ बसेको मन्त्रिपरिषद् बैठकले दोलखा जिल्लाबाट प्रदेश सभाको सदस्यमा नेकपा एमालेका तर्फबाट निर्वाचित चौलागाईंको स्मृतिमा उहाँको नाममा अस्पतालको नामकरण गर्ने निर्णय गरेको हो। चौलागाईंको कोरोना सङ्क्रमणका कारण निधन भएको थियो। प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनालले मन्त्रिपरिषद् बैठकले प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंलाई पदमुक्त गरेको जानकारी दिनुभयो।

विभागीय मन्त्री एवं परिषद् अध्यक्षसँग समन्वय नगरी काम गरेको, सोधिएको स्पष्टीकरणको चित्तबुझ्दो जबाफ नदिएको र पत्रकार सम्मेलन गरी परिषद्को गोपनीयता भङ्ग गरेकाले उपाध्यक्ष चौलागाईंलाई पदमुक्त गरिएको प्रवक्ता खनालले जानकारी दिनुभयो। "यस्तै परिषद्कको स्वीकृतिबिना परिषद्को लोगो र नारा सार्वजनिक गरेको, कार्य सम्पादन सम्झौता गर्न उपाध्यक्ष चौलागाईं नआएको लगायतका कारणले पदमुक्त गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको हो," उहाँले भन्नुभयो। डोरमणि पौडेल नेतृत्वको सरकारले गत जेठ महिनामा चौलागाईंलाई कार्यकारी उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको थियो।

बैठकले प्रदेश स्वास्थ्य बीमा समितिको संयोजकको जिम्मेवारी प्रदेशका स्वास्थ्य सचिवलाई दिने, प्रदेश यातायात सञ्चालन व्यवस्थापन बोर्डका निर्देशक जगदीशचन्द्र ढुङ्गानाले दिनुभएको राजीनामा स्वीकृत गर्ने र सरकारले आवश्यकताअनुसार अवैतनिक सल्लाहकार र विज्ञहरू नियुक्त गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।

प्रदेश सभाका उपसभामुख राधिका तामाङलाई अमेरिकामा हुने फिल्म अवार्ड कार्यक्रममा सहभागी हुन निमन्त्रणा आएकाले प्रदेश सरकारले आर्थिक दायित्व बहन नगर्ने गरी कार्यक्रममा सहभागी हुन जान सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय बैठकबाट भएको छ। प्रदेश सरकारका प्रवक्ता खनालले बैठकले शीत भण्डार सञ्चालन कार्यविधि स्वीकृत गर्ने बैठकले निर्णय गरेको बताउनुभयो।

## प्रदेश सभा बैठक बस्ने सहमति

■ मकवानपुर समाचारदाता

हेटौँडा, फागुन ५ गते। प्रमुख विपक्षी दल र गठबन्धनको सरकारबीचको विवादका कारण चल्न नसेको बागमती प्रदेश सभाको प्रदेश सभाको बैठक दुई महिनापछि बस्ने भएको छ।

प्रदेश सभाका सभामुख सानुकुमार श्रेष्ठको आह्वानमा भएको सर्वदलीय बैठकमा प्रदेश सभाको बैठक बस्ने सहमति जुटेको हो। प्रदेश सभाको बैठक गत पुस ८ गते बसेपछि प्रमुख विपक्षी दल नेकपा एमालेको अवरोधका कारण चल्न सकेको छैन। प्रदेश सभाको बैठक बस्न नसक्दा प्रदेश सभामा आधा दर्जन विधेयक थन्किएर रहेका छन्।

प्रदेश सभाका सचिव कृष्णहरि खड्का सर्वदलीय बैठकमा फागुन १६ गते दिउँसो १ बजे बैठक बस्ने गरी सहमति भएको जानकारी दिनुभयो। उहाँले सत्ता पक्ष र विपक्षी दलका नेताहरूको सहभागितामा भएको सर्वदलीय बैठकमा पुनः फागुन १५ गते सर्वदलीय बैठक बस्ने र कार्य सूची तय गरी प्रदेश बैठक सञ्चालन गर्ने सहमति भएको बताउनुभयो। बैठकमा प्रमुख विपक्षी दलले राखेका मागहरूको सत्तापक्षबाट आगामी सर्वदलीय बैठकमा सम्बोधन गर्ने बताएपछि प्रदेश सभाको बैठक सञ्चालन गर्न प्रमुख विपक्षी दल सहमत भएको जनाइएको छ।

एमालेले आफूले उठाएको रकमान्तरको विषय, मन्त्रालय फुटाएर आठबाट १४ वटा पुऱ्याउनुको चित्तबुझ्दो जबाफ दिनुपर्ने र अघिल्लो सरकारले विभिन्न योजनामा विनियोजन गरेको बजेट कटौतीको निर्णय फिर्ता लिनुपर्ने माग गरेको छ।

यस्तै नेकपा (एकीकृत समाजवादी) को समिति गठन भएको स्थानमा मात्र प्रदेश सरकारको बजेट दिने मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको सार्वजनिक अभिव्यक्तिप्रति आपत्ति जनाउँदै प्रदेश सभाको बैठक प्रमुख विपक्षी दल एमालेले अवरोध गर्दै आएको हो।

प्रदेश सभाको बैठक अवरुद्ध भएपछि प्रदेश सभाअन्तर्गतका विषयगत समितिले निर्णयसहितको प्रतिवेदन प्रदेश सभाको बैठकमा पेस गरे पनि छलफल र पास हुन सकेको छैन। प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र उच्च शिक्षासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको निर्णयसहितको प्रतिवेदन समितिले तयार गरिसकेको छ।

यसैगरी प्रदेश सभामा प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, प्रदेश सञ्चार माध्यम ऐन संशोधन गर्न बनेको विधेयक र प्रदेश विपत् व्यवस्थापन ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभा सचिवालयमा दर्ता भएको छ। यस्तै पछिल्लो पटक प्रदेश अनुसन्धान ब्युरो सेवाको गठन, काम, कर्तव्य र अधिकार सम्बन्ध व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा सचिवालयमा दर्ता भएको सचिवालयले जनाएको छ।

## अतिरिक्त खोपले ज्येष्ठजन खुसी

■ दोलखा समाचारदाता

चरीकोट, फागुन ५ गते। तेस्रो खोपका रूपमा बुस्टर (अतिरिक्त मात्रा) खोप लगाउन पाएकाले दोलखाली ज्येष्ठजन खुसी भएका छन्। पहिलो र दोस्रो कोरोनाविरुद्धको खोप लगाएका ज्येष्ठजन यो मात्रा खोप लगाउन पाउँदा खुसी भएका भीमेश्वर नगरपालिका–३ का ८४ वर्षीय ज्याम्बल लामाले बताउनुभयो।

उहाँ भन्नुहुन्छ, "दोस्रो मात्रापछि अरू खोप लगाउन नपाउँदा कोरोनाबाट मरिन्छ कि भन्ने ठूलो त्रास थियो। अब भने बाँचिन्छ भन्ने आशा पलाएको छ। कोरोनाबाट मृत्यु हुँदा आफ्नो संस्कारअनुसार छोराले काजकिरिया गर्न नपाउने हो कि भन्ने चिन्ताले सधैँ सताइरहन्थ्यो। अब ढुक्क भइएको छ।"

वडा नम्बर–६ का नीलप्रसाद न्यौपाने पनि तेस्रो मात्रा खोप लगाउन पाएपछि खुसी हुनुभएको छ। उहाँले भन्नुभयो, "निराशा समाप्त भएको छ। अब त कालले मात्र मरिन्छ भन्ने ढुक्क भएको छु। सन्तुष्ट हुँदा पाँच, दस वर्ष अझ बढी बाँचिने आशा पनि पलाएको छ।"


नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्पष्टीकरण पेश गर्ने सम्बन्धी सूचना**

कोशी अस्पताल, विराटनगर, मोरङमा पदाधिकार रहनु भएका तपाई कन्सल्टेण्ट रेडियोलोजिष्ट (अधिकृत नवौं) डा. ओमविजु पन्त (कर्मचारी संकेत नं. १९३११३) पदाधिकार रहेको कार्यालयमा बिदा स्वीकृत नगराई मिति २०७५।०१।०२ गते देखि अनुपस्थित रहनु भएकोले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४(१)(ज) को कसुरमा सोही ऐनको दफा ७२(ख)(१) बमोजिम भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने तर्फ सजाय गर्नुपर्ने देखिएकोले तपाईंलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४(१)(ज) को कसुरमा कारवाही किन नगर्ने ? कारवाही गर्नु नपर्ने कुनै कारण भए सोको सबुद प्रमाण सहित ७ (सात) दिन भित्र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८० बमोजिम स्पष्टीकरण (सफाई) पेश गर्न मिति २०७८।०८।२१ मा सार्वजनिक सूचना प्रकाशित भएकोमा तपाईले उक्त अवधिमा पेश गर्नु भएको स्पष्टीकरण सन्तोषजनक नभएकोले तपाईलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४(१)(ज) को कसुरमा सोही ऐनको दफा ७२(ख)(१) बमोजिम भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने ? सेवाबाट हटाउन नपर्ने कुनै कारण भए सबुद प्रमाण सहित नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८१ बमोजिम ७ (सात) दिन भित्र स्पष्टीकरण पेश गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।



**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (बढुवा समितिको सचिवालय), इलाम**
**बढुवा सिफारिस सम्बन्धि सूचना**
**सूचना प्रकाशित मिति २०७८।११।०६ गते**

लोक सेवा आयोग धनकुटा कार्यालयको देहायको बढुवा सूचना नं, सेवा समुह, श्रेणी रिक्त पदहरुमा बढुवा समितिको देहाय बमोजिमको योग्यता क्रमको उम्मेद्वारहरुलाई बढुवाको लागी सिफारिस गर्ने मिति २०७८।११।०५ मा निर्णय भएकोले निजामति सेवा ऐन २०४९ को दफा २४ (च) र निजामति सेवा नियमावली २०५० को नियम ८४ (१) को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. जेष्ठता र कार्यसम्पादनको मुल्याङकनद्वारा हुने बढुवा

| बढुवा सूचना नं | सेवा/समुह/श्रेणी/पद | कर्मचारी संकेत नं | उम्मेद्वारको नाम थर | योग्यता क्रम | सिफारिस भएको कार्यालय |
|---|---|---|---|---|---|
| १७६/०७८-०७९ | नेपाल प्रशासन/लेखा/ रा.प.अनं.प्रथम/लेखापाल | २०१२०५ | योगेन्द्र खालिङ | १ | नापी कार्यालय, इलाम |



**कोष तथा लेखा नियन्त्रक कार्यालय, कालिकोट**
**बढुवा समितिको सचिवालय, कालिकोट**
**बढुवा सिफारिशसम्बन्धी सूचना**

लोक सेवा आयोगको सूचना नं. ५१९-५२०/०७८/७९ नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.अनं. प्रथम श्रेणी, लेखापाल पदमा बढुवा समितिको सचिवालय, कालिकोटको २०७८/११/०४ को निर्णयअनुसार देहायका उम्मेदवारलाई बढुवाका लागि सिफारिश गर्ने निर्णय गरिएकाले निजामति सेवा ऐन, २०४९ (संशोधनसहित)को दफा २० (४क) र दफा २४च को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**१. बढुवा सूचना नं. २६९/०७८-७९ (जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन) नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.अनं. प्रथम श्रेणी, लेखापाल**

| योग्यता क्रम | कर्मचारी सं नं. | उम्मेदवारको नाम, थर | कार्यरत कार्यालय | सिफारिश गरिएको कार्यालय |
|---|---|---|---|---|
| १. | | जुना बुढा | कारागार कार्यालय, कालिकोट | जिल्ला निर्वाचन कार्यालय, कालिकोट |
| २. | | तुलराज परियार | मालपोत कार्यालय, कालिकोट | जिल्ला प्रशासन कार्यालय, कालिकोट |

**२. बढुवा सूचना नं. ३६४/०७८-७९ (कार्यक्षमताको मूल्याङ्कन) नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प. अनं. प्रथम श्रेणी, लेखापाल**

| योग्यता क्रम | कर्मचारी सं नं. | उम्मेदवारको नाम, थर | कार्यरत कार्यालय | सिफारिश गरिएको कार्यालय |
|---|---|---|---|---|
| १. | २१४४४७ | मान बहादुर बुढा | कोष तथा लेखा नियन्त्रक कार्यालय, कालिकोट | कोष तथा लेखा नियन्त्रक कार्यालय, कालिकोट |



नेपाल सरकार
अर्थ मन्त्रालय
**महालेखा नियन्त्रकको कार्यालय**
**बढुवा समितिको सचिवालय**
**कोष तथा लेखा नियन्त्रक कार्यालय, रोल्पाको सूचना**

प्रस्तुत विषयमा लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौंबाट मिति २०७८ पौष २८ को गोरखापत्र दैनिकमा प्रकाशित बढुवा सूचना नं २५४/०७८/७९ अनुसार रोल्पा जिल्ला अन्तर्गत बिभिन्न कार्यालयमा रिक्त रहेको नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.अनं.प्रथम श्रेणी, लेखापाल पद संख्या २ (दई) मा जेष्ठता र कार्यसंपादन मुल्याङ्कनको आधारमा बढुवाको लागि दरखास्त पेश गर्ने उम्मेदवारको मिति २०७८।११।०५ गते बसेको बढुवा समितिको बैठकबाट निम्न उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएको हुँदा निजामती सेवा ऐन, २०४९ संशोधन सहितको दफा २४ च र नि.से.नि. २०५० को नियम ८४ को उपनियम १ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा।**

| क्र.सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | कार्यरत कार्यालय | सिफारिस भएको कार्यालय |
|---|---|---|---|---|
| १ | २१५०८० | नरसिंह बुढा | नापी कार्यालय, रोल्पा | जिल्ला प्रशासन कार्यालय, रोल्पा |
| २ | २०४७७० | जागृती भट्ट | रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, रोल्पा | मालपोत कार्यालय, घर्तीगाउँ, रोल्पा। |



नेपाल सरकार
गृह मन्त्रालय
**बढुवा समितिको सचिवालय**
**जिल्ला प्रशासन कार्यालय रोल्पाको सूचना**

लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौंबाट मिति २०७८ पौष २८ को गोरखापत्र दैनिकमा प्रकाशित बढुवा सूचना नं. २४८/०७८/७९ अनुसार जिल्ला हुलाक कार्यालय रोल्पा र मालपोत कार्यालय लिबाङ रोल्पामा रिक्त रहेको नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं.प्रथम श्रेणी, नायव सुब्बा पद संख्या २ (दुई) मा जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि दरखास्त पेश गर्ने उम्मेदवारको मिति २०७८।११।०५ गते बसेको बढुवा समितिको बैठकबाट निम्न उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएको हुँदा निजामती सेवा ऐन, २०४९ संशोधन सहितको दफा २४ च र नि.से.नि. २०५० को नियम ८४ को उपनियम १ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा।**

| क्र.सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १९६१०५ | टोपेन्द्र पौडेल | १०० |
| २ | २००८९९ | ओमप्रकाश भण्डारी | १०० |

लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौंबाट मिति २०७८ पौष २८ को गोरखापत्र दैनिकमा प्रकाशित बढुवा सूचना नं. ३५५/०७८/०७९ अनुसार जिल्ला प्रशासन कार्यालय रोल्पामा रिक्त रहेको नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं.प्रथम श्रेणी, नायव सुब्बा पद संख्या १ (एक) मा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवाको लागि दरखास्त पेश गर्ने उम्मेदवारको मिति २०७८।११।०५ गते बसेको बढुवा समितिको बैठकबाट निम्न उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएको हुँदा निजामती सेवा ऐन, २०४९ संशोधन सहितको दफा २४ च र नि.से.नि. २०५० को नियम ८४ को उपनियम १ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा।**

| क्र.सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | २०२८६८ | कर्ण बहादुर ओली | १०० |



**Niko Shakti Hospital**
**Dashrathchand 4 ,Shahilek Baitadi**
**PH:095520400 Mo:9869827726**
**Email: nhealthandcare@gmail.com**

**Wanted**

We are a private institution looking for a suitable candidate:
1) Management Adviser-1
Master in subject equivalent to MD/MS program. Professional experiences in similar institution for at least 5 years. Candidates should submit their application form within 23 February 2022.



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**कर्णाली प्रदेश कार्यालय**
**वीरेन्द्रनगर, सुर्खेत**

**प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित परिषद्का टेक्स शिक्षालयहरूमा कार्यक्रम सञ्चालन अनुदान प्रस्ताव पेस गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मिति : २०७८।११।०६ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्णाली प्रदेश कार्यालय, सुर्खेतको चालू आ.व. ०७८।७९ को स्वीकृत कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम यस प्रदेश भित्रका परिषद्का साझेदारी शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित (टेक्स) विद्यालयहरूमा कार्यक्रम सञ्चालन गर्न चालू शैक्षिक सत्रमा कुल विद्यार्थी भर्ना क्षमताको पचास प्रतिशत वा सोभन्दा माथिको सङ्ख्यामा विद्यार्थी भर्ना भई प्रशिक्षण गराइरहेका शिक्षालयहरूलाई प्रशिक्षणका लागि नियमित सञ्चालन अनुदान सहायता दिने कार्यक्रम बमोजिम यस कार्यालयद्वारा मिति २०७८।०९।२० गते प्रकाशित सूचना बमोजिम विविध कारणले जानकारीको अभाव भई अनुदान सहायता प्रस्तावना पेस गर्न छुट भएको भनी प्राप्त जानकारी अनुसार यसअघि प्रस्तावना पेस नगरेको र यस कार्यालयद्वारा नियमित अनुदान प्राप्त गर्ने विद्यालय (साविकको एनेक्स विद्यालय) बाहेकका विद्यालयहरूले यस कार्यालयको वेबसाइट **www.ctevtkarnali.org.np** मा रहेको प्रस्तावना ढाँचामा मिति २०७८।११।२० गतेसम्म तपसिलका कागजात सहित प्रस्ताव पेस गर्नुहुन अनुरोध छ। साथै उक्त म्यादपछि आउने प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**निर्देशक**

**तपसिल :**

१. **प्रस्तावना आवेदन फाराम।**
२. **परिषद् कार्यालयबाट कार्यक्रम सञ्चालन सम्बन्धन पत्रको प्रतिलिपि।**
३. **अनुदान माग सम्बन्धित वि.व्य.स. को बैठक माइन्युट प्रतिलिपि।**
४. **शुल्क निर्धारण सम्बन्धी वि.व्य.स. को निर्णय प्रतिलिपि।**
५. **विद्यार्थी भर्ना रजिस्टर र प्रवेश परीक्षाको नतिजा।**
६. **विद्यार्थी हाजिरी रेकर्ड प्रतिलिपि।**
७. **गत आ.व. ०७७।०७८ को लेखापरीक्षण प्रतिवेदन।**
८. **अनुदान मागका लागि स्थानीय तहको सिफारिस।**
९. **रजिस्ट्रेसनको समष्टिगत।**



नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
बढुवा समितिको सचिवालय, दोलखा
**बढुवा सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति: २०७८/११/०६

लोक सेवा आयोग केन्द्रिय कार्यालय, अनामनगरबाट मिति २०७८/०९/२८ मा प्रकाशित तपशिल बमोजिमको बढुवा सूचना अनुसार रिक्त नेपाल प्रशासन सेवा, लेखा समुह, रा.प.अनं. प्रथम श्रेणीको लेखापाल पदमा बढुवा समितिको मिति २०७८/११/०५ गतेको निर्णयानुसार तपशिल बमोजिम योग्यताक्रममा रहेका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा २४(च) को प्रयोजनको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

**बढुवा सूचना नं.२२०/०७८-७९ जेष्ठता र कार्यसम्पादन मूल्यांकन**

| सि. नं. | क.स.नं. | उम्मेदवारको नाम थर | हाल कार्यरत निकाय |
|---|---|---|---|
| १ | २१९७२० | सह-लेखापाल श्री अविन चोङ्वाङ् | सीमा प्रशासन कार्यालय, लामाबगर, दोलखा |
| २ | २२९१३२ | सह-लेखापाल श्री नारायण खड्का | कोष तथा लेखा नियन्त्रक कार्यालय, दोलखा |

**बढुवा सूचना नं. ३२८/०७८-७९ कार्यक्षमताको मूल्यांकन**

| सि. नं. | क.स.नं. | उम्मेदवारको नाम थर | हाल कार्यरत निकाय | प्राप्तांक |
|---|---|---|---|---|
| १ | २३४५१५ | सह-लेखापाल श्री विमल श्रीस | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, दोलखा | ७२.५५ |





कार्लमार्क्स



लोकतन्त्र समाजवादको बाटो हो ।

## सम्पादकीय

# एमसीसीमा सहमति प्रयास

अमेरिकी आर्थिक सहायता परियोजना 'मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गत नेपालले पाउने अनुदान सहायता सम्बन्धमा प्रमुख राजनीतिक दलहरूबीच गहन मन्थन जारी छ । विशुद्ध सहयोग परियोजना भए पनि राजनीतिक स्वार्थ पूर्ति गर्ने दाउपेचका लागि यो विषयलाई अनावश्यक रूपमा गिजोल्ने प्रयास भइरहेको छ । मुलुकका कतिपय राजनीतिक दल यो परियोजना स्वीकार्ने वा अस्वीकार गर्ने बारेमा अलमलमा परेका परिदृश्यसमेत देखिएको छ तर बुझ्ने तथा बुझ्नुपर्ने तथ्यचाहिँ के हो भने यो सहायता मुलुकको हितमा छ वा छैन ? पूर्वाधार बन्ने निश्चित छ, छैन ? यो सहायताले विद्युत् प्रसारणको विशाल पूर्वाधार बनाउने हो । राजमार्गलाई फराकिलो बनाउने हो । यी कार्य मुलुकको हितमा छ भने विद्युत् प्रसारण लाइन तथा सडक विस्तारको परियोजनालाई अस्वीकार गर्नु ठिक हुँदैन । पाँच वर्षमा सम्पन्न हुनुपर्ने यो परियोजना लामो समयदेखि कचल्टिएको छ । यत्रो लामो अवधिसम्म पनि एमसीसीका सम्बन्धमा कुनै निर्णय हुन नसक्दा सरकार, राजनीतिक दल, नेतृत्वलगायतको निर्णय क्षमतामा नै प्रश्नचिह्न उठ्न थाल्नु अस्वाभाविक होइन ।

आर्थिक विकासमा पछि परेको स्थितिमा वर्तमानको आवश्यकता भनेको मुलुकलाई आर्थिक विकासको बाटोमा डोऱ्याउने नै हो । विश्वव्यापीकरणको अन्तरनिर्भरताको यस युगमा विकास प्रयासका सन्दर्भमा हाम्रा छिमेकी तथा मित्र राष्ट्रको सद्भावसँगसँगै आर्थिक सहयोगसमेत जरुरी पर्छ । यस प्रकारको आर्थिक सहयोग र सद्भाव देशमा प्रजातन्त्र स्थापनादेखि नै विश्वका विभिन्न राष्ट्रहरूबाट प्राप्त हुँदै आएको छ । हामीले यस्तो सहयोग ग्रहण गर्दै आएका छौँ । यस्ता विषयलाई धेरै गिजोल्नु कसैको पनि पक्षमा हुँदैन । जिम्मेवार राजनीतिक दलहरूले वस्तुगत ढङ्गबाट यस सम्बन्धमा अध्ययन गरेर समयमै वस्तुनिष्ठ निर्णय गर्नुपर्नेमा त्यसो हुन नसक्दा यो विकास परियोजना अल्झिएको छ ।

एमसीसीका विषयमा प्रमुख नेपाली राजनीतिक दलहरूमा देखिएको अलमलले उनीहरूको निर्णय क्षमतामा प्रश्न चिह्न उठेको मात्र होइन, नेपालमा हरेक कुरामा राजनीति हुने सन्देश प्रवाहित भइरहेको छ । कतिपय राजनीतिक दलहरू यसै विषयलाई प्रमुखता दिएर आगामी दिनका कार्यदिशा निर्धारणको सपना देखिरहेका प्रतीत हुन्छ । राष्ट्रिय स्वार्थका निम्ति सबै एकै ठाउँमा आउनु पर्छ । निश्चित रूपमा यो पनि भन्न सकिन्छ यस्ता विषयमा लाभहानिको जोडघटाउको राजनीति अप्रिय हो । राष्ट्रिय हित एवं विकासलाई सर्वोपरि राखेर कुनै पनि निर्णय गरिनु पर्छ । राष्ट्रिय मूलभूत मुद्दा एवं ठूला परियोजनाको सफल एवं पूर्ण कार्यान्वयनमा सबै राजनीतिक दलको सहमति एवं मतैक्यता न्यूनतम आधारभूत आवश्यकता हुन आउँछ । यसो गर्नु जनमतको कदर पनि हो ।

नेपाली काँग्रेसले एमसीसीका सम्बन्धमा आफ्ना विचार प्रष्ट रूपमा सार्वजनिक गरेको छ । उसले यो परियोजना मुलुकको हितमा रहेकाले संसद्मा टेबुल गर्ने तथा पारित गर्नुपर्नेमा जोड दिइसकेको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले प्रयास गरिरहनु भएको छ । प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) यस सम्बन्धमा हालसम्म द्विविधापूर्ण अवस्थामा नै देखिन्छ । हिजो सत्तामा हुँदा यो परियोजना पारित गर्ने तयारी गरेको कुरा बिर्सन मिल्दैन । सत्ता घटकका नेकपा (माओवादी केन्द्र) तथा नेकपा (एकीकृत समाजवादी) लगायतका अन्य दल संशोधनसहित पारित गरिनुपर्नेमा जोड दिइरहेका छन् । कस्तो संशोधन भन्ने खाका कसैले प्रष्ट्याउन सकेका छैनन् । संशोधनको कुरा नै अमूर्त छ ।

जिम्मेवार दलहरूबीच विकास परियोजनाका सम्बन्धमा मतैक्यता हुन नसक्नु दुर्भाग्यपूर्ण हो । सरकारले यस परियोजनाका सम्बन्धमा फागुन ४ गते बुधबारको संसद् बैठकमा टेबुल गर्ने सार्वजनिक गरे पनि राजनीतिक सहमतिमा नै थप छलफल गर्नाका निम्ति आज शुक्रबारसम्मका लागि समयसीमा बढाएको विदितै छ । आजका लागि बोलाइएको प्रतिनिधि सभाको बैठकमा टेबुल गरेर सर्वपक्षीय सहमतिबाटै यो प्रस्ताव अघि बढाउने सरकारको प्रयास सहमति र सहकार्यको मर्ममा आधारित देखिन्छ । सर्वपक्षीय सहमतिबाटै निर्धारित समयमा यो परियोजना प्रतिनिधि सभाको बैठकमा टेबुल भएर यस सम्बन्धमा उपयुक्त निर्णय लिन सके राजनीतिक दलहरूको सुझबुझ प्रशंसनीय मान्न सकिन्छ । मित्र राष्ट्रको सहयोगलाई अनावश्यक गिजोल्दा हुन सक्ने जोखिमतिर समेत राजनीतिक नेतृत्वको ध्यान जानु जरुरी छ । ■

## १०० वर्ष अघिको गोरखापत्र

### पुत्ररत्न



पुत्ररत्न.
हालमा मध्यभारत-पन्नाका महाराज
लाइ एक पुत्ररत्न पैदाभये. महाराज
पन्नालाइ करीब ५० वर्षका अवस्थामा
आफना उत्तराधिकारी [ पुत्ररत्न ] भये-
का हूनाले यस बखत् पन्नाराज्यमा प्र-
जाहरू समेत् हर्षानन्दमा परेकाछन्.
परमेश्वरले गरुन, राजकुमारले दीर्घायु
हवोस .

हालमा मध्यभारत–पन्नाका महाराजलाइ एक पुत्ररत्न पैदा भये. महाराज पन्नालाई करीब ५० वर्षका अवस्थामा आफना उत्तराधिकारी [पुत्ररत्न] भयेका हूनाले यस–बखत पन्नाराज्यमा प्रजाहरू समेत् हर्षानन्दमा परेकाछन्: परमेश्वरले गरुन–राजकुमारले दिर्घायु हवोस:

१९७२ साल जेष्ठ ३२ गते सोमबार

## चिन्तन

सहृदय सांमनस्यनविद्वेषं कृणोमि बः ।
अन्यो अन्यमभि हर्यत वर्त्स जातमिवाध्न्या ॥

हे विवाद पुरूषहरु ! तिम्रा लागि म विद्वेषभाव टाढा भगाउने, प्रीतियुक्त सामन्जस्य कर्म गर्दछु । जसरी गाई आफ्ना बाच्छाबाच्छीलाई माया गर्दछन्, त्यस्तै तिमीहरु आपसमा व्यवहार गर !

– अथर्ववेद

लेख र प्रतिक्रियाका लागि
gopafeature@gmail.com
शनिबारका लागि gopashanibar@gmail.com

गोरखापत्रमा लेख रचना पठाउँदा लेखकको सङ्क्षिप्त परिचयसहित पठाउनु हुन अनुरोध गरिन्छ ।

# ओझेलमा भ्रष्टाचार मुद्दा

## नेपाली जनता यतिखेर दण्डहीनता र शासनको मनपरितन्त्र भोगिरहेका छन्



**धर्मेन्द्र झा**

नेपालको सन्दर्भमा यहाँको नागरिक समाज निकै सशक्त र प्रभावकारी मानिन्छ । नेपाली समाज साक्षी छ यसले बेलाबखतमा अनेकथरी मुद्दाको बलियो उठान गरेको छ तर यहाँको नागरिक समाजको संरचना, चरित्र र यसले उठान गर्ने गरेका मुद्दाहरूको विश्लेषण गरिएका खण्डमा यो बढी राजनीतिप्रेरित छ भन्दा अतिशयोक्ति हुँदैन । नेपालको नागरिक समाज राजनीतिक मुद्दाप्रति जति सचेत छ त्यति सचेत समाजका अन्य मुद्दाप्रति रहेको पाइँदैन । नेपालको नागरिक समाजले राजनीतिक विषयमा सधैँ चासो देखाउने गरेको पाइएको छ । यो अत्यन्त स्वाभाविक हो तर यही चासोका आधारमा यहाँको नागरिक आन्दोलन आरोपित हुने गरेको यथार्थलाई बिर्सन मिल्दैन । राजनीतिलाई सबै नीतिको मियो मानिने हुँदा राजनीतिका सम्बन्धमा सबैको ध्यानाकर्षण हुनुलाई अन्यथा मान्न मिल्दैन । नेपाली नागरिक समाजले पनि देश र जनताप्रतिको आफ्नो जिम्मेवारी आवश्यकताअननुसार बोध गर्ने गरेको छ । यति हुँदाहुँदै पनि नेपालका नागरिक अगुवाहरू राजनीतिक मोलमोलाइको सिकार बन्ने गरेको आरोप लाग्दछ भने त्यसलाई निश्चय पनि उचित मान्न सकिँदैन ।

विगतमा राजनीतिक र नागरिक अधिकारसम्बन्धी आन्दोलनका सन्दर्भमा यहाँको नागरिक समाजले अनुकरणीय भूमिका निर्वाह गरेको छ र हालसम्म पनि गरिरहेको छ । यसको साक्षी इतिहास छ । तर विडम्बना, भ्रष्टाचार नियन्त्रणका दिशामा नागरिक समाजका तर्फबाट आजसम्म सशक्त आवाज उठ्न सकेको छैन । स्वाभाविक रूपमा प्रश्न उठ्छ, किन ? नेपालको विगत विश्लेषण गरिएका खण्डमा यहाँ केही अपवादबाहेक भ्रष्टाचार नियन्त्रणका लागि कहीँ कतै प्रभावकारी आन्दोलन भएको पाइँदैन । अझ राजनीतिक र नागरिक समाजको नेतृत्व त यस्तो आन्दोलनका सन्दर्भमा निकैपछि परेको अनुभूति आम जनतामा छ । पछिल्ला केही महिनामा नेपालमा अनेकथरी भ्रष्टाचारका मुद्दा सार्वजनिक भएका छन् । यस्ता मुद्दामा राजनीतिक र व्यावसायिक प्रतिष्ठानका थुप्रै अगुवाको नाम जोडिएको छ । मिडियाले सामान्य रूपमा यस्ता मुद्दाको उठान गरे पनि यी विषय समाजको सर्वस्वीकृत एजेन्डा बन्न सकेका छैनन् । नागरिक समाजले यस्ता मुद्दालाई राजनीतिक लाभहानिका आधारमा मात्र हेर्दा यी विषय सायद समाजको सामूहिक सरोकारका विषय बन्न सकेनन् ।

भ्रष्टाचारको सोझो सम्बन्ध सत्ता र शक्तिसँग हुन्छ । शक्ति सबैलाई मन पर्छ यो स्वाभाविक हो तर शक्तिको प्रयोग कसरी र कुन प्रयोजनका लागि गर्ने भन्ने सोचिनु पर्छ । सत्ता र शक्तिको प्रयोग सधैँ आमजनता र देशका हितमा हुनुपर्छ । त्यहाँ व्यक्तिगत स्वार्थको गन्ध आउँछ भने त्यसले प्रतिकूल परिणाम जन्माउँछ । दुःखका साथ भन्नुपर्छ नेपालको नागरिक समाजको नेतृत्वको ध्यान प्रायः सत्तामा केन्द्रित हुने गरेको छ । सम्भवतः यही मनोग्रन्थीका कारण पनि हुन सक्छ, नेपालमा भ्रष्टाचारविरुद्धको आन्दोलनले गति प्राप्त गर्न सकेको छैन । अपवादका रूपमा स्थानीय समुदाय वा 'लो प्रोफाइल'मा रहेकाहरूले यो आन्दोलनलाई उठाउने प्रयत्न गरे पनि यसले उचाइ प्राप्त गर्न सकेको छैन । भारतको अवस्था नेपालको तुलनामा निकै पृथक् छ । त्यहाँको नागरिक समाज भ्रष्टाचारविरोधी आन्दोनमा निकै सक्रिय रहेको पाइन्छ । त्यहाँ नागरिक समाजका अगुवामध्येका अन्ना हजारेको नेतृत्वमा भ्रष्टाचारविरोधी आन्दोलन उत्कर्षमा पुगेको स्मरणीय छ । सूचनाको हकका अभियन्ता अरविन्द केजरीवाल यस्तै आन्दोलनका माध्यमबाट अहिले राजनीतिक शक्तिका रूपमा स्थापित हुन पुगेको यथार्थ कसैबाट लुकेको छैन । त्यहाँको आन्दोलनको आवाज र प्रभाव हामी कहाँ आइपुग्यो कि आइपुगेन ? हाम्रो नागरिक समाजले त्यसबारे मसिनो ढङ्गले विश्लेषण गर्नु आवश्यक छ । भारतीय संविधानले भ्रष्टाचार नियन्त्रणको सन्दर्भलाई समुचित ढङ्गले सम्बोधन गर्न नसकेको मूल्याङ्कन भइरहँदा हामी कहाँ भ्रष्टाचार नियन्त्रणलाई कडाइका साथ लागू गर्न संविधानमै व्यवस्थाका लागि हाम्रो नागरिक समाजले भूमिका निर्वाह गर्नु जरुरी छ । भ्रष्टाचार नियन्त्रणका दिशामा अन्यत्रको जस्तो नेपालको नागरिक समाजले अपेक्षित क्रियाशीलता देखाउन सकेको छैन । आवश्यकता छ– यहाँ पनि भ्रष्टाचारविरुद्ध प्रभावकारी आन्दोलनको ।

देश र जनताको कल्याणका लागि भन्दा पनि आज राजनीतिको प्रयोग निजी स्वार्थपूर्तिका लागि भइरहेको छ । अर्को राजनीति अर्थोपार्जनको माध्यम बनेको कुरामा विमति हुन सक्दैन । शासनमा जो भए पनि अर्थोपार्जन मुख्य सरोकार बनेको यस देशमा जनसामान्यको आर्थिक अवस्था दिन प्रतिदिन ओरालो लाग्दो छ । सहरमा

> **जब एउटा म्यानपावर एजेन्टले एक जना विपन्नलाई उठिवास लगाउँछ र त्यस्तो मुद्दा कतै सुनवाइ हुँदैन अनि आत्मा रोएको अनुभूत हुन्छ । सामाजिक सुरक्षावापतको रकम लिन जाँदा जब स्थानीय तहमा ज्येष्ठ नागरिक र एकल महिलासँग नजराना असुल गर्न खोजिन्छ तब भ्रष्टाचारको पीडाले पिरोल्छ ।**

बसेका सम्भ्रान्तलाई यसको अनुभव नहुन सक्छ तर भ्रष्टाचारले समाजलाई कसरी गाँजेको छ र यसबाट जनसामान्य कुन हदसम्म प्रभावित छन् भन्ने बुझ्न गाउँ पस्नुपर्छ । उपचारका लागि छाप्रो मात्र ठडिएको आफ्नो पुर्ख्यौली जग्गा बिक्री गर्न खोज्दा पनि नापी र मालपोतका कर्मचारीले जब घुस माग्छन् त्यसबेला भ्रष्टाचारको पीडाको प्रभाव उत्कर्षमा पुगेको अनुभव गर्न सकिन्छ । जब एउटा म्यानपावर एजेन्टले एक जना विपन्नलाई उठिवास लगाउँछ र त्यस्तो विपन्नको मुद्दा कतै सुनवाइ हुँदैन अनि आत्मा रोएको अनुभूत हुन्छ । सरकारले व्यवस्था गरिदिएको सामाजिक सुरक्षावापतको रकम लिन जाँदा जब स्थानीय तहमा ज्येष्ठ नागरिक र एकल महिलासँग नजराना असुल गर्न खोजिन्छ तब भ्रष्टाचारको पीडाले पिरोल्छ । मृत्यु दर्ता गर्न गएका मृतकका आफन्तसँग नागरिक हुनुको निस्सा खोज्ने बहानामा जब उपहारको अपेक्षा गरिन्छ तब भ्रष्टाचारको रापले मुटु पोल्छ । हामीकहाँ यस्ता विषय आन्दोलनका विषय बन्दैनन् । उदेकलाग्दो त के छ भने नागरिक समाजका लागि यस्ता विषय आन्दोलनका मुद्दा बन्दैनन् । सहरका सडकमा यस सन्दर्भमा कुनै पदचाप सुनिँदैन । दैनिक उपभोग्यका वस्तुको आकाशिँदो मूल्यवृद्धि जनसरोकारको विषय बन्न सकिरहेको छैन । नेपाली समाज अनियमितता, अनाचार र भ्रष्टाचारको भुमरीमा फँसिरहेको छ । यतातर्फ किन कसैको ध्यान जाँदैन ?

राजनीति नै गर्ने उद्देश्य हो भने माथि उल्लेख गरिएका मुद्दा उठाएर राजनीति गर्न सकिन्छ कि सकिँदैन ? सम्बद्ध सबैले सोच्नु आवश्यक छ । कानुनी शासनको प्रत्याभूतिको अपेक्षा गरिरहेका नेपाली जनता यतिखेर दण्डहीनता र शासनको मनपरितन्त्र भोगिरहेका छन् । देशको समग्र प्रशासन संयन्त्र भ्रष्टाचारको आहालमा डुबेको छ । दैनन्दिनका आवश्यकता पूर्तिका प्रत्येकजसो सन्दर्भमा भ्रष्टाचारले जरो गाडेको यस मुलुकमा सुशासन फगत नारामा सीमित भएको छ । यस सम्बन्धमा नागरिक समाजको गम्भीर ध्यानाकर्षण हुनु अनिवार्य छ । अझै भन्ने हो भने नेपालका सन्दर्भमा नागरिक समाजको परिभाषा र प्रभावकारिताकै सम्बन्धमा समान धारणा निर्माण गर्नु जरुरी भइसकेको छ । यसो हुन सके नागरिक समाजमाथि बेलाबखतमा विभिन्न शब्द र स्वरूपमा लाग्ने आरोपलाई पनि सम्बोधन गर्न सहज हुनेछ ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा विद्यमान कानुन र निकायहरू प्रभावकारी हुन सकिरहेका छैनन् । पछिल्ला दिनमा भ्रष्टाचारका केही मुद्दा नउठेका होइनन् तर तीमध्ये अधिकांश टुङ्गोमा पुग्न सकेका छैनन् । नेपालले भ्रष्टाचार नियन्त्रणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय अभिसन्धिमा समेत हस्ताक्षर गरिसकेको छ तर यसको पनि कार्यान्वयन हुन नसक्नु दुःखद छ । पछिल्लो कालखण्डमा भ्रष्टाचारजन्य क्रियाकलाप मौलाउनुमा स्थानीय तहको नीतिहीनता मात्र होइन बरु केन्द्र र प्रदेशका शासन संयन्त्र हरू पनि जिम्मेवार नहुनुलाई प्रमुख कारणका रूपमा स्वीकार गर्न सकिन्छ । नेपालको अस्थिर राजनीति भ्रष्टाचारको अर्को प्रमुख कारण हो । राजनीतिक अस्थिरताबाट उत्पन्न सङ्क्रमणका नाममा यहाँ मनपरितन्त्रको विकास भएको छ र यो मनपरितन्त्रबाट सम्पूर्ण जनता आक्रान्त बनेका छन् । विधिको शासनको मान्यताको अवमूल्यन भएको छ र भ्रष्टाचारले सबै सीमा नाघिसकेको छ । निश्चय पनि यो स्थितिले देशमा भ्रष्टाचार मौलाउन प्रोत्साहन मिलेको छ । आवश्यकता छ, नागरिक समाजले यस परिस्थितिमा सुधारको पहल गरोस् । ■

# एमसीसीले बदल्ने विकासको मोडेल



**भीम गौतम**

वि. सं. २०५०/०५१ मा अरुण तेस्रो जलविद्युत् आयोजनाको यति धेरै विरोध भयो कि तत्कालीन नेकपा एमालेले त्यसकै बलमा मध्यावधि चुनावमा सबैभन्दा बढी सिट जित्यो । जब बढी सिट ल्याएर त्यो दल सरकारमा पुग्यो, त्यही सरकारले अरुण तेस्रोबाट हात झिकेको विश्व बैङ्कलाई सहायताका लागि पत्राचार गऱ्यो । यसका लागि विश्व बैङ्कको केन्द्रीय कार्यालयमा टोली नै पठायो तर विश्व बैङ्क फर्केर आएन । अरुण तेस्रोविरोधी आन्दोलनमा संलग्न भएका राजनीति दलका नेताहरूले पटक पटक यसमा गल्ती भएको भनेर सार्वजनिक रूपमै आत्मालोचना गरेका छन् । विशुद्ध जलविद्युत् उत्पादनका लागि आएको त्यो सहायतालाई राजनीति रङ नदिएको भए र अरुण तेस्रो बनेको भए न नेपालले लोडसेडिङ भोग्नु पर्दथ्यो न उत्पादनमूलक उद्योगमा यति धेरैपछि परेर आयातको परनिर्भतरतामा देश पुग्थ्यो तर विडम्बना त्यसले धेरै विकासका ढोका बन्द गरिदियो । अहिले अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन(एमसीसी)लाई राजनीतिक रङ भएर अरुण तेस्रो जसरी नै विरोध भइरहेको छ । एमसीसी चार सय केभीको ३१२ किलोमिटर प्रसारण लाइन र ७७ किलोमिटर सडक स्तरोन्नति गर्ने परियोजना हो । यसमा नेपालमै पहिलो पटक सबैभन्दा पाँच सय मिलियन डलर अर्थात् झन्डै ५६ अर्ब बराबरको अनुदान आउन लागेको छ ।

नेपालले लिने अधिकांश सहायता नीति, कानुन, क्षमता अभिवृद्धि (सफ्टवेयर) मा केन्द्रित छन् तर एमसीसीको यो सहायता पूर्णतया पूर्वाधार (हार्डवेयर) मा केन्द्रित छ । अधिकांश देशले सफ्टवेयरभन्दा हार्डवेयरमा यस्ता सहायता लिने गर्छन् तर नेपालमा हार्डवेयरभन्दा सर्टवेयरको सहायता बढी छ । अधिकांश कानुन, नीति, निर्देशिका निर्माणका साथै जनचेतना, अभिमुखीकरण, तालिमलगायतमा केन्द्रित छन् । यसमा खासै विरोध भएको पनि पाइँदैन तर प्रतिफल ग्यारेन्टी भएका र देशको अर्थतन्त्र निर्माणका लागि सहयोगी बन्ने पूर्वाधार आयोजनाहरूमा बढी नै विरोध सुनिन्छ ।

हालसम्म अधिकांश सहायता अर्थ मन्त्रालयबाटै निर्णय भएर कार्यान्वयनमा जाने र यसमा निश्चित पहुँचवाला व्यक्तिहरूले मात्र सूचना पाउने हुनाले ती अधिकांश आयोजनाहरूबारे विरोध सुनिँदैन तर सकारात्मक रूपमा हेर्दा एमसीसी संसद्सम्म पुग्नु हाम्रा लागि ठूलो अवसर हो । नेपालमा आउने सहायता कसरी आइरहेका छन् भनेर चर्चा परिचर्चा छ । गलत सूचना प्रवाहलाई छोडेर एमसीसी सहायतालाई अधिकतम उपयोग गर्ने विषयमा भएका बहसहरू हेर्ने हो भने यसलाई सकारात्मक रूपमा लिनुपर्छ । अरुण तेस्रोपछि पहिलो पटक एमसीसीबारे यति धेरै बहस भएको छ । अरुण तेस्रोको बेला भर्खर बहुदलीय प्रजातन्त्र आएको थियो । विकास सहायता पनि त्यतिबेला भर्खर आउने चरणमा थियो । अहिले त विश्व बैङ्क, एसियाली विकास बैङ्क (एडीबी) लगायतका थुप्रै विकास साझेदार र विकासकर्ताबाट वैदेशिक सहायता लिएर काम गरेको लामो अनुभव भइसकेको छ । आजको दिनमा प्रत्यक्ष वैदेशिक लगानीका साथै अन्य सहायता लिनु हुन्छ कि हुँदैन भनेर विवाद छैन । पछिल्ला एक दशकमा बनेका जुनसुकै राजनीति नेतृत्वको सरकारले सहायता लिनेमा अवरोध गरेको छैन । राष्ट्रिय योजना आयोगले बनाएको दीर्घकालीन लक्ष्य र पञ्चवर्षीय लक्ष्यले समेत आवश्यक लगानीमध्ये ५० प्रतिशत निजी क्षेत्र र अन्य सहायतामार्फत ल्याउने उल्लेख गरेको छ तर सहायता लिँदा प्रतिफलयुक्त, देशको अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउने तथा भोलि ऋण लिएर तिर्न सक्ने गरी ऋण लिनेबारे भने सचेत हुनैपर्छ । एमसीसी अनुदान भएकोले ऋण त तिर्नुपर्दैन, त्यो बहस जरुरी पनि छैन, बरु यसको गुणस्तरीयता र दिगोपनताको बारेमा बढी बहस हुनु जरुरी भने छ तर उल्टो यसलाई राजनीति रङ दिएर धेरै बहस भइरहेका छन् । पार्टीगत स्वार्थको राजनीतिक तर्क कुतर्क छोडेर एमसीसीले आफ्ना पूर्वाधार योजना निर्माणका लागि अपनाएको कार्यान्वयन ढाँचालाई हेर्दा यो निर्माण सम्पन्न भएमा भने यी केही तथ्यको आधारमा नेपालको विकास मोडेलमा परिवर्तन आई भविष्यमा पूर्वाधार आयोजनाबाट देशले लाभ लिन सक्ने देखिन्छ ।

### छनोट प्रक्रिया र पारदर्शिता

नेपालमा आउने अधिकांश सहायता दाताद्वारा निर्देशित हुन्छन् । उनीहरूको आफ्नो लक्ष्य र उद्देश्यअनुसारको परियोजनालाई छलफल गरेर प्रक्रिया अघि बढाउँछन् । सरकारले माग गरेअनुसारको सहायतामा पनि ती दाताहरूको उद्देश्य र कार्यक्षेत्रभित्र भए मात्र पाउने अवस्था छ । एमसीसी परियोजना भने अमेरिकाको स्वार्थमा उसले प्रत्यक्ष रूपमा दिएको आयोजना होइन । नेपाल सरकारले प्रतिष्पर्धा गरेर लिएको हो । यसका लागि १० वर्ष अघिदेखि अध्ययन नेपालमा सडक र प्रसारण लाइन परियोजनाको आवश्यकता छनोट गरी बल्ल पाँच वर्षअघि सम्झौता भएको हो । यसको छनोट ऊर्जातर्फ नेपाल विद्युत् प्राधिकरणले गरेको हो भने सडकतर्फ सडक विभागले गरेको हो । विज्ञहरूको समूह बनाएर र यसको अध्ययन गरेर मात्र यो छनोट भएको हो । तत्कालीन लोडसेडिङको चरम अवस्था र यसका लागि प्रसारण लाइन निर्माणको समस्याका साथै सडकहरूको दूरावस्थालाई लक्षित गरी पारदर्शी रूपमा छनोट भएकोले यो परियोजना महत्त्वपूर्ण छ भन्नेमा कुनै शङ्का गरिरहनुपर्ने आवश्यकता छैन ।



### कार्यान्वयन गर्ने संयन्त्र

नेपालमा निर्माण भएका अधिकांश ठूला पूर्वाधारका परियोजनाको व्यवस्थापन ठूलो समस्याको रूपमा देखिएको छ । सरकारको परम्परागत व्यवस्थापनको आधारमा परियोजना अघि बढाउन असम्भव भएकोले सरकारकै नेतृत्वमा विकास समिति ऐनमार्फत एमसीए नेपाल गठन गरी अघि बढाइएको छ । मेलम्ची खानेपानी पनि यही मोडेलमा अघि बढेको हो भने १२ सय मेगावाटको बूढीगण्डकी अघि बढाउन पनि विकास समिति नै गठन गरिएको थियो तर यद्यपि यसलाई पछि खारेज गरियो । अर्थसचिवको अध्यक्षतामा गठित ऊर्जा र सडकका तालुकदार मन्त्रालय, प्राधिकरण, विभाग, निजी क्षेत्र र नागरिक समाजसहितको संयन्त्रको नेतृत्वमा यसको कार्यान्वयन हुँदैछ ।

### लागत र समय

नेपालका अधिकांश ठूला पूर्वाधार आयोजनाको समस्या भनेकै लागत र समय दोब्बर/तेब्बर हुनु हो । मेलम्ची, माथिल्लो तामाकोसीदेखि अधिकांश ठूला पूर्वाधारको आयोजनालाई उदाहरणको रूपमा लिन सकिन्छ । यसले एकातिर पूर्वाधार बनेपछि पाउने लाभबाट देशदेखि सर्वसाधारणसम्म वञ्चित हुन्छन् भने अर्कोतिर लगानी र प्रतिफलको प्राप्ति पनि जोखिममा पर्छ । १० वर्षअघि सरकारले विशेष प्राथमिकता दिएर घोषणा गरेको राष्ट्रिय गौरवका आयोजनाहरूको अवस्था पनि उस्तै छ तर एमसीसी परियोजना सुरु भएपछि तोकिएको पाँच वर्षभित्रै र लागतमै निर्माण गर्ने गरी अघि बढेको छ । परियोजना समयमै सम्पन्न भएमा यसले नेपालको विकास मोडेलमा ठूलो बदलाप ल्याउने निश्चित छ ।

### जग्गा प्राप्ति र मुआब्जा

नेपालमा अधिकांश ठूला पूर्वाधार आयोजनामा जग्गा प्राप्ति र मुआब्जा वितरण सबैभन्दा समस्याको रूपमा रहेको छ । सकेसम्म सरकारले मुआब्जा कम दिन खोज्ने र प्रभावितले बढी लिन खोज्ने अवस्था छ । यही कारण धेरै परियोजनाको निर्माणमा ढिलाइ भएको छ तर एमसीसीले अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) को मोडेकल अपनाएको छ । प्रभावित वा विस्थापित प्रभावितलाई हालको भन्दा अझ बढी उच्चस्तरको जीवनयापन गर्ने गरी रुखको पोथ्रादेखि एक ठाउँबाट अर्को ठाउँमा सर्दाको समावधि र कम्तीमा छ महिनासम्म बाँच्ने गरी उचित क्षतिपूर्तिको व्यवस्थालगायतलाई उच्च महत्त्व दिएको छ । भविष्यमा बन्ने परियोजनाहरूका लागि पनि यो मोडेल एउटा महत्त्वपूर्ण पाठको रूपमा रहने निश्चित छ ।

> **पार्टीगत स्वार्थको राजनीतिक तर्क कुतर्क छोडेर एमसीसीले आफ्ना पूर्वाधार योजना निर्माणका लागि अपनाएको कार्यान्वयन ढाँचालाई हेर्दा यो निर्माण सम्पन्न भएमा भने यी केही तथ्यको आधारमा नेपालको विकास मोडेलमा परिवर्तन आई भविष्यमा पूर्वाधार आयोजनाबाट देशले लाभ लिन सक्ने देखिन्छ ।**

### सरोकारवालाको संलग्नता र लाभ

नेपालका अधिकांश परियोजना कार्यान्वयनको चरणमा पुगेपछि मात्र सर्वसाधारणदेखि सरोकारवाला निकायले सूचना पाउनुपर्ने अवस्था रहेकोमा एमसीसीले सरोकारवालालाई परियोजनाबारे जनचेतना जगाउने र जानकारी दिन काम गरेको छ । परियोजनाको पारदर्शिता र सूचना प्रवाहमा कुनै कञ्जुस्याइ गरेको छैन तर एउटा दर्शनमा आधारित भएर अघि बढ्ने राजनीतिक दलका नेता तथा उनीहरूको कार्यकर्तालाई यसबारे सूचना प्रवाहमा भने एमसीसी कमजोर देखिएको छ । भविष्यमा भने परियोजना सञ्चारको नीति नै बनाएर अघि बढ्ने योजना एमसीसीको देखिन्छ ।

प्रसारण लाइन आयोजनामार्फत दुई करोड १० नेपालीको विद्युत् पहुँचको गुणस्तरमा वृद्धि हुनेछ भने तीन हजार मेगावाट विद्युत् स्वदेशभित्र र अन्तरदेशीय विद्युत् व्यापार हुनेछ । सडक स्तरोन्नतिले हालको सडक फराकिलो मात्र बनाउँदैन, नेपालमा पहिलो पटक फूल डेप्थ रिक्लेमेसन र सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेन्ट (सुपरपेभ) जस्ता नयाँ प्रविधिको उपयोगसँगै वर्षौं टिक्ने गुणस्तरीय सडक निर्माण हुनेछ । परियोजनाबाट देशलाई प्रत्यक्ष लाभ हुने स्पष्ट छ । ■

# नेपालमा विकास सहायता र एमसीसीको सहयोग

बीके न्यौपाने

नेपालले प्रजातन्त्रको प्रादुर्भावसँगै २००८ सालदेखि औपचारिक रूपमा वैदेशिक सहयोग लिन थालेको हो । अमेरिकी सरकारले औलो उन्मूलनका लागि उपलब्ध गराएको आर्थिक सहयोगबाट सुरु भएको वैदेशिक सहायता समयक्रममा भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास र आर्थिक सबलीकरणका लागि विस्तार हुँदै गयो । सुरुका वर्षमा द्विपक्षीय सहायता मात्र प्राप्त हुने गरेकोमा पछि गएर विश्व बैङ्क, एसियाली विकास बैङ्कजस्ता बहुपक्षीय संस्थाबाट सहायता प्राप्त हुन थाल्यो ।

वैदेशिक सहायताको निरन्तरताको क्रममा विकासोन्मुख मुलुकको गरिबी निवारण र आर्थिक विकासका लागि स्थापित अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)ले नेपाललाई अमेरिकी डलर ५०० मिलियन (हालको विनिमय दरअनुसार करिब ५९ अर्ब ५० करोड रुपियाँ) अनुदानका रूपमा उपलब्ध गराउने गरी नेपाल र एमसीसीबीच २०७४ भदौ २९ (१४ सेप्टेम्बर २०१७)मा कम्प्याक्ट सम्झौतामा हस्ताक्षर भएको थियो । यो सहायता नेपालको इतिहासमा सबैभन्दा ठूलो अनुदान सहायता हो ।

## ● वैदेशिक सहायता र अमेरिकी सहयोग

नेपालको आर्थिक सामाजिक विकासका लागि वैदेशिक सहायताले ठूलो भूमिका निर्वाह गरेको छ । आन्तरिक स्रोत दिगो र सबल नभइसकेकाले पुँजी निर्माणका लागि वैदेशिक सहायता आवश्यक पर्छ । आर्थिक वर्ष २०३१/३२ देखिको ३५ वर्षको पुँजीगत खर्चमध्ये औसत ६२ प्रतिशत वैदेशिक सहयोगबाट बेहोरिएको छ । केही वर्षहरूमा त नेपालको कुल पुँजीगत खर्चभन्दा बढी वैदेशिक सहायता पनि प्राप्त भएका छन् । आर्थिक वर्ष २०६६/६७ देखि लगातार तीन वर्ष कुल पुँजीगत खर्चभन्दा बढी वैदेशिक सहायता प्राप्त भएको थियो । सामाजिक क्षेत्रको खर्च चालू खर्चमा जोडिने भएको र सामाजिक क्षेत्रका लागिसमेत वैदेशिक सहयोग प्राप्त हुने भएकाले यस्तो स्थिति देखिएको हो ।

नेपाललाई वैदेशिक सहायता मुख्यतः तीन कारणले आवश्यक पर्छ । (१) सार्वजनिक खर्च व्यवस्थापनका लागि आन्तरिक स्रोत मात्र पर्याप्त नहुने भएकाले, (२) पुँजी निर्माणका लागि स्रोतको अपर्याप्तता भएकाले र (३) प्रविधि भित्र्याउनुपर्ने भएकाले । आर्थिक वर्ष २०३१/३२ देखिको ३५ वर्षको अवधिमा नेपालको कुल खर्चको औसत २६ प्रतिशत वैदेशिक सहयोगबाट बेहोरिएको थियो । संवत् २०४० को दशकमा कुल खर्चको ४२ प्रतिशतसम्म वैदेशिक सहायता प्राप्त भएको थियो । यसले हाम्रो आन्तरिक स्रोतको अपर्याप्तता पूरा गर्न वैदेशिक सहायता आवश्यक रहेको पुष्टि हुन्छ । नेपालमा वैदेशिक सहयोगको औपचारिक सुरुवात अमेरिकी सरकारबाट प्राप्त सहयोगबाट भएको थियो ।

हाल नेपाललाई वैदेशिक सहायता उपलब्ध गराउने मुलुकमा अमेरिका, बेलायत र भारत पहिलो, दोस्रो र तेस्रो स्थानमा पर्छन् । अमेरिकी सरकारले विगत ७० वर्षदेखि नेपाललाई बर्सेनि अनुदान सहयोग गर्दै आएको छ । आर्थिक वर्ष २०७६/७७ मा प्राप्त वैदेशिक सहायतामध्ये सबैभन्दा बढी सहायता अमेरिकाबाट प्राप्त भएको थियो । अमेरिकी सहयोग सामान्यतया अमेरिकी विकास नियोग (यूएसएड)बाट परिचालन हुन्छ । कतिपय अवस्थामा अमेरिकी सरकारका विभिन्न निकायले छुट्टै सहयोग पनि गरेका हुन्छन् । अमेरिकी सरकारले उपलब्ध गराउने सहयोगमध्ये अधिकांश सहयोग रकम नेपालको बजेट प्रणालीबाहिरबाट खर्च हुने गरेको छ । नेपालको कुल विकास खर्चमा भने यसले योगदान गरेको छ ।

## ● एमसीसी के हो ?

एमसीसी विकासोन्मुख मुलुकको आर्थिक र पूर्वाधार विकासमा सहयोग गर्ने अमेरिकी सरकारको विशिष्ट संस्था हो । यसको सञ्चालनका लागि सन् २००३ मा बनेको छुट्टै कानुन छ । यसको बजेट अमेरिकी संसद्ले पारित गर्छ र कुनै मुलुकलाई कति रकम सहयोग गर्ने भन्ने पनि संसद्ले नै पारित गर्नुपर्छ । सन् २००४ देखि एमसीसीले विकासशील र कम विकसित मुलुकलाई अनुदान सहयोग गर्न थालेको हो । यो विशुद्ध आर्थिक सहायता हो, सैन्य सहायता वा कुनै मुलुकको सार्वभौमिकता र स्वाधीनतामाथि हस्तक्षेप गरिने सहायता होइन । नेपालले गरेको सम्झौतामा पनि कुनै त्यस्ता प्रावधान वा सर्त रहेका छैनन् । अर्को महत्त्वपूर्ण कुरा यो सहायता अनुदान हो, ऋण होइन ।

एमसीसीको सहायताको एउटा महत्त्वपूर्ण सर्त भने हुन्छ – यसअन्तर्गत सञ्चालन हुने आयोजना निश्चित समयावधिमा सकिएकै हुनुपर्छ, होइन भने बाँकी रकम एमसीसीले फिर्ता लैजान्छ । अमेरिकालगायतका अन्य मुलुक वा संस्थाबाट प्राप्त हुने सहायताजस्तो यसको म्याद थप हुँदैन । नेपालको सन्दर्भमा समेत यो सहायताबाट सञ्चालन हुने आयोजना सुरु भएको मितिले पाँच वर्षमा सम्पन्न हुनैपर्छ, नत्र बाँकी सहायता रकम फिर्ता जान्छ ।

एमसीसीको सहयोग प्राप्त गर्ने सम्बन्धमा नेपालले २०६८ सालदेखि प्रक्रिया सुरु गरी २०७४ सालमा सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको हो । नेपालले कमजोर ऊर्जा र सडक पूर्वाधारलाई विकासका बाधकका रूपमा पहिचान गरी सोअनुरूप प्रसारण लाइनको निर्माण र सडक मर्मतसम्भारका लागि एमसीसीको सहयोग लिने प्रक्रिया अगाडि बढाएको हो । यसअनुसार काठमाडौँको लप्सीफेदीदेखि नुवाकोटको रातमाटे हुँदै एउटा प्रसारण लाइन मकवानपुरको हेटौँडासम्म र अर्को प्रसारण लाइन तनहुँको दमौली हुँदै रुपन्देहीको बुटवलसम्म निर्माण गर्ने गरी आयोजना छनोट भएको छ । नेपालका सबै जलविद्युत् आयोजना उत्तरी क्षेत्रमा भएका र कोसी कोरिडोर, त्रिशूली कोरिडोर, मर्स्याङ्दी कोरिडोर एवं कालीगण्डकी कोरिडोरका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारण गरी विद्युतीकरण गर्न यो प्रसारण लाइन कोसेढुङ्गा हुनेछ । यसैगरी पाँचवटा सडक खण्डलाई अत्याधुनिक प्रविधिको प्रयोग गरी मर्मत र स्तरोन्नति गर्ने गरी आयोजना छनोट भएको छ ।

## ● एमसीसी किन भिन्न छ ?

माथि नै प्रस्ट पारिएको छ कि एमसीसीको सहयोग अरू सहयोगभन्दा केही कारणले विशिष्ट प्रकृतिको छ । यसलाई विशिष्ट बनाउने कारण यस प्रकार छन् :

(क) नेपालले प्राप्त गरेको सबैभन्दा ठूलो अनुदान हो, यसमा ऋणको अंश छैन । (ख) यसबाट प्राप्त हुने सबै अनुदान राष्ट्रिय बजेट प्रणालीमार्फत खर्च हुने हो, प्रणालीबाहिरबाट हुँदैन । (ग) यो सहयोगबाट सञ्चालन हुने आयोजनाको समयावधि 'हार्ड कन्सट्रेन्ट'का रूपमा रहेकाले आयोजना सम्पन्न हुने सुनिश्चित भएको । (घ) आयोजना कार्यान्वयनका लागि सम्पूर्ण जिम्मेवारी एमसीए-नेपालको हुने । (ङ) आयोजना कार्यान्वयनका लागि निर्माण व्यवसायीलगायत परामर्शदाता सबै प्रतिस्पर्धाबाट छनोट हुने, कुनै मुलुक विशेषका निर्माण व्यवसायी वा परामर्शदातालाई प्राथमिकता दिइएको छैन । (च) अन्य सम्झौतामा जस्तो मालसामान र सेवाको निश्चित प्रतिशत अनुदान दिने मुलुक वा संस्थाको हुनुपर्ने प्रावधान यसमा नरहेको (उदाहरण – भारत, चीनले दिने ऋणमा सामानको हकमा कम्तीमा ६० प्रतिशत र सेवाको हकमा कम्तीमा ७५ प्रतिशत तीनै मुलुकको हुनुपर्ने प्रावधान राख्ने गरिएको, चीनको सहयोगमा निर्माणाधीन पोखरा विमानस्थल, भारतको सहयोगमा निर्माणाधीन विभिन्न सडकमा यस्तो प्रावधान रहेको) । (छ) नेपाल वा एमसीसी दुवैले ३० दिनको सूचना दिई सम्झौता रद्द गर्नसक्ने प्रावधान रहेको ।

## ● अन्य विकास साझेदारका सर्त

(क) विश्व बैङ्क तथा एसियाली विकास बैङ्कजस्ता बहुपक्षीय विकास साझेदारले ऋण उपलब्ध गराउँदा राख्ने सर्त : तोकिएको काममा, तोकिएको क्रियाकलापमा र तोकिएको विधिबाट मात्र खर्च गर्न पाउने, मूल सम्झौताका अतिरिक्त आयोजना कार्यान्वयन सम्झौतासमेत हुने, सम्झौताका प्रावधान खर्च गर्दा पनि प्रत्येक क्रियाकलाप अगाडि सम्बन्धित विकास साझेदारबाट नो अब्जेक्सन लिनुपर्ने, परामर्शदाता सम्बन्धित विकास साझेदारको सहमतिमा मात्र नियुक्त गर्न वा हटाउन पाइने, आयोजना प्रमुख परिवर्तन गर्नुपर्दा सहमति लिनुपर्ने, कार्यक्रम संशोधन गर्नुपर्दा लिखित सहमति लिनुपर्ने ।

(ख) भारत, चीन तथा अन्य द्विपक्षीय विकास साझेदारले ऋण वा अनुदान उपलब्ध गराउँदा राख्ने सर्त : तोकिएको काममा, तोकिएको क्रियाकलापमा र तोकिएको विधिबाट मात्र खर्च गर्न पाउने, आयोजना प्रमुख परिवर्तन गर्नुपर्दा सहमति लिनुपर्ने, कार्यक्रम संशोधन गर्नुपर्दा लिखित सहमति लिनुपर्ने ।

(ग) भारतको अतिरिक्त सर्त ।



भारतले तोकेको परामर्शदाता र ठेकेदारको सेवा लिनुपर्ने, भुक्तानीका लागि प्रत्येक बिल भारतले स्वीकृत गर्नुपर्ने, एक्जिम बैङ्कमार्फत प्राप्त हुने ऋणको उपयोग गर्दा ७५ प्रतिशतको हाराहारीमा भारतको सेवा र वस्तु उपयोग गर्नुपर्ने ।

(घ) चीनको अतिरिक्त सर्त ।

चीनले नै तोकेको ठेकेदारको सेवा लिनुपर्ने, चीनले नै परामर्शदाता र ठेकेदार छनोट गरी काममा लगाउने र भुक्तानी दिने, नेपालले सहायता रकमका सम्बन्धमा सम्झौता गर्ने तर अधिकांश आयोजनामा सबै रकम चीनले नै भुक्तानी गर्ने, नेपालको बजेट प्रणालीमा सो रकम नदेखिने ।

(ङ) अमेरिकाको अतिरिक्त सर्त ।

अमेरिकाले नै तोकेको विधिबाट खर्च हुने, कार्यान्वयन गर्ने र खर्च गर्ने सम्पूर्ण संयन्त्र अमेरिकाले नै तोक्ने ।

## ● एमसीसीको संसदीय अनुमोदन

एमसीसीको सहयोग प्राप्त गर्ने गरी गरिएको सम्झौताअनुसार नेपालले नै पहिचान गरेको लप्सीफेदी-रातमाटे-हेटौँडा, रातमाटे-दमौली-बुटवल विद्युत् प्रसारण लाइन निर्माण र पाँचवटा सडक खण्डको अन्तर ष्ट्रिय स्तरअनुरूपको मर्मत सम्भार हुनेछ । यस कम्प्याक्ट सम्झौता कार्यान्वयनमा लैजानुपूर्वका सबै पूर्वसर्त पूरा भएको भए पनि यसलाई नेपालको संसद्बाट अनुमोदन गर्नुपर्ने विषयले अझै पूर्णता पाउन सकेको छैन । सम्झौता भएको लामो समय बितिसक्दा पनि यस विषयमा टुङ्गो नलाग्दा यस सम्झौताअनुरूपको सहयोग परिचालन हुन नसकी यसबाट प्राप्त हुने प्रतिफल पाउन सकिएको छैन । सम्झौता संसद्बाट अनुमोदन गर्ने कि नगर्ने भन्ने विषयमा निर्णय हुन नसकेकाले यस सम्झौताका सम्बन्धमा अनावश्यक हल्ला, संशय र भ्रम उत्पन्न भएका छन् । सम्झौताका अन्तर्वस्तु र आयोजनाको वियषयवस्तुभन्दा पनि राजनीतिक विषयले प्रधानता पाएको छ । यस सम्झौतालाई राष्ट्रियतासँग जोड्न खोजिएको छ, जब कि यो सहयोग नितान्त विकास आयोजनासँग सम्बन्धित छ ।

अमेरिकी सरकारले यो सम्झौता छिट्टै नेपालको संसद्बाट अनुमोदन भई कार्यान्वयनमा जाओस् भन्ने आसय राखी विभिन्न समयमा विभिन्न प्रकारले आग्रह गर्दै आएको छ । यसका साथै यो सम्झौताका बारेमा छिट्टै निष्कर्षमा पुग्न नसकिएमा समग्र आयोजनाको भविष्य नै के हुने भन्ने अन्योल कायमै रहनेछ । नेपाल आफैँले पहिचान गरेको र नेपालका लागि अति आवश्यक प्रसारण लाइन नै नबन्ने हो कि भन्ने आशङ्का पनि पैदा भएको छ । तसर्थ यस सम्झौताका बारेमा शीघ्रातिशीघ्र टुङ्गोमा पुग्नु आवश्यक छ ।

एमसीसीको सहयोग लिने भनी नेपालले सम्झौता गरेको चार वर्ष नाघिसकेको छ । आयोजना कार्यान्वयनपूर्वका सबै प्रक्रिया पूरा भई कार्यान्वयनमा गएको भए यो सहयोगअन्तर्गतको आधाभन्दा बढी काम सकिइसकेको हुन्थ्यो तर यसको मूल गाँठो यस सम्झौतालाई संसद्बाट अनुमोदन हुनुपर्ने विषयमा गएर परेको छ । अब पनि यसमा ढिलाइ हुनु भनेको यस सहायताबाट हामीले प्राप्त गर्ने प्रतिफल नपाउने वा लागत वृद्धि हुने हो । त्यसैले यो विषयलाई छिटो किनारा लगाउनुपर्ने हुन्छ, जसका कारण यस प्रकार छन्–

१. सम्झौता भएको झन्डै साढे चार वर्षसम्म पनि कुनै आयोजनाका बारेमा अनिर्णित हुनुले हामी विकासप्रति गम्भीर नभएको सन्देश जाने ।

२. कुनै समय चरम् लोडसेडिङ बेहोरेको नेपाल हाल वर्षायाममा विद्युत् निर्यात गर्ने अवस्थामा पुगेको तर आन्तरिक खपत बढाउन र उद्योगधन्दाका लागि आवश्यक विद्युत् आपूर्ति गर्न अति आवश्यकीय प्रसारण लाइन नहुँदा एकातिर उत्पादित विद्युत् खेर जाने र अर्कातिर विद्युत् उत्पादन हुँदाहुँदै पनि विद्युत् अभावको स्थितिमा रहनुपर्ने अवस्था आउने ।

३. हाल निर्माणाधीन विद्युत् आयोजनाको प्रगति हेर्दा आगामी दुई वर्षपछि सुक्खायाममा समेत विद्युत् बचत हुने देखिएकाले आन्तरिक माग पूरा गर्न, आन्तरिक खपत वृद्धि गर्न र अझ बचत भएमा निर्यातसम्म गर्न पनि यो आयोजना तत्काल सुरु गर्नुपर्ने ।

## ● एमसीसीको संसदीय अनुमोदन किन?

नेपालले आफ्नो स्रोतको अपर्याप्ततालाई सम्बोधन गर्न विभिन्न मुलुक तथा दातृसंस्थाबाट ऋण तथा अनुदान सहायता लिने गर्दछ । एमसीसी पनि सोहीअनुसारकै एक सहयोग हो । अन्य कुनै पनि सहयोगका लागि गरिने सम्झौता संसद्बाट अनुमोदन हुनुपर्दैन । अमेरिकी सरकारले बर्सेनि उपलब्ध गराउने आर्थिक सहायता होस् वा कुनै आयोजना विशेषका लागि उपलब्ध गराउने सहायता होस्, कुनैको पनि संसदीय अनुमोदन आवश्यक पर्दैन । नेपालको सन्धि ऐनले समेत यस्तो सहायता सम्झौता गरी परिचालन गर्ने अधिकार नेपाल सरकारलाई दिएको छ तर एमसीसी विशिष्ट प्रकारको अनुदान सहयोग भएको र यसको समयसीमा कडा भएका कारण यसको संसदीय अनुमोदन खोजिएको हो । त्यसबाहेक नेपालको संसद्बाट अनुमोदन हुनुपर्ने कारण यस प्रकार छन् :

१. कम्प्याक्ट सम्झौतामा संसदीय अनुमोदनको व्यवस्था नभए पनि कानुन, न्याय तथा संसदीय मन्त्रालयले अर्थ मन्त्रालयलाई २०७५ पुस २६ मा दिएको रायअनुसार यस सम्झौतालाई प्रतिनिधि सभाको सामान्य बहुमतले पारित गर्नुपर्ने भएको ।

२. नेपाल आफैँले पहिचान गरेको आयोजनाका लागि नेपाल आफैँले माग गरेको सहयोग भएको, अमेरिकी सरकारले एमसीसीमार्फत सहयोग गरेका सबैजसो मुलुकमा संसदीय अनुमोदन भएकाले नेपालको संसद्को अनुमोदन माग गरेको ।

३. नेपाल सरकार आफैँले संसदीय अनुमोदनका लागि प्रतिनिधि सभामा पेस गरेको ।

४. संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलको अपनत्व रहने ।

५. सबै राजनीतिक दलको अपनत्व भएका कारण कार्यान्वयनमा सबैको सहयोग प्राप्त हुने ।

६. संसदीय अनुमोदनपछि कानुनको एक रूप हुने भएकाले सम्झौतामा लेखिएबमोजिम सुरु भएको पाँच वर्षभित्रै आयोजना सम्पन्न हुने सुनिश्चित हुने ।

## ● अनुमोदन हुँदा र नहुँदा के हुन्छ ?

एमसीसीअन्तर्गतको सहयोग विशुद्ध आर्थिक सहयोग भएको र नेपालको विद्युत् प्रसारणमा कोसेढुङ्गा हुने भएकाले यो सहयोग लिनु नै पर्दछ । नेपाल आफैँले अनुरोध गरेर छनोट गरेको परियोजनाका लागि आएको सहयोग परिचालनमा हामी नै बढी जिम्मेवार बन्नुपर्ने हुन्छ । यो सहयोग परिचालनका लागि संसदीय अनुमोदन आवश्यक भनी नेपाल सरकारले नै संसद्मा प्रस्तुत गरेको र अमेरिकी सरकारले पनि सोहीअनुसार अनुमोदनका लागि अनुरोध गरेको सन्दर्भमा अनुमोदन हुँदा र नहुँदाका प्रभाव यस प्रकार हेर्न सकिन्छ –

> सन् २००४ देखि एमसीसीले विकासशील र कम विकसित मुलुकलाई अनुदान सहयोग गर्न थालेको हो । यो विशुद्ध आर्थिक सहायता हो, सैन्य सहायता वा कुनै मुलुकको सार्वभौमिकता र स्वाधीनतामाथि हस्तक्षेप गरिने सहायता होइन । नेपालले गरेको सम्झौतामा पनि कुनै त्यस्ता प्रावधान वा सर्त रहेका छैनन् । अर्को महत्त्वपूर्ण कुरा यो सहायता अनुदान हो, ऋण होइन ।

### ● अनुमोदन हुँदाका प्रभाव

नेपालको ठूलो प्रसारण लाइन आयोजना समयमै सम्पन्न हुने, पाँचवटा सडक खण्डको अन्तर्राष्ट्रियस्तरको मर्मत सम्भार हुने र सोको सिकाइ अन्य सडक खण्डमा समेत लागू गर्न सकिन्छ । नेपालको इतिहासको सबैभन्दा ठूलो धनराशिको अनुदान सहायता परिचालन गर्न नेपाल सक्षम छ भन्ने सन्देश जानेछ । तोकिएकै समयभित्र आयोजना सम्पन्न गर्न नेपाल सक्षम छ भन्ने सन्देश मात्र जाने छैन, नेपाली प्राविधिक र प्रशासनको मनोबल बढ्ने र अन्य आयोजनासमेत समयमै सम्पन्न गर्न उत्प्रेरणा मिल्नेछ ।

यति ठूलो धनराशिको विदेशी सहायता पनि सरकारी बजेट प्रणालीभित्रबाट परिचालन हुन्छ भन्ने सन्देश गई अन्य दातृसंस्था वा मुलुकलाई समेत सरकारी बजेट प्रणालीभित्रबाट सहयोग परिचालन गर्न उत्प्रेरित गर्ने, संसद्बाट अनुमोदन भएपछि आयोजना कार्यान्वयनमा सबै राजनीतिक दलको अपनत्व र स्वामित्व कायम हुने अपेक्षा छ । देशमा उपलब्ध विद्युत् सहज तरिकाले प्रसारण र वितरण गर्न सकिने, औद्योगिक क्षेत्रका लागि सहज र सुलभ रूपमा विद्युत् उपलब्ध हुने र तिनको उत्पादन लागत कम हुन गई उत्पादित वस्तु र सेवा मूल्य प्रतिस्पर्धी हुनेछ ।

दातृ संस्था र मुलुकबीच नेपालको विश्वसनीयता कायम रही नेपाललाई हेर्ने दृष्टिकोण सकारात्मक रहने, प्रसारण लाइन निर्माण भएपछि प्राप्त हुने आयले अन्य प्रसारण लाइन निर्माणमा सकारात्मक प्रभाव पर्ने, विद्युत् उत्पादनमा निजी क्षेत्र थप उत्साहित बन्नेछ, नेपालमा खपत भई बचत रहन गएको विद्युत् निर्यात गर्न बाटो खुल्नेछ ।

### ● अनुमोदन नहुँदाका प्रभाव

नेपाल आफैँले छनोट गरेको आयोजनामा आफैँले अनुरोध गरी सम्झौता गरेको सहायता पनि लिन नसक्ने भई नेपालको विश्वसनीयतामा ह्रास आउने छ । अन्य आयोजनामा सहयोग गर्न अन्य दातृसंस्था र मुलुकसमेत सशङ्कित हुने, विश्व बैङ्क, एसियाली विकास बैङ्कलगायतका ठूला दातृसंस्था एवं युरोपियन इन्भेस्टमेन्ट बैङ्कजस्ता संस्थाहरूमा समेत अमेरिकाको प्रभाव रहेकाले अमेरिकाले यी संस्थाबाट उपलब्ध हुने सहयोगमा यो विषयलाई उठान गर्न सक्ने र विद्युत् उत्पादनको सम्भावना र क्षमता हुँदाहुँदै पनि नेपाल सोबाट प्रतिफल प्राप्त गर्न वञ्चित हुनेछ ।

### ● निष्कर्ष

कुनै पनि विकास आयोजना एमसीसी जति नै गिजोलिएको सायद छैन । यसको विषयवस्तुभन्दा पनि राष्ट्रवादी खोल ओडाइएका कारण यो समस्या परेको हो । सम्झौताका अन्तर्वस्तु र आयोजनाको विषयवस्तुभन्दा पनि राजनीतिक विषयले प्रधानता पाएको छ । यस सम्झौतालाई राष्ट्रियतासँग जोड्न खोजिएको छ, जबकि यो सहयोग नितान्त विकास आयोजनासँग सम्बन्धित छ । यसले गर्दा आयोजनाको भविष्य नै अन्योलमा परेको छ, जुन कदापि नेपालको हितमा छैन । यो सम्झौता शीघ्रातिशीघ्र अनुमोदन भएमा यसबाट सञ्चालन हुने आयोजना तत्काल सुरु हुने र पाँच वर्षमा सम्पन्न हुने बाटो खुल्छ । यसका लागि सबै जिम्मेवार बन्नुपर्ने र विकासका लागि कोही बाधक बन्न हुँदैन । ■

# चुनावी घोषणापत्रको समीक्षा



लक्की चौधरी

> मतदाताले घोषणापत्र अध्ययन गरेर आफूलाई मन परेको पार्टी र उम्मेदवार छान्नुपर्ने हो तर व्यवहारमा त्यस्तो हुन सकिरहेको छैन ।

सरकारले स्थानीय तह निर्वाचन २०७९ वैशाख ३० गतेका लागि तय गरेको छ । निर्वाचनको मिति तय भएसँगै जनतामाझ दलीय लिखित प्रतिबद्धता गर्न घोषणापत्र जारी गर्ने गरिएको छ । चुनावताका प्रतिबद्धता जनाउने र कार्यान्वयनमा ध्यान नदिने दलहरूको पुरानै कार्यशैली हो । घोषणापत्र केवल जनता झुक्याउने अस्त्र मात्र बन्दै गएको देखिन्छ । यसअघि २०७४ को निर्वाचनमा गरिएका दलीय चुनावी घोषणापत्र कति कार्यान्वयनमा आए, समीक्षा गर्ने बेला हो ।

चुनावको मुखमा दलहरूका घोषणापत्र आकर्षक र महत्त्वाकाङ्क्षी रूपमा आउँछन् । यसअघिको निर्वाचनमा गरिएका दलीय घोषणापत्र मुलुकको आर्थिक समृद्धिमा केन्द्रित देखियो । यो पाँचवर्षे अवधिमा आर्थिक समृद्धिको काम कति भए, कति बाँकी छ, जनतालाई जवाफ दिनुपर्छ राजनीतिक दलका नेताहरूले । फेरि त्यही एजेन्डा लिएर दलहरू जनताबीच जाने समय आइपुग्दै छ । दस वर्षमा देशको अर्थतन्त्रको आकार एक सय खर्ब पुऱ्याउने, पन्ध्र-बीस हजार मेघावाट बिजुली उत्पादन गर्ने, तीन वर्षभित्रै इन्धनबाट चल्ने सवारीसाधन विस्थापित गरी विद्युत्बाट चल्ने सवारीसाधन चलाउने, पाँच वर्षमा गरिबीमुक्त राष्ट्र बनाउने, लाखौँ नागरिकलाई रोजगारी दिने यावत् आकर्षक प्रतिबद्धता दलहरूले लिखित रूपमा यसअघि गरेका थिए । कति पूरा भए, भएनन् समीक्षा गर्नुपर्ने हुन्छ । बितेका यी पाँच वर्षमा गरिएका कामको फेहरिस्त नेताहरूले जनतालाई जानकारी गराउन सक्नुपर्छ ।

उसो त निर्वाचनमा मतदाताले उम्मेदवार छान्ने मापनको एउटा विधि घोषणापत्र हो भनिन्छ । दलको ती लिखित प्रतिबद्धताको आधारमै मतदाताले उम्मेदवारलाई भोट दिनुको विकल्प रहँदैन । कसैले उम्मेदवारको कार्यशैली र व्यक्तित्व देखेर भोट हाल्छन् । कसैले दलीय चुनावी घोषणापत्रका आधारमा भोट दिन्छन् । दलहरूले समग्र विकासको आर्थिक, राजनीतिक, कार्यदिशा र मार्गचित्र समेटेर घोषणापत्र तयार गर्ने गरेका छन् । विज्ञहरूको सहयोगमा तयार पारिने घोषणापत्र आकर्षक र लोभलाग्दा हुन्छन् तर घोषणापत्र सबै मतदातामाझ पुग्दैनन् । केवल आकर्षक नारा दूरदराजसम्म पुग्छन् । मतदाताले घोषणापत्र अध्ययन गरेर आफूलाई मन परेको पार्टी र उम्मेदवार छान्नुपर्ने हो तर व्यवहारमा त्यस्तो हुन सकिरहेको छैन ।

दलहरूबीच चुनावताका घोषणापत्र बनाउने होडबाजी चल्छ । कार्यान्वयनमा होडबाजी चल्दैन । घोषणापत्रमै एक दलले अर्को दलको उछितो काढ्ने काम धेरै गरिन्छ । ऊभन्दा म अब्बल, उसको दलभन्दा मेरो दल अब्बल साबित गर्ने कागजी प्रयास घोषणापत्रमा हुन्छ । अस्वस्थ प्रतिस्पर्धा भएको देखिन्छ । कार्यान्वयन नहुँदासम्म यो त फगत जनतालाई गुमराहमा राखेर आफूलाई जनताप्रति जिम्मेवार देखाउने प्रपञ्च मात्र हुन जान्छ । नेताहरू एकले अर्कालाई गाली गरेरै आफू लोकप्रिय बन्ने प्रयास धेरै गर्छन् । आफ्नो कमजोरीको समीक्षा गर्दैनन् । अरूको सानो कमजोरीलाई पहाड बनाउने प्रवृत्ति नेताहरूमा विद्यमान छ । जनतालाई आफ्ना योजना, मार्गचित्रका आधारमा आकर्षित गर्नमा तल्लीन हुन्छन् । उसै पनि दलले तय गर्ने उम्मेदवारमा धेरै कमजोरी छन् । मनी र मसल प्रदर्शन गर्नसक्ने उम्मेदवारलाई प्राथमिकतामा राखेको देखिन्छ । पैसा खर्च गर्न सक्ने उम्मेदवारले जित्छ भन्ने मानसिकताले दलभित्र घरजम गरेको देखिन्छ । अर्कोतिर नातागोता पोस्ने, राम्रोभन्दा हाम्रो उम्मेदवारलाई स्थान दिने प्रवृत्ति पनि छ । एउटा वडाध्यक्ष जित्नलाई करोडौँ रुपियाँ खर्च गर्न सक्ने उम्मेदवार हेर्ने गलत प्रवृत्ति छ । यो शैलीले चुनावी घोषणापत्रको महत्त्वलाई ओझेलमा पार्छ ।

उसो त चुनावी घोषणापत्रमा जनताको धेरै विश्वास देखिँदैन । चुनावताका गरिने प्रतिबद्धता भोटको आशक्तिले अघि सारिएका लोभलाग्दा नारा मात्र हुन् भन्ने कुरा जनताले बुझेका छन् तर चुनावी घोषणापत्र भनेको प्रतिबद्धतापत्र हो, त्यो कार्यान्वयनको चरणमा जानैपर्ने हुन्छ । चुनावी घोषणापत्रमा समेटिएका योजना, कार्यक्रमका आधारमा नेता र नेतृत्व चयन हुनसके मात्र देशको विकास सम्भव हुन्छ । २०७४ को निर्वाचनमा प्रमुख दलले जारी गरेको प्रतिबद्धतालाई हेर्दा राम्रा प्रतिबद्धता देखिन्छन् तर त्यसको कार्यान्वयन पक्ष फितलो छ ।

तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले चुनावी गठबन्धन गरेर संयुक्त घोषणापत्र जारी गरेका थिए । ती घोषणापत्रमा उल्लेख गरिएका बुँदा हेर्दा लोभलाग्दा छन् तर कार्यान्वयन पक्ष एकदम कमजोर रह्यो । घोषणापत्रका एउटा बुँदामा राष्ट्रको मुख्य कार्यभार तीव्र आर्थिक विकास र सामाजिक न्यायसहितको उच्चस्तरको समृद्धि भएकाले तदनुरूप कार्यक्रम, मूल कार्यनीति र कार्ययोजना निर्माण गरिनेछ । यसको लक्ष्य सामाजिक न्यायसहितको सुसंस्कृत र समृद्ध समाजवाद हुनेछ । सामन्तवादका अवशेषलाई समाप्त पारिनेछ । राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्दै आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरिनेछ । सार्वजनिक क्षेत्रसँगै निजी क्षेत्रलाई पनि उत्तिकै महत्त्वका साथ विकास गरिनेछ । अर्थतन्त्रमा स्वस्थ प्रतिस्पर्धा स्थापित गरिनेछ, उल्लेख थियो ।

अर्को बुँदामा मजदुर, किसान, श्रमजीवी, शोषितपीडित, गरिब जनताको हितका पक्षमा व्यवस्थित कार्ययोजना सञ्चालन गरिनेछ । महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम र सबै उत्पीडित जाति र पिछडिएका क्षेत्रका जनताको हक, हित, पहिचान र स्वाभिमानको पक्षमा हाम्रा काम निर्देशित हुनेछन् । सबै वर्ग, तह र समुदायका जनतालाई समान रूपमा अधिकारसम्पन्न बनाई राष्ट्रिय एकता सुदृढ पारिनेछ, उल्लेख भएको देखिन्छ ।

सोहीअनुसार अर्को बुँदा हेर्दा आगामी पाँच वर्षमा सबै उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र र सडकमा चौबिसै घन्टा पर्याप्त विद्युत् उपलब्ध गराइनेछ । उत्पादन, भण्डारण, वितरण, पारिवारिक चुलो, होटल, रेस्टुरेन्टहरूमा विद्युत् ऊर्जा प्रयोग गरिनेछ । आगामी तीन वर्षमा काठमाडौँ उपत्यकाभित्र विद्युतीय सवारीसाधन मात्र उपयोग गर्ने कार्ययोजना लागू गरिनेछ । अझै पनि बिजुलीबाट वञ्चित घरपरिवारमा दुई वर्षभित्र विद्युत् उपलब्ध गराइनेछ । आगामी १० वर्षमा जल, जैविक, सौर्य, वायु, फोहोर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट २० हजार मेगावाट विद्युत् उत्पादन गरिनेछ भनेर प्रतिबद्धता गरिएको थियो ।

सोहीअनुसार अहिले सरकारको नेतृत्व गरेको दल नेपाली काँग्रेसको चुनावी घोषणापत्रको एक बुँदामा उच्च र फराकिलो आर्थिक वृद्धिको महत्त्वाकाङ्क्षी राष्ट्रिय अभियानको नेतृत्व गर्दै काँग्रेसले आगामी पाँच वर्षभित्र नेपाली अर्थतन्त्रको आकार (प्रचलित मूल्यमा) रु. ५० खर्ब र प्रतिव्यक्ति औसत वार्षिक आय एक लाख पचास हजारभन्दा बढी हुने गरी अर्थतन्त्रलाई गतिशील बनाउने उल्लेख थियो ।

अर्को बुँदामा आगामी दस वर्षभित्र नेपाललाई एउटा सम्मानजनक मध्यम आय भएको गतिशील राष्ट्र बनाउने सङ्कल्पका साथ काँग्रेस क्रियाशील रहनेछ । यसका लागि प्रचलित मूल्यमा अर्थतन्त्रको आकार आजको भन्दा चार गुणा ठूलो बनाउनुपर्ने छ । कम्तीमा पनि एक दशकसम्म वार्षिक सातदेखि १० प्रतिशतसम्मको आर्थिक वृद्धिदर निरन्तर हासिल गर्दै हरेक वर्ष तीनदेखि पाँच लाख रोजगारीको अवसर सिर्जना गर्न काँग्रेस प्रतिबद्ध छ भन्ने देखिन्छ ।

अर्को बुँदामा आगामी पाँच वर्षभित्रमा नेपालाई मासु, माछा, दुग्धपदार्थ, फलफूल, मह, स्याउ, चिया, कफी, अदुवा र तरकारीको खुद निर्यातकर्ता मुलुकका रूपमा उभ्याइनेछ । कृषि उत्पादनको निर्यात प्रवर्द्धन गर्न गुणस्तर प्रमाणीकरणका लागि काठमाडौँ, विराटनगर, वीरगञ्ज, भैरवा र नेपालगञ्जमा अत्याधुनिक प्रयोगशाला स्थापना गरिनेछ, उल्लेख थियो । माथिको यी प्रतिबद्धता कति पूरा भए भन्ने कुरा नागरिकलाई राम्रो जानकारी छ । यस पाँचवर्षे अवधिमा बाम गठबन्धनको सरकार पनि बन्यो । अहिले काँग्रेस नेतृत्वको सरकार छ तर घोषणापत्रमा गरिएका ती प्रतिबद्धता पूरा हुन सकेको छैन । आगामी निर्वाचनमा जानुअघि पाँच वर्षअघि जनताका सामुन्ने गरिएका माथिका यी वाचाबारे दलका नेताहरू गम्भीर समीक्षा गर्न सक्नुपर्छ । ■



# ‘दोलखा’को नामाकरण थाङ्मी खामङिनि



■ **रमेश थामी (छड्के सलाम)**

हरेक खामङि नामे नासिदु हरेक ठाइको नामेए दिगोरे जिवित पुर्तुङ्गा चाबुहुले नाहुदु थादु। कुन्दुओइ ठाइको नामए तो स्याङको पुर्तुङ्गा, घटना, राजनैतिक घटना, साँस्कृतिक पक्छे, कथा विसेस, भुगोल विसेस, थो विसेसको अवस्थला, आकार आदिकाइ प्रत्यक्छे वा अप्रत्यक्छे रुपते चिखेतुले नाहुदु थादु।

ठाइको नामेङि निए कुन्दुओइ डाति वा कुन्दुओइ खामको पुर्तुङ्गा, राजनैतिक अवस्थला, साँस्कृतिक पक्छे, तो ठाइको भौगोलिक अवस्थला, आकार वा तोङा इखालाम्दु थोपालको सुचिते विविध पक्छेको वर्णन-व्याख्या लोङ्सा थाङ्वादु त्याङ जानकारि काइसा ओइ थाङ्वादु। ठाइको नामेको अध्ययनङि खामको व्याकरणिक ‘खामदोइकाको’ संरचनाको ओइ जानकारि ओइ काइसा थाङ्वादु।

ठाइको नामेको महत्वपुर्ण पक्छे ङासिदु कुन्दुओइ स्याङको कालखण्ड वा पुर्तुङ्गाकाइ उजागार लोङ्सा ओइ थादु। जस्तै थाङ्मिको पालोखेपालिङा सिमाङ्घाट, कुमाङ्घाट, नर्कटेघाट, पान्थार शोङको प्रसङ्ग आहे मात्राङा केल्दु। तुन्यागरि नाइ थानकोट, नारानथान, ठिमिराङ्डे, भाटे ढिकुरो, साङा आदिको नामेओइ त्यै प्रसङ्गङा जोम्सिताले केल्दु। काओनि ठाइको नामेपालिए थाङ्मिपालि कुन्दु स्याङङा तो ठाइङा होयोङ्थ्यो, वा कुताले तोङा याते होयोङान, तोबाङको आन्तारेङङा कुन्दुओनि घटना घटैयान, ओनिको ठोस खामपालिको ऐतिहाँसिक घटनापालि ङा प्रमाणपालिकाइ उजागार लोङुदु।

जोर्डन इगल (२०१७) ए यासिदु, ‘रैथाने खामङा नासिदु ठाइको नामेए सिबेकालेङि होचा रायोङ्दु मिपालिको कथा चाबुहुले नाहुदु थादु। मौलिक ठाइको नामेए तोबाङकाइ गौरबवान्दित बे लोङुले नाहुदु थादु नाइ, का नामानामा काको पुनर्स्थापनाए खामकाइखेना चिमोहुले नाहुदु।’ ठाइको नामेकाइ सँन् १८७६ ङा अक्सफोर्ड अङ्ग्रेजि पिलयोरिए ‘टोपोनिमि’ को रुपते ठाइको नामेकाइ ठाइ पिको दुम्ते लिबि गुरि का खामए व्यापकता खालाम्सा थालाइसिन। तोभुन्दा हाबि सिमित रुपते जुकुन ठाइको नामेको प्रयोग ङा सन्दर्भपालि केल्थ्यो।

विशेस लोङ्ते कवि-साहित्यकारपालिए बानेलादु ठाइको वर्णन लोङ्सा क्रमते जुकुन ठाइको नामे प्रसङ्गवस केल्थ्यो (डा. तारामणि राइ, स्थाननामको भाष्य, नयाँ पत्रिका, २२ कार्तिक २०७७)। गाइ काङा ठाइको नामेको सैदान्तिक पक्छेकाइ भुन्दाओइ थाङ्मि खामङि विभिन्न ठाइको नामेपालि कुनि याथाहान वा यानासिन ङासिदु प्रायोगिक पक्छेकाइ उछिगाते व्यख्या विस्लेसन लोङ्सा कोसिस यासिङादु।

थाङ्मि खामङि ठाइको नामे हारा आधारते नायोङ्नो ? कुन्दुनि खालको पिलको संरचना थादु थ्यो ? तोए तो ठाइकाइ कुनि प्रतिनिधित्व लोङुथ्यो/लोङुदु ङासिदु सवालपालिकाइ उछिगाते योवादु। नामानामा हारा, नालेको दोलखा जिल्लाको नामे थाङ्मि खामङि नाइ नासिदु थादु त्याङ? का खामकाइ निए कुटिवादु।

हानि स्याङङा निए निको खामङि नामे नासिदु वा नामे याहोदु ठाइको नामेको चे ? लोङ्वाले माना। तोको महत्व गोवाले नामा। तोको सुचिते निकाइ लागाइसा थाङिदु, का बे बेगालेको नाइ खामङि नासिदु नामे थादु तर तो नामेए सिङ्गो जिल्ला, राड्डे वा महादेसकाइ नाइ प्रतिनिधित्व लोङुले नाहुदु थादु। जस्तो ‘नेपाल’ ङासिदु नामेए कुन्दुओइ स्याङङा काठमाण्डौँ उपत्यकाकाइ जुकुन जनैथ्यो। तर राजनैतिक घटना-परिघटनाको बद्लावनामानामा तोए याङ सिङ्गो राड्डेकाइ नाइ प्रतिनिधित्व लोङ्चा राहुले नाहुदु। तैओइ निकाइ तो ठाइको नामे बेगाले नाइ खामको थादु थाङुन ङाते चालिसिइदु। त्याङ बिभिन्न वाखे-मावाखे यासिसाते नि अग्रसर थाइदु तर तो ठाइङा होयोङ्दु डाति-मेजाको खामङि ठाइको नामे नासा परम्पराकाइ चे ? मालोङ।

इन्याङगरि नाइ निए नेपालको राजधानि काठ्माण्डौँङि गोकाइलङ्का-हरेलङ्काबासा पाराइदु दोलखा जिल्लाको नामे दोलखा कुनि यानासिन ङासिदु सन्तर्भते उछिगा छावालमेवाल तथा बिचार-विमर्ष यासिको।

निकाइ नाल्लेका निथेको किपडभुमि दोलखाको नामे कुन्दु खामङि यानासिन ङअसिदु खामको जानकारि नाइ माहो। अथवा ङाको निए तो सम्बन्धि जानकारि नासा प्रयास नाइ मायासिइन। त्यैथादुए दोलखा ङासिदु, खास्या बाम्णिको खामको नामे थाङुन, अथवा रोइमि खामको नामे थाङुन वा बेगाले कुन्दुओइ खामको नामे थाङुन ङाते चालिसिइले होकिदु थादु। तर थाङ्मि खामङि ठाइको नामे नासा प्रचलनकाइ योवानन्या का थाङ्मि खामङि नासिदु नामे थादु। काको सुचिते हाराओइ योको।

निकाइ था निकिदु नामे निथेको लागि माथाताले बेगालेए उरोइदु बेरेङ सजिलो एथा ङाते कुन्दुओइ मि, ठाइ वा थोको नामे नावादु वा नाइदु त्याङ चिउरौसिइदु। जस्तै थाङ्मिपालिकाइ तिब्बति व्यापारिपालिए ‘मथाहमि’ ङाते ङायोङ्दुका ङायोङ्दुका कालान्तारङा तो नामेङि नाइ नालेको थाङ्मिपालिकाइ थाङ्मि ङाते याचिङोसाइसिन्। तिब्बति खामते ‘मथाहमि’ को पुर्तुङ्गा ‘साँधिको मि’ थादु। का पिलकाइ उच्चारण लोङ्सिदु बेरेङ हाबिबासाको ‘म’ साइलेन्ट यादु त्याङ आन्तारेङको ‘ह’ ‘ङ’ ते परिणत याथादुए गर्दा ‘मथाहमि’ को पुर्तुङ्गा थाङ्मि याथादु (मार्क टुरिन, २००६)।

थाङ्मि खामते ठाइको नामेकाइ कुनि नामे नासिदु ङाते योवादु बेरेङ, कुन्दुओइ ठाइङा हारा थो आहे भुन्दा आहे इखालाम्दु वा कुन्दु खामको पँहुच तोङा आहे होदु वा तो बस्तुको आकार कुन्दुनिको निदु, तोङा साक्खालेङि हाबि सु होथ्यो, वा सुए हारा थो प्रयोगते केलुले नाहुथ्यो, त्यै खामको आधारते तो ठाइको नामे नासा चलन होदु। का दिगोरे थाङ्मि खामको वा थाङ्मि व्यकरणको पक्छेओइ थादु।

जस्तो कि कालिञ्चोक गा.पा.-२, बाबरेङा कुसाहातिङि मड्केनो थाते डुम्फा हेन्सा उलामको आन्तारेङङा दिगोरे शोङ ‘णोङ्पा शोङ’ होदु। तो शोङङा नाले ओइ दिगोरे जेखा पोटोङ होदु त्याङ तो पोटोङङा सँधै आटित दिसिदु वा होदु। त्याङ कालान्तारङा थाङ्मिपालिए तो पो पोटोङको नामे नाइ ‘आटित पोटोङ’ नायोङ्नो। त्याङ कुन्दुओइ ठाइङा कापा इखालामानन्या तो ठाइको नामे नाइ कापाराङ।

आर्का इखालाम्दु ठाइको नामे आर्कापोले, वास इखालाम्दु ठाइको नामे चागु, बुमाङपालि होदु आपोको नामे बुमाङआपो, बुरुसिङ इखालाम्दु ठाइको नामे ‘बुरुसिङथालि’, नुर्बुए खेमुदु दारेको नामे ‘नुर्बु दारे’, गर्धन्या नामेको मिए पाङ्कु च्यादु दारेको नामे ‘गर्धन्या दारे’ ढेणुनि नामेको चामाइचाको राङको नामे ‘ढेणुनिको पाखा’, सँधै लापिन ताते मि उरौसा ठाइको नामे ‘लापिलाङ’, भुसुना होदु आपोको नामे ‘भुसापो’ यान्तेओनि थादु। णिङको नामे ‘यान्तेणिङ’, टुटुम पाराइदु णिङको नामे ‘टुटुम णिङ वा चुछुलि णिङ’, दामा ‘बदाम’ इखालाम्दु वा ण्णेसिदु राङको नामे ‘दामाराङ’, टानि ‘कोइराला’ इखालाम्दु वाराको नामे ‘टानिवारा’, राङ नाइ राङ थादु ठाइको नामे ‘राङ्राङथालि’ आदि। काङा ‘राङ्राङथालि’ को सवालङा दिगोरे महत्वपुर्ण पक्छे हारा होदु भुन्देखिनकाइ, थाङ्मिपालिको पालाखेअनुसार सोनारि आजि ङा यापति छुकु त्यत्रो साङाङि तामाकोसि थाते दोल्ति शोङको जोरतेका वाङ्लेत्योङ्दुका हारा कुताओइ हो ?

सा लायकको ठाइ माखालाम्योङ्नो थाङुन रा ? हारा तोबाङको लागि कुताओइ उपयुक्त ठाइ माहोथ्यो थाङुन रा ? हाराकाइ त्यै सुस्पाको राङ्राङथालिङा याते होसा पारायान् ? छ्यात नाइ काको दिगोरे महत्वपुर्ण कारण होदु। तो कारण गुरि त्यै राङ्राङथालि ङासिदु पिलए चाबुहुले नाहुदु। थाङ्मि खामते मैदान वा सम्मा राङकाइ ‘थालि’ यासियोङ्दु। जस्तै खोल्माथालि, बोकोलथालि, चाथालि आदि। त्याङ तो ‘थालि’ ङासिदु पिल तो ठाइङा हारा थो इखालाम्दु, त्यै थोको नामेते प्रत्ययको रुपते जोम्सिताले केल्दु। जस्तै खोल्मे इखालाम्दु थालिकाइ खोल्माथालि, बङ्सेट इखालाम्दु थालिकाइ बङ्सेटथालि आदि।

एवं रितए राङ्राङथालिङा तो स्याङङा राङ नाइ राङ थाको माइदु। तो राङपालि उछिन्चा फराकिलो वा थालि आकारको थाको माइदु। खेति लोङ्सा योग्यको थाको माइदु। तोए गर्दा तो निसका उमालावा तोङा रोकाइसिसा सफल थायोङान वा तोङा हो ? सा उचित आलियोङान। हाराकाइभुन्या राङ्राङथालि पिलकाइ बिग्रह लोङ्ते योवादु बेरेङ ँराङ+राङ+थालि थादु, यानिकि ँथालि राङपालि ङाते इगोदु।

का दिगोरे कम्पाउन्डिङ नामे थादु। थाङ्मि खामते दिग्गोरे नामे वा विसेशण दोहोर्याइसिताले खेम्सिदु कम्पाउन्डिङ नामेए बहुबचन जनैदु। त्यैथाताले राङ्राङथालिको पुर्तुङ्गा तोङा आहे थालि नाइ थालि थादु राङपालि होथ्यो ङाते इगोदु। त्यैथाताले यापति छुकु ङा सोनारि आजि तो ठाइङा हो ? सा थाङ्योङ्नो। इन्याङगरि तो ठाइको विसेसताअनुसार नामे नासिदु इगोदु।

थाङ्मि खामते कुन्दुओइ ठाइको नामे नासा बेगाले चलन ङासिदु राजनैतिक घटना ओइ दिगोरे प्रमुख कारण थादु। जस्तै दोलखाको कालिन्चोक गाउँपालिका वडा-२, बाबरेङा पाराइदु ‘चाइबाटा’ को उछिगा बिस्लेसन लोङ्को।

चाइबाटाः चाइबाटा नामे कुनि यानासिन त्याङ ? योको उछिगाते, पृथ्वि नारायन साहए नेपालको भुगोलकाइ एकिकरण लोङ्चा वानुदु बेरेङ थाङ्मि राड्डेपालिङा ओइ वाङ्लेतान। तो स्याङङा थाङ्मि देसैपालिङा देसैधनै वा देसै राड्डे होथ्यो। त्यै सिलसिलाङा पृथ्वि नारायण साहको तिलङ्गापालिए बिभिन्न ठाइको धनैपालिकाइ सात-सात्ते राड्डे अधिकरण लोङ्चा वान्योङ्दु बेरेङ नालेको बाबरेङा पाराइदु बोकोलथालि यासियोङ्दु ठाइङा वाङ्लेत्योङान।

तोङा ँपतरङ्गि नामेको थाङ्मि धनैए राड्डे लोङुले नाहुथ्यो। त्याङ तोए पृथ्वि नारायण साहको तिलङ्गापालि वाङ्ले होयोङ्दु ङाते साइको दुम्ते लिबि तोए उस्ते चिमोसिसाको लागि हिटिको दुङ्कुटिङा ओङ्गाणे फात्तोले तो ओङ्गाणेङा बिस्यान त्याङ ह्याबासाङि गुरि ताँबोको जेखा खड्कौलाए चिकोङ्सिन। त्याङ ह्याबासाङि गुरि जस्ताको तस्तै थासा गरि चिथिल्तोले शुर्लसिताले होकान। लिबि तिलङ्गापालिए दाङ्योङ्दु बेरेङ कुताओइ माखालाम्योङ्नो।

त्याङ कुटनैतिक तरिकाए दिका लठेप्राकाइ काङाको धनै खोइ ङाते आयुत्योङ्नो। त्याङ तो लठेप्राए काङा होदु ङाते चिखेत्ङा लिबि तिलङ्गापालिए पाङ्सोठाए ग्वाप-ग्वापति शुयोङ्दु बेरेङ दुङ्ङा बे ताँबोको बाणि पो स्यादु। त्याङ फात्योङ्तोले धनैकाइ चिलेत्ते सात्सा सोयोङ्दु बेरेङ धनैए यासिन, छोन्चा, छोन्चा, गाइकाइ मासात्निङ, गे निङकाइ डुडु पिनिङादु, त्याङ सात्निङ।’

ङा-ङाते थाङ्मि खामते इन्याङगरि भासे पिहुदु सो ङा, ‘नाटे पोङ्ते एसिने, कान्टु पोङ्ते एसिने, आइडोरे थाते एसिने, चाइडोरे थाते एसिने, निङको सन्तान एमाफेला, थानको थान एथाने।’ ङाहुले नाहुदु थ्यो ङा, इन्या खाम नासायोङ्दु बेरेङ बे डुडुको साटो भासे पो पिहुले नाहुदु सो ङा, तोए गर्दा हतार हतार पाङ्सोठाए शुयोङ्तोले सात्योङ्नो।

त्याङ भासे पिहुदु रागेए चाइ गुरि ‘बाटा’ ङा फायोङ्नो ङा। यै कारणए तो ठाइको नामे ‘चाइबाटा’ याथाहान ङाते थाङ्मि सर्सिनिदु मिपालिए यासियोङ्दु (स्रोत व्यक्तिः पहलमान थामि ‘कान्छा जिम्माल’)। इन्याङ गरि नाइ लापिलाङको ‘बुइतोर्दु’, ‘जोगिभिर’ ओनि नामेपालि ओइ राजनैतिक घटनाको आधारते यानासिदु खाम पुर्तुङ्गाए गुवा पिइदु।

थाङ्मि खामते कुन्दु ओइ ठाइको नामे नासा बेगाले रोचक परम्परा ङासिदु साँस्कृतिक/धार्मिक पक्छे ओइ दिगोरे थादु। जस्तो कि थाङ्मिपालिए कुन्दुओइ डन्डिते भुम्या पुडायोङ्नोन्या, चिर्कुन देवा लोङ्योङ्नोन्या, छिमा पुजा लोङ्योङ्नोन्या तो ठाइको नामे नाइ भुम्याडन्डि, चिर्कुनथानि, छिमाथान आदि नासा परम्परा होदु। नामानामा कुन्दुओइ विसेस मि वा घटनाको नामेते ओइ कुन्दुओइ ठाइको नाम नासा चलन होदु। जस्तैः ‘ठातिदोल, शार्बाराङ, दमैबाराङ, आलाम फुकु, नुर्बु दारे’ आदि।

का.जि.का.म.न.पा. नं. १२ बस्ने रोशनी शाक्यको नि.द.नं. १८५४ मिति २०७८।०७।२९को निवेदन सिलसिलामा उल्लेखित जग्गा मेरो पति पदम बहादुर वाडा नाउँमा नाप नक्सा भई दर्ता बाँकी रहेको जग्गा मेरा नाउँमा छुट जग्गा दर्ता, ना.सा. हा.सा., गरिपाउँ भनी माग गरेकोले तपसिलमा उल्लेखित जग्गा सरकारी, सार्वजनिक, पर्ती, ऐलानी प्रकृतिको भए वा अन्य कसैको हकदाबी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सप्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा नियमानुसार भइजाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| | गा.वि.स. | वडा नं. | सिट नं. | कि.नं. | क्षे.फ. | मोही | फि.बु.को कैफियत |
|---|---|---|---|---|---|---|---|
| साबिक | डाँडापौवा | ५ | ख | ५८, ६० | ०–७–२–०<br>०–१४–०–० | मोदनाथ खनाल का.ई. टौफिकल | यो जग्गा का.ई. जैसी देवल बस्ने पदम बहादुर वाडाको हो मैले जोती खाई आएको छु। |
| हाल | नागार्जुन | ६ | १०२–१०६१–११ | २४९३, २६८३, २६११, २६१२, २६९२, २६९३, समेत | २६८०, २६७९, २६७८, २६८१, २६२६, २४९३ | | |

## बर्गिकृत डिस्प्ले
### बीमालेख हरायो

मिति २०७८ पुस २८ गते दैलेख जिल्ला आठबीस न.पा.को असाराघाट बजारमा रहेको पसल सार्ने क्रममा निम्न विवरणको एलआइसी (नेपाल) को बीमा लेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी वा फोन नं. ९८६७९५६७२८ मा खबर गरिदिनुहोला।

**बीमा लेख नं.** : १०००६३७३३
**नामथर**: प्रसादसिंह बुढा
**ठेगाना**: तुर्माखाँद गा.पा–३ भैरवस्थान, अछाम

Government of Bagamati Province
Ministry of Forests and Environment
## FOREST DIRECTORATE
Hetauda, Nepal
First Date of Publication : 2078/11/06 (18th February, 2022)

### Invitation for Bids
for the purchase of following goods:

| Project Title (Goods) | IFB No./Bid No. | Cost of Bid Documents Fee (Non Refundable) | Bid Security Amount | Average Annual turnover of last three years | Bid Documents available till date | Last Date and time of Bid Submission | Date and time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| The Supply of Water Pump with Water Tank and Pyro-gun -5 Unit | FD/BP/NCB/GOODS/04/2078/079 | NRs. 3,000.00 (Nepalese Rupees Three Thousand Only) | NRs. 1,65,000.00 (Nepalese Rupees One Lakh Sixty Five Thousand Only) | NRs. 1,00,00,000.00 (Nepalese Rupees One Karod Only) | 2078/12/06 (*20th March, 2022*) at Office Hour | 2078/12/07 (*21st March, 2022*) before or at 12:00 hrs. | 2078/12/07 (*21st March, 2022*) at 14:00 hrs |
| Bank A/C No. | 1. **For Bid Security Amount** Account No.: ***1300100202030000***, Account Name: ***Pradesh Lekha Niyantrak Karyalay***, Dharauti Khata at ***Rastriya Banijya Bank Ltd., Hetauda Branch***, Name of Office: ***Ban Nirdeshanalaya***, Office Code no.:***3070232013*** 2. **Bid Document Fee** Name of the Bank: ***Rastriya Banijya Bank, Hetauda*** Name of Office: ***Ban Nirdeshanalaya*** Office Code no. : ***3070232013*** Office Account no.: ***1000200010000*** Rajaswa (revenue) Shirshak no.: ***14229*** | | | | | | |

**Note:** (1) Bids should be submitted and shall be opened at the office of Forest Directorate, Hetauda, Makawanpur.
(2) Tender document and further details can be obtained from the office of Forest Directorate, Bagamati Province, Hetauda, Makawanpur **Contact Tel. No. 057-520395**

## भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

भ.पु.जि. भ.न.पा. १२ हाल ४ बस्ने राम कृष्ण लोहला, विश्वराम खाइतु, पूर्ण भक्त सिंख्वाल, भक्त लाल ख्याजु समेत ४ ले भक्तपुर जिल्ला सिपाडोल गा.वि.स. वडा नं. १ ख कि.नं. २७५ क्षे.फ. ०–१०–०–० कित्ता जग्गाका निजी गुठीका गुठीयार दर्तावालाहरू इन्द्र प्रसाद जोन्छे, गणेश लाल ख्याजु, कुमार खाइतु र हिरा बहादुर सिंख्वाल समेत ४ जनाको क्रमशः मिति २०६७।०३।०४, २०५८।०८।११, २०७३।११।२६ र २०६८।१२।१० गते आ–आफ्नो कालगतिले परलोक हुनु भई निजहरूको नाम खारेज गरी निवेदकहरू जना ४ को नाउँमा संयुक्त नामसारी गर्न मिति २०७७।१२।११ गतेको निजी गुठी निर्णय अनुसार ना.सा. गारी पाउँ भनी माग निवेदन गरेकोले निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम ना.सा. हुनुनपर्ने कुनै मनासिब कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

गोवरधन सुवाल र निजकी एकमात्र श्रीमती टुनानी क्रमशः १९९० र २००१ मा मृत्यु भई निज मृतकहरूका एकमात्र छोरा काजीलाल र निजकी एकमात्र श्रीमती वेटीमाया क्रमशः २०३२ र २०४९/९/१० मा मृत्यु भई निज मृतकहरूका एकमात्र छोरा भ.पु.जि. भ.न.पा. वडा नं. ४ को हाल १० बस्ने धन भाजु सुवालले निज बाजे स्व. गोवरधन सुवालको नाममा दर्ता भएको भ.पु.जि. वागेश्वरी वडा नं. २/ङ कि.नं. ७ को क्षे.फ. ०–३–३–० कित्ता जग्गा ना.सा. गरिपाउँ भनी माग निवेदन गरेकोमा, स्रेस्तामा तीन पुस्ता नखुलेको, गोवरधन र गोवरधुन एकै व्यक्ति हो भनी भ.पु.जि. भ.न.पा. १० वडा कार्यालयबाट सिफारिस समेत भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम ना.सा. हुनुनपर्ने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।



# जग्गा नापजाँचको काम हुने

■ बुटवल समाचारदाता

बुटवल, फागुन ५ गते। बुटवल उपमहानगरपालिका र राष्ट्रिय भूमि आयोगबीचमा कार्यसम्झौता भएपछि अब जग्गा नापजाँचको रोकिएको काम फेरि सुरु हुने भएको छ।

अघिल्लो सरकारले गठन गरेको भूमिसम्बन्धी समस्या समाधान आयोग खारेज गरिएपछि यहाँ भूमि समस्या समाधानका काम पनि रोकिएको थियो।

वर्तमान सरकारले नयाँ राष्ट्रिय भूमि आयोग गठन गरेपछि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न बुटवल उपमहानगरपालिकाले तदारुकता देखाएको छ।

उपमहानगरका उपप्रमुख गुमादेवी आचार्य र प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती आयोगको काठमाडौँस्थित कार्यालयमै पुगेर कार्यसम्झौता गर्नुभएको छ। बुटवल उपमहानगरले यसअघि नै कार्यपालिका सदस्य रामचन्द्र क्षेत्रीको संयोजकत्वमा विज्ञहरू सम्मिलित कार्यदल बनाएर भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र



राष्ट्रिय भूमि आयोगसँग कार्यसम्झौता गर्दै बुटवल उपमहानगर उपप्रमुख गुमादेवी आचार्य।

अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरेको थियो।

आयोगको लगतमा करिब १६ हजार जनाको फाराम दर्ता भइसकेको छ। काम सकिएर पुर्जा वितरणको काम सुरु हुनै लाग्दा आयोग विघटन भएपछि काम प्रभावित भएको थियो।

अब नयाँ आयोगसँग सम्झौता भएपछि काम फेरि अगाडि बढेको उपमहानगर उपप्रमुख गुमादेवी आचार्यले बताउनुभयो।

उपमहानगरले सयौँ 'कन्ट्रोल प्वाइन्ट' बनाउँदै नापजाँचका काम अगाडि बढाएको थियो। तिनाउ–दानव कोरिडोर क्षेत्रमा रहेको जग्गा पुनः नापजाँचसमेत सकेको छ। बुटवलले समस्या समाधानका लागि यस क्षेत्रमै पहिलो पटक भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका लागि प्रमाणीकरण भएकाको निस्सा वितरणको तयारी भइरहेको प्रमुख शिवराज सुवेदीले बताउनुभयो।

यसैगरी रुपन्देहीकै सैनामैना नगरपालिकाले समेत राष्ट्रिय भूमि आयोगसँग कार्यसम्झौता गर्दै काम अघि बढाउने भएको छ। नगरप्रमुख चित्रबहादुर कार्कीले यसअघिको सरकारले सुरु गरेको कामलाई निरन्तरता दिँदै जग्गा नापनक्साको काम सुरु हुने बताउनुभयो।

## आमाको हत्या आरोपमा छोरा थुनामा

■ तानसेन समाचारदाता

पाल्पा, फागुन ५ गते। जिल्ला अदालत पाल्पाले एक महिलाको हत्यामा संलग्न रहेका तानसेनका चार जनालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ। तानसेन–६, कुनसरेकी ६५ वर्षीया सरस्वती घर्ती मगरको हत्यामा संलग्न चार जना पुरुषलाई पाल्पा जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको हो।

हत्यामा संलग्न सरस्वतीका छोरा तानसेन–६ बस्ने ४२ वर्षका कमलबहादुर घर्ती पुर्पक्षका लागि थुनामा राख्न अदालतले आदेश दिएको हो। यस्तै तानसेन–७ का ३१ वर्षका विजय परियार रिब्दीकोट–४ घर भई तानसेन–६ बस्ने २३ वर्षका हरि सुनार र बगनासकाली–६ घर भई हाल तानसेन–६ बस्ने २७ वर्षका सुनील परियारलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश गरेको हो।

गत पुस २३ गते सरस्वती घर्ती घर नजिकैको जङ्गलमा मृत भेटिनुभएको थियो। अनुसन्धानपश्चात् चार जना मिलेर उहाँको हत्या गरेको पुष्टि भएको थियो। धारिलो हतियार प्रयोग गरेर घर्तीको हत्या गरेर पालैपालो बोकेर जङ्गलमा शव फालेको अनुसन्धाबाट खुलेको छ।

# सडक निर्माण ढिलो भएपछि विरोध



चक्काजाम गरेपछि अलपत्र सवारीसाधन। तस्बिर : सिराज खान/नेपालगञ्ज

■ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, फागुन ५ गते। बाँकेको खजुरा बजारमा निर्माणाधीन फोरलेन सडक लामो समयसम्म नबन्दा आक्रोशित स्थानीयवासी प्रदर्शनमा उत्रिएका छन्।

बजार क्षेत्रको निर्माणाधीन १८ सय मिटर बाटो चार वर्षसम्म पनि कालोपत्रे नगरेपछि बिहीबार स्थानीयवासीले बिहानैदेखि नेपालगञ्ज गुलरिया राजमार्ग अवरुद्ध गरेर विरोध प्रदर्शनमा उत्रिएका हुन्। प्रदर्शनका कारण राजमार्गमा चल्ने सयौँ सवारीसाधन दुवैतर्फ रोकिएका थिए।

पटक–पटक सडक निर्माणका कामलाई सक्न ताकेता गरे पनि निर्माण कम्पनीले काम अलपत्र छाड्दा चक्काजाम गर्न बाध्य बनेको स्थानीय सतीश निरौलाले बताउनुभयो। उहाँले सडक निर्माणको काम अलपत्र हुँदा दिनहुँ सडक दुर्घटना हुने गरेको र धुलोबाट स्थानीयवासी बिरामी पर्न थालेको बताउनुभयो।

निर्माण कम्पनीले सडक निर्माणको कामलाई चार वर्षदेखि पूरा नगरेकोले दुर्घटना र धुलोका कारण स्वास्थ्य र व्यवसायमा समेत व्यापक असर गरेको स्थानीय दुर्गा खड्काले गुनासो गर्नुभयो।

सडकमा चक्काजाम गरेपछि स्थानीय युवाले खजुरा गाउँपालिकाको कार्यालयमा ध्यानाकर्षण गराउन पुगेका थिए। खजुरा गाउँपालिकाका उपाध्यक्ष एकमाया विकले निर्माण कम्पनीलाई स्थानीयवासीको विरोधबारे जानकारी गराएको र दुई दिनभित्र सडकको काम सुरु गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँको प्रतिबद्धतापछि अवरुद्ध सडक नियमित भएको स्थानीय अगुवा निरज भट्टले बताउनुभयो।

सडक निर्माणको जिम्मा लिएको गजुरमुखी कन्स्ट्रक्सनले चार वर्षदेखि निर्माणाधीन सडक पूरा गर्न नसकेको स्थानीयवासीको आरोप छ। कोभिडका बहानामा काम गर्न नसकेको निर्माण कम्पनीलाई सडक डिभिजनले छ महिनाको म्याद थपेको थियो।

# सडक विस्तारको विरोध

■ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, फागुन ५ गते। नेपालगञ्जको जमुनाहदेखि कोहलपुरसम्मको राजमार्ग विस्तार गर्दा सडक विभागले सरकारको निर्णयविपरीत सूचना जारी गरिएको भन्दै नेपाली काँग्रेसले विरोध गरेको छ।

नेपाली काँग्रेस नेपालगञ्ज नगर कार्यसमितिले सडक डिभिजनको हालको निर्णय २०६९ सालमा सरकारले गरेको निर्णयविपरीत रहेको जनाउँदै बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीको ध्यानाकर्षण गराएको छ।

नगर सभापति प्रशान्त विष्ट नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी खत्रीलाई भेटेर २०६९ सालमा मन्त्रिपरिषद्ले निर्णय गरेर कार्यान्वयनमा आइसकेको उल्लेख गरेको छ। सरकारको निर्णयविपरीतका संरचना भत्काउन भाडामा बसेका सङ्घ–संस्था र बैङ्कलाई पत्राचार गर्नु अवैधानिक भएको भन्दै तत्काल रोक्न माग गरेको हो।

सडक विस्तारका नाममा बर्सेनि जनतालाई आतङ्कित बनाएर करोडौँका सम्पत्ति तोडफोड गर्ने काम गलत भएको नगर समितिका अध्यक्ष विष्टले बताउनुभयो।

सुर्खेत रोड विस्तार गर्ने क्रममा यसअघि नै मन्त्रिपरिषद्स्तरीय निर्णयबाट नेपालगञ्ज र कोहलपुरको बजार क्षेत्रलाई विल्ट अप एरिया (बस्ती क्षेत्र) कायम गरी त्यस क्षेत्रमा २१ देखि २५ मिटरबीचमा बनेका संरचना नभत्काई सडक विस्तार गर्ने विषय कार्यान्वयनमा आएको थियो।

सो निर्णयअनुसार त्यतिबेला नै निर्माण कार्य सम्पन्न भइसकेको अवस्थामा सडक विभागले हचुवाका भरमा फेरि अहिले सडक विस्तार गर्न खोज्नु सरकारको निर्णयको उल्लङ्घन भएको विष्टले बताउनुभयो।

सडक डिभिजनसँग छलफल गरेर कानुनसम्मत गर्न लगाउने आश्वासन बाँकेका प्रमुख जिल्ला अधिकारी खत्रीले दिनुभएको छ। सडक डिभिजन कार्यालय नेपालगञ्जका प्रमुख होमबहादुर एसीले २०६९ सालमा सरकारले गरेको निर्णयबारे आफूलाई जानकारी नभएको बताउँदै विस्तार सुरु गर्ने बताउनुभयो।

सडक डिभिजन कार्यालयले गत महिना नेपालगञ्ज–कोहलपुर सडकखण्डको ५० मिटरभित्र निर्माण गरिएका संरचना भत्काउन भन्दै सार्वजनिक सूचना निकालेको थियो। उक्त क्षेत्रभित्र ८०६ वटा संरचना रहेकाले ती सबै भत्काउनुपर्ने ठहर पनि सडक डिभिजन कार्यालयले गरेको थियो।

# यातायात कार्यालय स्थापना

■ तौलिहवा समाचारदाता

तौलिहवा, फागुन ५ गते। कपिलवस्तु र नवलपरासीमा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरिएको छ। सदरमुकाम तौलिहवामा सेवा कार्यालयको उद्घाटन लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सहसराम यादव र श्रम, रोजगार तथा यातायात व्यवस्थामन्त्री पुर्मती ढेगा मगरले संयुक्त रूपमा गर्नुभएको हो।

सेवा कार्यालयका लागि आवश्यक पर्ने जनशक्ति, जग्गाको व्यवस्थापन गर्न लुम्बिनी प्रदेश सरकारले बजेट उपलब्ध गराउने मन्त्री यादवले बताउनुभयो। मन्त्री यादवले भन्नुभयो, "कपिलवस्तुको विकासका लागि छोटो समयमा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वधारलगायतको क्षेत्रमा उल्लेखनीय विकास गरेका छौँ।"

परासी समाचारदाताका अनुसार पश्चिम नवलपरासीको सदरमुकाम परासीमा यातायात कार्यालय स्थापना भएपछि नवलपरासीका सेवाग्राहीलाई सहज भएको छ।

पश्चिम नवलपरासीको सुस्ता, गण्डकी प्रदेशको त्रिवेणीलगायतका स्थानीय सोवाग्राही यातायातसँग सम्बन्धित कामका लागि भैरहवा र बुटवल धाउनुपर्ने समस्या थियो। पश्चिम नवलपरासीको सदरमुकाम परासीको बैरिहवामा गत आइतबारदेखि यातायात व्यवस्था सेवा कार्यालय स्थापना भएको




पश्चिम नवलपरासीको सदरमुकाम परासीमा स्थापना गरिएको यातायात व्यवस्था सेवा कार्यालय। तस्बिर : गोपी ज्ञवाली

रामग्राम नगरपालिका–४ का अध्यक्ष मदन यादवले बताउनुभएको छ।

जिल्लाको सदरमुकाम रामग्राम–४, बैरिहवामा यातायात व्यवस्था सेवा कार्यालयले औपचारिक रूपमा सेवा प्रारम्भ गरेपछि नवलपरासीका सेवाग्राहीलाई सजिलो भएको उद्योग वाणिज्य सङ्घ नवलपरासीका सविच गिरीराज पाण्डेले बताउनुभयो। लुम्बिनी प्रदेश सरकार श्रम, रोजगार तथा यातायातमन्त्री पुर्मती ढेगा मगरले यातायात व्यवस्था सेवा कार्यालय नवलपरासीको उद्घाटन गर्नुभएको थियो।

तत्काल सेवा कार्यालयले सवारीसाधनको बिलबुक नवीकरण, रुट परमिटलगायतका सेवा प्रदान गर्ने छ। कार्यालयका रूपमा स्थापित भई सवारीचालक अनुमतिपत्र (लाइसेन्स) पनि जारी गर्ने योजना रहेको लुम्बिनी प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिल दीपकराज नेपालले बताउनुभएको छ। खानेपानी संस्थाको सार्वजनिक जग्गामा कार्यालय स्थापना गरिएको भए पनि पछि जग्गाको व्यवस्थापन गरी सवारीचालक अनुमतिपत्रका लागि प्रयोगात्मक परीक्षासमेत लिइने योजनामा कार्यालय रहेको बताइएको छ।

# शिक्षकलाई ल्यापटप

■ बुटवल समाचारदाता

बुटवल, फागुन ५ गते। रुपन्देहीको सैनामैना नगरपालिकाले सरकारी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकलाई ल्यापटप वितरण गरेको छ।

गत असारमा वार्षिक नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयका शिक्षकलाई 'एक शिक्षक एक ल्यापटप' भन्ने कार्यक्रम प्रस्तुत गरेको नगरपालिकाले ल्यापटप वितरणबाट शिक्षकमा अध्यापनप्रति थप उत्साह सिर्जना हुने जनाएको छ। नगरका १७ वटा सामुदायिक विद्यालयका १६० जना शिक्षकलाई ल्यापटप प्रदान गरेको हो।

ल्यापटप वितरण गर्दै नगरप्रमुख कार्कीले लागत सहभागितामा विद्यालयका शिक्षकलाई ल्यापटप प्रदान गरिएको बताउँदै २५ प्रतिशत लागत सहभागितामा नगरपालिकाका १७ विद्यालयका १६० जना शिक्षकलाई सो ल्यापटप वितरण गरिएको जानकारी दिनुभयो।

"एक शिक्षक, एक ल्यापटप, एक कक्षाकोठा एक प्रोजेक्टर भयो भने राम्रो हुन्छ भन्ने सुझाव आयो, सोहीबमोजिम ल्यापटप वितरण गर्‍यौँ र प्रोजेक्टरको प्रक्रिया



अघि बढेको छ", उहाँले भन्नुभयो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद तिवारीले एक करोड २० लाख ९५ हजार रुपियाँमा १६० थान ल्यापटप खरिद गरिएको जानकारी दिनुभयो।

उहाँले नगरपालिकाको ७५ प्रतिशत लागत र शिक्षकको २५ प्रतिशत लागतमा उक्त ल्यापटप खरिद गरेर वितरण गरिएको बताउनुभयो। यसअघि पनि नगरपालिकाले अनुदानमा ल्यापटप वितरण गरेको सैनामैना नगरपालिका उपप्रमुख बिना रानाको भनाइ छ।

# पुल र भवन शिलान्यास

■ तौलिहवा समाचारदाता

तौलिहवा, फागुन ५ गते। कपिलवस्तुको विजयनगर गाउँपालिकामा झोलुङ्गे पुल र थारू कल्याणकारी भवनको एकै पटक शिलान्यास गरिएको छ। गाउँपालिकाको नौडिहवा–गोबरहवा जोड्ने विसवाखोलामा झोलुङ्गे पुल र गाउँपालिकाको वडा नम्बर १, नेपालगञ्जमा थारू कल्याणकारी भवनको शिलान्यास गरिएको हो। पालिकाका अध्यक्ष गोपालबहादुर थापा र उपाध्यक्ष लक्ष्मी चौधरीले पुलको शिलान्यास गर्नुभएको छ। अध्यक्ष थापा, उपाध्यक्ष चौधरी र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष अनिल थारूले भवनको शिलान्यास गर्नुभएको हो।

सङ्घ सरकार र गाउँपालिकाको साझेदारीमा नौडिहवा–गोबरहवाको विसवाखोलामा उक्त झोलुङ्गे पुल निर्माण हुन लागेको पालिकाका अध्यक्ष थापाले बताउनुभयो। झोलुङ्गे पुलको ८० लाख रुपियाँ लागतमा निर्माण हुन लागेको उपभोक्ता समितिकी अध्यक्ष प्रदेशनी थारूले जानकारी दिनुभयो। आगामी असार मसान्तभित्र पुलको सम्पूर्ण निर्माण सम्पन्न गरिने उहाँले बताउनुभयो। त्यस्तै कल्याणकारी भवनको निर्माण गाउँपालिकाको सहयोगमा निर्माण हुन लागेको अनिल थारूले बताउनुभयो।


## Nepal Electricity Authority

Distribution and Consumer Service Directorate

Karnali Province Office, Birendranagar, Surkhet.

Heldung Distribution Center, Humla

**Invitation for Online Bids Only**

Date of Notice Publication: 2078/11/06 (February 18, 2022)

| S. N. | Contract Name | Contract Identification Number | For More Detail Information |
|---|---|---|---|
| 1 | Transportation of Line Materials and Erection of 11 kV and LT Line at different places of Simikot Rural Municipality, Kharpunath Rural Municipality and Namkha Rural Municipality of Humla District | HDC-2077/078-NGRE-01 (RE) | Official website of PPMO (www.bolpatra.gov.np/egp) and NEA, Humla Distribution Center, Simikot, Humla Phone No : 087680046, *heldung@nea.org.np* |

## नेपाल सरकार
## वन तथा वातावरण मन्त्रालय

**HCFC-22 आयात सिफारिस सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०७८/११/०६**

नेपाल Vienna Convention for Protection of Ozone Layer र Montreal Protocol on Substances that Deplete Ozone Layer को पक्ष राष्ट्र भएको हुँदा ओजन तहलाई नष्ट गर्ने हाइड्रोक्लोरोफ्लोरोकार्बन (HCFC-22) ग्याँसको आयातमा क्रमिक रुपमा कटौती गरी सन् २०३० सम्ममा यसको आयातलाई शुन्यमा पुर्‍याउने उद्देश्य अनुरुप खण्ड ६४ संख्या ३० भाग ५ मिति ०७१/०९/०७ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी HCFC-22 ग्याँसको वार्षिक आयात परिमाण निर्धारण गरिएको व्यहोरा जानकारी गराइन्छ। सो बमोजिम सन् २०२२ का लागि ९.२६ मे.ट. HCFC-22 ग्याँस आयात सीमा तोकिएको र उक्त ग्याँस आयातका लागि यस मन्त्रालयको सिफारिस आवश्यक गरिएको हुँदा सन् २०२२ भित्र HCFC-22 ग्याँस आयात गर्न चाहने फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा फर्म/कम्पनी दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको छायाँप्रतिहरु नोटरीमार्फत प्रमाणित गराई तोकिएको ढाँचामा आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सन् २०२१ मा HCFC ग्याँस आयातका लागि कोटा प्राप्त गरी आयात गर्न नसकेका आयातकर्ताहरुले ३१ December, २०२१ भित्र HCFC ग्याँस Shipment भइसकेको कागजातहरु नोटरी मार्फत प्रमाणित गराई १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा निवेदन दिनुहुन अनुरोध छ।

अघिल्लो वर्षहरुमा HCFC-22 ग्याँस आयात गरिसकेका फर्महरुलाई अधिकतम २ मे.ट. र नयाँ फर्महरुलाई अधिकतम १ मे.ट. आयात सिमा तोकिएको र विगत ३ वर्ष भित्र उक्त ग्याँस आयातका लागि यस मन्त्रालयबाट कोटा प्राप्त गरेर पनि ग्याँस आयात नगर्ने फर्म/कम्पनीहरुलाई यस वर्ष सो ग्याँस आयातका लागि कोटा वितरण नगरिने व्यहोरा समेत सूचित गरिन्छ।

आवेदनको ढाँचा तथा थप जानकारीका लागि यस मन्त्रालयको वेबसाइट **www.mofe.gov.np** हेर्नुहुन अनुरोध छ।

**वन तथा वातावरण मन्त्रालय**
**सिंहदरबार, काठमाडौं।**
**फोन नं.: ०१-४२११५६७, ०१-४२११७०३**

Local Government

## Madhyapur Thimi Municipality

### Office of the Municipal Executive

Madhyapur Thimi, Bhaktapur
Bagmati Province, Nepal

**Invitation for Bids**

Notice No: 6/2078/079

**Date of publication: 2078/11/06**

The Office of the Municipal Executive, Madhyapur Thimi Municipality invites electronic bids from Nepalese eligible bidders for the following Projects under National Competitive Bidding Procedures. Eligible Bidder may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Madhyapur Thimi Municipality during office hour.

| S.N. | Contract Identification No. | Description of Project | Bid Document Fee | Bid Security Fee | Estimated Amount Without Contingency, VAT& PS | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | YO/12/2078/079 | Construction of Community Building, Ward No.-1, Lohakilthali | 3000.00 | 1,10,000.00 | 42,56,910.05 | |

## INDUSTRIAL DISTRICT MANAGEMENT LIMITED

(An Undertaking of Government of Nepal)

### Gajendra Narayansingh Industrial District Management Office

Rupani-05, Saptari

First Date of Publication of Notice: 2078/11/06

**INVITATION FOR BIDS**

| S.N. | Project Title | Contract No | Procurement Type |
|---|---|---|---|
| 1 | Supply, Installation, Testing & Commissioning of 500 KVA, 11 / 0.415 KV Distribution Transformer with LT Panel Board and Building Construction for Extended Land | GIDMO/ WORKS-01/078/79 | Works NCB (1S1E) |
| 2 | Joining New Drain (Brick Work) with Old Drain | GIDMO/ WORKS-02/078/79 | Works NCB (1S1E) |

Please visit the official website of PPMO, www.bolpatra.gov.np/egp for more details.

### मध्यपहाडी लोकमार्ग

# सात वर्षमा नौ किलोमिटर कालोपत्रे

▪ नरेन्द्र ढकाल



गोरखा, फागुन ५ गते। पुष्पलाल मध्यपहाडी लोकमार्गको प्रगति गोरखामा निकै सुस्त देखिएको छ। आयोजना सुरु भएको सात वर्षसम्ममा जम्मा नौ किलोमिटर सडक कालोपत्रे भएको छ।

आयोजना कार्यालय ठाँटीपोखरीले दिएको जानकारीअनुसार लमजुङको सिमाना चेपेदेखि ठाँटीपोखरीसम्मको पाँच किलोमिटर र ओख्लेदेखि आरुघाटसम्मको चार किलोमिटर गरी कुल नौ किलोमिटर सडक कालोपत्रे भएको हो। समयमा काम हुन नसकेपछि ठाँटीपोखरीदेखि मसानेठाँटी र मसानेठाँटीदेखि खहरेसम्मको बाहेक अन्य खण्डको म्याद थप भइसकेको छ तर काम सकिएको छैन।

"ठेकेदारको लापरबाहीले समयमा काम हुन नसकेको हो," पुष्पलाल मध्यपहाडी आयोजनाका इन्जिनियर गोविन्दप्रसाद श्रेष्ठले भन्नुभयो, "ठेकेदारले भूकम्प, नाकाबन्दी के के भन्दै अहिले कोरोनाका कारण काम नभएको बहाना गरेका छन्।" कोरोनाका कारण काम प्रभावित भएको भन्दै सरकारले थप गरिदएको समयसीमा पनि आगामी चैतमा सकिने उहाँले बताउनुभयो।

आरुघाट ओख्ले खण्डको पाँच किलोमिटर सडक कालोपत्रको तयारीमा छ। तीन किलोमिटर भने कालोपत्रे छ। ओख्ले निबेल खण्डमा 'सबबेस' निर्माण भएको छ। नाली निर्माणको काम भइरहेको छ, त्यसमा पनि 'बेस' निर्माणको काम थालिने इन्जिनियर श्रेष्ठको भनाइ छ। खहरेदेखि ठाँटीपोखरीसम्मका दुईवटा नयाँ खण्डमा भने अहिले 'स्ट्रक्चर' निर्माण, 'सबबेस' निर्माणलगायतको काम भइरहेको आयोजना कार्यालयले जानकारी दिएको छ।

"यो वर्ष आरुघाट–ओख्ले खण्डको पाँच किलोमिटर कालोपत्रे हुन्छ। ओख्ले निबेल खण्डको पनि चार/पाँच किलोमिटर कालोपत्रे गर्ने भनेर लागेका छौँ," उहाँले भन्नुभयो, "खहरे मसानेठाँटी खण्डको प्रगति पनि राम्रो छ पाँच/छ किलोमिटर त त्यहाँ पनि कालोपत्रे हुन्छ।" मसानेठाँटीदेखि पालुङटारको ठाँटीपोखरीसम्म पाँच/छ किलोमिटर सबबेसको काम गर्ने योजना रहेको इन्जिनियर श्रेष्ठको भनाइ छ। यी दुई खण्डको म्याद असार मसान्तसम्म छ।

आर्थिक वर्ष २०७१/७२ मा आरुघाट–ओख्लेको १३ किलोमिटर र ओख्ले–खहरे १६ किलोमिटर काम सुरु भएको थियो। खहरे–मसानेठाँटीको र मसानेठाँटी–ठाँटीपोखरी सडक भने आव २०७६/७७ बाट सुरु भएको हो। अहिलेसम्म गोरखामा जम्मा ४२ प्रतिशत प्रगति भएको उहाँले बताउनुभयो। मध्यपहाडीअन्तर्गत जिल्लामा पर्ने ६३ किलोमिटर सडकलाई पाँच भागमा बाँडेर ठेक्का लगाइएको छ।

सडकको दुई अर्ब एक लाख १७ हजार रुपियाँमा ठेक्का भएको थियो। अहिलेसम्म ५५ किलोमिटर ट्र्याक निर्माण र ४१ किलोमिटर ग्राभेल, २२ किलोमिटरमा बेस बिछ्याइएको र नौ किलोमिटर कालोपत्रे गरिएको आयोजना कार्यालयले जनाएको छ। आयोजना निर्माण भौतिक प्रगति थोरै देखिए पनि वित्तीय प्रगति भने उल्लेख्य भएको सरकारवाला बताउँछन्।

आयोजनाअन्तर्गत पालुङटार क्षेत्रको वनसम्बन्धी समस्या समाधान भइसकेको छैन। सरकारले रुख काट्ने अनुमति दिन बाँकी नै छ। आयोजना निर्माणको काम सुस्त हुँदा सर्वसाधारण भने मर्कामा परेका छन्। हिउँदमा धुलो र बर्खामा हिलोका कारण सवारी आवागमन प्रभावित हुने गरेको छ।

# काम छाडेका ठेकेदार फर्किए

▪ बेनी समाचारदाता

बेनी (म्याग्दी) फागुन ५ गते। बेनी अस्पतालको निर्माणाधीन भवनका ठेकेदार एक वर्षपछि कार्यस्थलमा फर्किनुभएको छ। भवन बनाउँदाबनाउँदै काम छाडेका व्यवसायीलाई कारबाहीको चेतावनी दिएपछि कार्यस्थलमा फर्किएर काम थाल्नुभएको हो।

भवन पूरा नहुँदा सेवा प्रभावित भएको छ। निर्माण व्यवसायीको ढिलासुस्तीले तीन वर्षभित्र सम्पन्न हुनुपर्ने भवन पाँच वर्षसम्म सम्पन्न हुन सकेको छैन।

तीन वर्षमा ५० शय्याको अस्पताल भवन निर्माण सम्पन्न गर्नेगरी २०७३ मङ्सिरमा महादेव खिम्ती–गल्वा–रेफिना जेभीसँग १८ करोड ८४ लाख आठ हजार ८९ रुपियाँमा ठेक्का सम्झौता गरिएको थियो। सम्झौताअनुसार निर्माण व्यवसायीले विगतमा काम नगरेका कारण भवन निर्माण अलपत्र परेको थियो।

नागरिक समाज, राजनीतिक दल, जिल्ला प्रशासन र सञ्चार क्षेत्रबाट भएको दबाबका कारण ठेकेदार काममा फर्किएको सघन सहरी तथा भवन डिभिजन कार्यालय बागलुङले जनाएको छ। चौतर्फी दबाब सिर्जना भएपछि ठेकेदार काममा फर्किएको सघन सहरी तथा भवन डिभिजन कार्यालय बागलुङका ओभरसियर पङ्कज कर्णले बताउनुभयो। उहाँका अनुसार भवनको अन्तिम ढलान गर्न डन्डी बुन्ने काम भइरहेको र केही दिनभित्र ढलान गर्ने उहाँले बताउनुभयो।



निर्माणाधीन बेनी अस्पतालको भवन। तस्बिर : ठाकुरप्रसाद आचार्य

छ महिना म्याद थपेर निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको कर्णले जानकारी दिनुभयो। चार हजार ९६३ वर्गमिटर जमिनमा बनाउन लागिएको चारतले तीनवटा भवन २०७६ मङ्सिर २० गते निर्माण सक्ने लक्ष्य थियो।

सघन सहरी तथा भवन डिभिजन कार्यालयका इन्जिनियर बिना साकुतका अनुसार हालसम्म भवन निर्माणको काम ७० प्रतिशत पुगेको छ। "भवन निर्माण समयमै सम्पन्न नहुनुमा निर्माण व्यवसायीको लापरबाही, आपसको विवाद र ढिलासुस्ती हो," इन्जिनियर साकुतले भन्नुभयो, "पछिल्लो पटक कार्यालयले सम्बन्धित निर्माण व्यवसायीलाई कारबाहीको चेतावनी दिएकाले कार्यस्थलमा फर्किएर काम थालेको हो।" कार्यालयले निर्माण व्यवसायीको घरौटी जफत गर्न बैङ्कलाई र निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न चेतावनीसहितको पत्र पठाएको थियो।

साझेदारीमा काम गरेका तीनवटै निर्माण व्यवसायीको लेनदेन विवादले भवन निर्माणमा असर परेको ओभरसियर कर्णले बताउनुभयो।

# शैक्षिक सुधार कार्यक्रममा विद्यालय छनोट

▪ लमजुङ समाचारदाता

लमजुङ, फागुन ५ गते। सरकारले सञ्चालन गरेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि लमजुङका ३२ वटा विद्यालय छनोट भएका छन्।

सामुदायिक विद्यालयको स्तरोन्नति गर्न सरकारले सञ्चालन गरेको कार्यक्रमका लागि सातवटा स्थानीय तहका ३२ वटा विद्यालय छनोट भएका हुन्। विद्यालयले छ करोड २१ लाख रुपियाँ अनुदान पाउने छन्।

कार्यक्रमका लागि क्व्होँलासोँथर गाउँपालिकाबाहेक सबै स्थानीय तहका विद्यालय छनोट भएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार छनोट भएका विद्यालयहरूमा सबैभन्दा धेरै राइनास नगरपालिकाका आठवटा विद्यालय छन्।

बेँसीसहर नगरपालिकाका छवटा, सुन्दरबजार नगरपालिकाका पाँचवटा, मध्यनेपाल नगरपालिकाका चारवटा विद्यालय छन्। यस्तै दोर्दी गाउँपालिकाका पाँचवटा, मर्स्याङ्दी गाउँपालिकाका तीनवटा, दूधपोखरी गाउँपालिको एउटा विद्यालय छनोट भएको छ।

विद्यालयहरूमा दुईकोठे भवन, चारकोठे भवन निर्माण, ल्याब स्थापना, आईसीटीका लागि बजेट विनियोजन भएको छ। आईसीटीका लागि छ लाख ५० हजार रुपियाँ, दुईकोठे भवनका लागि १८ लाख, चार कोठे भवनका लागि ३६ लाख, ल्याबका लागि १० लाख रुपियाँ बजेट विनियोजन भएको छ।

**स्याङ्जाका ६२ विद्यालय छनोट**

**वालिङ समाचारदाता**का अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा स्याङ्जाका ६२ वटा विद्यालय छनोटमा परेका छन्। सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि चालू आर्थिक वर्षमा प्राप्त आवेदनका आधारमा विद्यालय छनोट भएका हुन्।

स्याङ्जामा वालिङ नगरपालिकामा आठवटा, गल्याङ नगरपालिकामा नौ, आँधीखोला गाउँपालिकामा आठ, अर्जुनचौपारी गाउँपालिकामा तीन, कालीगण्डकी गाउँपलिकामा सात, बिरुवा गाउँपालिकामा सात, फेदीखोला गाउँपालिकामा दुई, हरिनाश गाउँपालिकामा तीन, पुतलीबजारमा सात, भीरकोट नगरपालिकामा तीन, चापाकोटमा पाँच गरी जम्मा ६२ वटा विद्यालयहरू छनोट भएका हुन्।

# झोलुङ्गे पुल निर्माण अन्तिम चरणमा

▪ वालिङ समाचारदाता

वालिङ (स्याङ्जा), फागुन ५ गते। दुई प्रदेश जोड्ने गरी निर्माण भइरहेको जिल्लाकै लामो झोलुङ्गे पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

गण्डकी प्रदेशको स्याङ्जा र लुम्बिनी प्रदेशको पाल्पा जिल्लालाई जोड्ने गरी निर्माण भईरहेको झोलुङ्गे पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको हो।

स्याङ्जाको कालीगण्डकी गाउँपालिका–३, बारीचौर र पाल्पाको बगनासकाली गाउँपालिका–६, मन्द्रान जोड्ने गरी ३४२ मिटर लामो पुल गत वर्षबाट निर्माण सुरु भएको हो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कालीगण्डकी गाउँपालिकाको संयुक्त लगानीमा झोलुङ्गे पुलको निर्माण भइरहेको हो।



पुल निर्माण गर्दै मजदुर।

कुल लागतको ८९ प्रतिशत सङ्घीय सरकारको र ११ प्रतिशत स्थानीय सरकारको लगानी छ। दुई करोड ९१ लाख ८२ हजारको लागत स्टिमेट गरिएको पुल गीत कन्स्ट्रक्सनले निर्माण गरिरहेको छ। दुई करोड छ लाख ९१ हजार १३८ रुपियाँ ३५ पैसामा सम्झौता भई काम सुरु भएको जनाइएको छ।

झोलुङ्गे पुलको निर्माणपश्चात् स्याङ्जा र पाल्पाका गरी एक हजार घरधुरीलाई फाइदा पुग्ने कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो। उहाँले भन्नुभयो, "पालिकाको समेत लगानीमा निर्माण भएको यो गण्डकी प्रदेशकै पहिलो पुल हो।" स्थानीय नागरिकको आवश्यकता र मागका आधारमा यो झोलुङ्गे पुल निर्माण सुरु गरिएको अध्यक्ष थापाको भनाइ छ।

स्थानीय गोकुल रानाले भन्नुयो, "हामी पाल्पा पुग्न झन्डै एकदेखि डेढ घण्टा पर दैलातुङमा रहेको झोलुङ्गे पुलमा पुग्नुपर्थ्यो। अब निकै सहज हुने भएको छ।"

झोलुङ्गे पुलको चालू आर्थिक वर्षमा काम सम्पन्न भई हस्तान्तरण हुने कालीगण्डकी गाउँपालिकाले जनाएको छ।

## मतदाता थपिए

▪ वालिङ समाचारदाता

वालिङ (स्याङ्जा), फागुन ५ गते। स्याङ्जा जिल्लामा ३२ हजारभन्दा बढी नागरिकले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गरेका छन्।

पुस ५ गतेदेखि माघ २४ गतेसम्म जिल्लामा ३२ हजार ८४ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको कार्यालयले जानकारी दिएको छ। २०७४ सालको तीन तहको निर्वाचनमा दुई लाख १० हजार ३८ जना मतदाता रहेकामा २०७९ को स्थानीय तहको निर्वाचनमा दुई लाख ४२ हजार १२२ जना मतदाता पुगेका छन्।

कतिपय नागरिकले दुई पटक पनि मतदाता नामावलीमा नाम दर्ता गराएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। "निर्वाचन आयोगले नतिजा प्रकाशन नगरेसम्म उल्लेखित सङ्ख्या आधिकारिक हुँदैन। हामीले दुई लाख ४० हजार जना मतदाता हुने अनुमान गरेका छौँ," जिल्ला निर्वाचन अधिकृत गुरुप्रसाद मरासिनीको भनाइ छ।

११ पालिका रहेको स्याङ्जामा नयाँ थपिएकामध्ये सबैभन्दा थोरै मतदाता फेदीखोला र सबैभन्दा धेरै वालिङ नगरपालिकामा छन्।

# बस्तीमा फर्किए भूकम्पपीडित

▪ स्याङ्जा समाचारदाता

स्याङ्जा, फागुन ५ गते। अर्जुनचौपारी गाउँपालिका–४, राम्चेकी ९७ वर्षीया दौपती चापागाईं एकीकृत बस्तीमा फर्केपछि हर्षित हुनुभएको छ।

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले घरमा क्षति पुगेपछि वृद्ध चापागाईं पोखरामा नातिको घरमा बस्दै आउनुभएको थियो। चापागाईं तिलडाँडा एकीकृत बस्ती बनेपछि करिब सात वर्ष पुग्नै लाग्दा छोरा र बुहारीसँगै पुर्ख्यौली थलो राम्चे फर्किनुभएको हो।

भूकम्पका कारण वृद्धावस्थामा नातिसँग बस्दा खुसी भए पनि जीवन काटेको गाउँ फर्किन पाएकामा रमाइलो लागेको उहाँले बताउनुभयो। जीवनको ८५ वर्ष बिताएको गाउँमा आउन नपाई मरिने हो कि भन्ने उहाँलाई चिन्ता थियो।



अर्जुनचौपारी गाउँपालिका–४, राम्चेको तिलडाँडामा बनेको एकीकृत बस्ती। तस्बिर : अर्जुन का[illegible]ले

भूकम्पका कारण एकै गाउँका १५ घरधुरीमा बस्न नहुने गरी क्षति पुगेको थियो। भूकम्पको तीन वर्षपछि एकीकृत बस्ती निर्माण थालिएको थियो। यहाँका १५ घरधुरी एकै ठाउँमा बस्ने सपना झन्डै सात वर्षपछि पूरा भएको छ।

एकीकृत बस्ती निर्माणका लागि तीन वर्षसम्म अनुमति नपाएको उल्लेख गर्दै निर्माण समितिका अध्यक्ष ज्ञानप्रसाद चापागाईंले बस्तीको स्वीकृतिपछि अन्तिम प्रतिवेदन तयार नहुँदा ढिलाइ भएको थियो।

चापागाईंले एकीकृत बस्तीमा १५ वटा घर, दुई सार्वजनिक शौचालय, पक्की मोटरबाटो र एउटा पानी ट्याङ्की निर्माण गरिएको बताउनुभयो।

तिलडाँडा एकीकृत बस्तीका लाभग्राहीले जग्गा खरिदका लागि प्रतिघर दुई/दुई लाख पाएका थिए। तीन/तीन लाख भूकम्प प्रभावित र बस्तीको अन्य संरचना बनाउन प्रतिघर चार/चार लाख पाएका हुन्।

नेपाल सरकार
गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय**
**कानून निर्देशनालय**
**हाजिर हुन आउने बारेको सूचना**

देहायमा उल्लेखित बिवरणका सशस्त्र प्रहरी कर्मचारी उल्लेखित मितिदेखि कोही कसैलाई कुनै किसिमको जानकारी नगराई हालसम्म कार्यालयमा गैरहाजिर रहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ दिन भित्र गैरहाजिर हुनको मनासिव कारण सहित सम्बन्धित सशस्त्र प्रहरी बल नेपालका कार्यालयहरुमा सम्पर्क गर्न आउनुहोला अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम कारवाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्धारा तपाईलाई जानकारी गराइएको छ ।

| सि. नं. | आईडि नं | दर्जा | नाम थर | बाबुको नाम | दरवन्दी | वतन | गैर हाजिर मिति | सूचना जारी गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३६५९ | प्राविधिक सप्रनानि | अस्मिता प्रधान | शिव कुमार प्रधान | नेपाल ए.पि.एफ. अस्पताल | जिल्ला तनहुँ बरभञ्याङ्ग -०५ | २०७८-१०-०४ | मानवश्रोत विभाग सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय (कानुन शाखा) |

**प्रदेश सभा सचिवालय**
**बागमती प्रदेश हेटौडा, मकवानपुर, नेपालको**
**मालसामान खरिद तथा निर्माण कार्यको बोलपत्र आव्हानको सूचना**
(प्रथम पटक सूचना प्रकाशित मिति: २०७८/११/०६)

१. प्रदेश सभा सचिवालय बागमती प्रदेश हेटौडा, मकवानपुर**को लागी आ.ब. २०७८/०७९ मा** निम्न अनुसारका मालसामान खरिद तथा निर्माण कार्य बोलपत्रको माध्यमबाट गरिने हुँदा इच्छुक योग्य बोलपत्रदातालाई यसै सूचनाद्वारा आव्हान गरिएको छ।

| बोलपत्र नं. | कामको विवरण | लागत रकम रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर रु. | बैंक जमानत रु. |
|---|---|---|---|---|
| PAS/NCB/ GOODS/2078/079/01 | Supply, Delivery and Installation of Audio and Visual Equipment for Provincial Assembly | ३२,२२,००० | ३,००० | ९१,००० |
| PAS/NCB/ WORKS/2078/079/03 | Construction of the Parliamentary Party office | १,८९,१०,१४२ | ५,००० | ५४०,००० |

२. बोलपत्र २०७८/१२/०६ गते १२:०० बजे भित्र दाखिला गर्न सकिनेछ।
३. बोलपत्र दस्तुर राष्ट्रिय बाणिज्य बैंक लि., हेटौंडामा रहेको हि.नं. १०००२०००१०००० र धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक लि., हेटौंडा हि.नं. १३००१००२०२०३०००० मा दाखिला गर्न सकिनेछ।
४. बोलपत्र मिति २०७८/१२/०६ गते १३:०० **बजे** खोलिनेछ।
५. बोलपत्र आव्हानको सूचना यस सचिवालयको वेवसाइट www.provincialassembly.bagamati.gov.np र सचिवालयको सूचना पाटीमा हेर्न सकिनेछ।
६. बोलपत्रपत्र E-Bidding का लागि **www.bolpatra.gov.np/egp** मा राखिएको छ।
७. बोलपत्रपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा यस सचिवालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

Bagmati Rural Municipality
Office of the Rural Municipal Executive
Jhurjhure, Makawanpur
Bagmati Province, Nepal

**Invitation for Electronic Bid**

Date of Publication: 2078/11/06

Bagmati Rural Municipality,Jhurjhure, Makawanpur Invites electronic bids from eligible bidders for the procurement of Following works ítems under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagamati Rural Municipality, Jhurjhure-4, Makawanpur.Tel:9865079222, website:http://bagmatimunmakawanpur.gov.np/or may visit PPMO egp system :https://bolpatra.gov.np/egp/

| Contract ID No. | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| BRM/NCB/WORKS/03/2078/079 | Jhurjhure Raigaun Canteen Sadak (Construction of Dhungre Khola Rigid Box Culvert) | 1,98,31,603.08/- | 3,000/- | 4,98,000/ |

**Chief Administrative Officer**

# स्वास्थ्य प्रतिष्ठानलाई आवश्यक बजेट छुट्याइने




वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत ।

■ **जनकपुरधाम समाचारदाता**

जनकपुरधाम, फागुन ५ गते । मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सुविधा सम्पन्न बनाउन आवश्यक बजेट विनियोजन गर्ने बताउनुभयो ।

बिहीबार मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । जमिन लिखित रूपमा प्रतिष्ठानको भइसकेकाले ढुक्क हुन आग्रह गर्दै उहाँले यसलाई अझै राम्रो बनाउन आवश्यकताअनुसार भौतिक संरचना थप्ने प्रदेश सरकारको योजना रहेको जानकारी दिनुभयो । प्रतिष्ठान प्रदेशकै उदाहरणीय शैक्षिक संस्थाका रूपमा विकास हुँदै अगाडि बढ्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

प्रतिष्ठान प्रदेशको गौरवको योजना रहेकाले आगामी दिनमा प्रदेशको आवश्यकताअनुसार दक्ष जनशक्ति प्रतिष्ठानले उत्पादन गर्ने उहाँको भनाइ थियो । मुख्यमन्त्रीले सङ्घीय सरकारको ढिलासुस्तीका कारण प्रदेशका काम ढिलाइ भइरहेकाले अब प्रदेशले आफ्नै ऐन बनाएर जानुपर्ने उल्लेख गर्नुभयो । त्यसो गर्दा प्रदेश सरकारले सीटीईभीटी कक्षा सञ्चालनका लागि पनि सजिलै अनुमति लिन सक्ने उहाँले बताउनुभयो । मुख्यमन्त्री राउतले भविष्यमा अनुकरणीय र उदाहरणीय शैक्षिक संस्था स्थापित हुने विश्वास व्यक्त गर्नुभयो ।

# पुल निर्माणले स्थानीय हर्षित

■ **लहान समाचारदाता**

लहान, फागुन ५ गते । हुलाकी सडकअन्तर्गत सिरहा सप्तरीको सीमा क्षेत्रमा रहेको बलान नदीमा पुल निर्माण भएपछि स्थानीय हर्षित भएका छन् ।

निर्माण सम्पन्न भएपछि सो पुलको लोड (भार) जाँचसमेत पूरा भइसकेको छ । पुलको प्रयोग गरी आउजाउ गर्न सजिलो भएपछि सुगममा पनि दुर्गम रहेको सिरहा र सप्तरीका स्थानीय खुसी भएका हुन् ।

पुल निर्माणले बलान नदीको पूर्व सप्तरीको बलानबिहुल गाउँपालिकाको चन्ही र पश्चिम सिरहाको भगवान्पुर गाउँपालिकाको कल्याणपुर र भगवानपुरवासीका लागि युग नै परिवर्तन भएको स्थानीय सन्तोष झाको भनाइ छ । हुलाकी सडक निर्माण भएपछि दक्षिण भेगका दुवै जिल्लाका स्थानीयलाई सिरहाको सदरमुकाम सिरहा र सप्तरीको सदरमुकाम राजविराज जान निकै सजिलो भएको बलान बिहुलका स्थानीय महेश्वर यादवले बताउनुभयो ।

उहाँका अनुसार वर्षाको समयमा बलान वारिपारि जान–आउन ठूलो समस्या थियो । १५ मिनेटको बाटोमा दुई घण्टा घुमाउरो भएर जानुपर्थ्यो ।

हुलाकी सडक निर्माणले राष्ट्रिय मार्गभन्दा दक्षिणका बासिन्दाका लागि सहज मात्रै होइन गाउँपिच्छे हाटबजार लाग्न थालेका छन् । आर्थिक रूपमा यस राजमार्गले सबल बनाउने कार्य गरेको भगवानपुर गाउँपालिका अध्यक्ष बेचन यादवले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "शिक्षा, स्वास्थ्य र कृषिमा सुधार भयो भने यस भेगको विकास द्रुत गतिमा अघि बढेर बेरोजगारी समस्याको पनि समाधान हुनेछ ।"

# महिलाको हत्या आशङ्का

■ **महोत्तरी समाचारदाता**

महोत्तरी, फागुन ५ गते । महोत्तरीको गौशाला नगरपालिका– १२ को एघार नम्बर गाउँ नजिक सागरनाथ वन परियोजनाको जङ्गलबाट एक महिलाको शव बरामद भएको छ ।

प्रहरीका अनुसार शवको प्रकृति हेर्दा हत्या भएको आशङ्का गरिएको छ । अम्ब्रेला डिजाइनको सेतो कपडा र माथिबाट गुलबी रङ्गको स्वेटर लगाएकी महिलाको अनुहारभरि रगत देखिएको छ भने घाँटीमा पनि नीलडाम छ । २५ वर्षीया ती महिलाको सात, आठ महिनाको गर्भ रहेको छ । उनको घाँटीमा गम्छा बेरेर हत्या गरेको हुन सक्ने अनुमान गरिएको छ ।

मृतकको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले वनमा दाउरा लिन गएकाहरूले महिलाको शव देखेपछि फोन गरेको जानकारी दिँदै प्रहरी टोली र लालगढ प्रहरीको डग (कुकुर) टोली आएर घटनास्थलमा अनुसन्धान सुरु गरेको जानकारी दिनुभयो ।

उहाँले घटनास्थलबाट करिब तीन किलोमिटरको दूरीमा रहेको खाजा पसलमा मङ्गलबार फेला परेका बालकहरूको आमा हुनसक्ने आँकलन गरेर सो विन्दुबाट समेत अनुसन्धान थालिएको जानकारी दिनुभयो । मङ्गलबार जङ्गलको छेउमा रहेको दिलबहादुरको होटलमा अज्ञात व्यक्तिले दुई बालकलाई छोडेर गएका थिए । एक जना मान्छेले दुईवटा बालकलाई पसलमा लिएर बाबु के खाने सोधेपछि बालकले अङ्कल मम खान्छु भनेको र पसले दिदीले मम छैन बाबु भनेपछि त्यो मान्छेले यहाँ मम छैन, म अर्को ठाउँबाट लिएर आउँछु भनेर गएको तर फर्केर नआएको पसलले जानकारी गराएको उहाँले बताउनुभयो ।

फेला परेका बालकहरूलाई रेडक्रस गौशाला शाखामा राखिएको छ । प्रहरी उपरीक्षक विष्टले भन्नुभयो, "बालकहरूमध्ये जेठो बालकलाई ती महिलाको फोटो देखाउँदा आफ्नी आमा भएको बताए पनि यकिन भने हुन सकेको छैन ।" ती बालकमध्ये जेठो रामु महतोले बुबाको नाम अजय महतो र भाइको नाम श्यामु महतो रहेको बताए पनि घर बताउन नसक्दा समस्या भइरहेको उहाँले बताउनुभयो ।

# सर्वसम्मत नेतृत्व छान्ने प्रयास

■ **सर्लाही समाचारदाता**

सर्लाही, फागुन ५ गते । नेकपा एमाले सर्लाहीको आगामी नेतृत्व सर्वसम्मत रूपमा चयन गर्ने प्रयास थालिएको छ । यही फागुन ७ र ८ गते सदरमुकाम मलङ्गवामा तय गरिएको पार्टीको आठौँ जिल्ला अधिवेशनबाट सहमतीमै नेतृत्व छान्ने प्रयास भइरहेको नेताहरूले बताएका छन् ।

अहिलेका अध्यक्ष राजनारायण साहकै नेतृत्वमा नयाँ जिल्ला कमिटी घोषणा गर्ने तयारी भइरहेको बुझिएको छ । हरिवन नगरपालिकाका नगरप्रमुख रहनुभएका नेता गणेशप्रसाद प्रसाईंले पनि अध्यक्षमा उम्मेदवारी दिने तयारी गर्नुभएको बताउनुभएको छ ।

एमाले सर्लाहीका सहसचिव बिदुर प्याकुरेलले जिल्ला अधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष, सचिव र दुई जना सहसचिव रहेको पाँच पदाधिकारीसहित १३५ सदस्यीय जिल्ला कमिटी चयन गरिने जानकारी दिनुभयो । नवगठित कमिटीको पहिलो बैठकले १४ जना जिल्ला सदस्य मनोनीत गरेर १४९ सदस्यीय जिल्ला कमिटी बनाउने छ । एमाले जिल्ला अधिवेशनका लागि जिल्लाभरबाट ४५५ जना जिल्ला अधिवेशन प्रतिनिधि छानिएका छन् । जिल्ला अधिवेशनलाई सम्पन्न गर्न विभिन्न समिति तथा उपसमिति गठन गरिएका छन् ।

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, भोजपुर

## जग्गाको मुआब्जा दाबी गर्ने सम्बन्धी सूचना

एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा.लि. (SAPDC) को ४०० के.भी. प्रसारण लाईन अन्तर्गत भोजपुर जिल्लाको षडानन्द नगरपालिका साविक बोया गा.वि.स. वडा नं. ४,५, ७ र ९, साविक साङपाङ गा.वि.स. वडा नं. १, २, ४ र ९, साविक देउराली गा.वि.स. वडा नं. ६ मा ४०० के.भी. प्रशारण लाइन निर्माण गर्नका लागि टावर मुनीको तपशिल बमोजिमको जग्गा स्थायी रुपले प्राप्ति गर्नुपर्ने भएकोले जग्गा प्राप्त गर्ने सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ र १० बमोजिमको सूचना मिति २०७८/०६/२१ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको र सोही ऐनको दफा १३ बमोजिम गठन भएको मुआब्जा निर्धारण समितिको मिति २०७८/११/०४ गतेको निर्णयबाट मुआब्जा रकम निर्धारण भएको हुँदा सम्बन्धित जग्गाधनीहरुको मुआब्जा दावी गर्नका लागि आ-आफ्नो हकदैया वा भोगचलन सम्बन्धी निस्सा तथा प्रमाण सहित (जग्गाधनी सक्कल प्रमाण पूर्जा, नागरिकताको प्रतिलिपि, तिरो तिरेको रसिद आदि) रु. १० को टिकट टाँसी रितपूर्वकको निवेदन यस कार्यालयमा दिनको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । टाँस गरिएको नामावलीमा चित्त नबुझ्ने व्यक्तिले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नेपाल सरकार गृह मन्त्रालयमा उजूर गर्न सक्ने समेत जानकारी गराइन्छ ।

**तपशिल**

**स्थान:- षडानन्द नगरपालिका साविक बोया गा.वि.स. वडा नं. ४, ५, ७ र ९, साविक साङपाङ गा.वि.स. वडा नं. १, २, ४ र ९, साविक देउराली गा.वि.स. वडा नं. ६**

| क्र.सं. | स्टेशन नं. | जग्गा धनीको नाम | बाबु/पति | बाजे/ससुरा | गा.वि.स. | वार्ड नं | कि.नं. | जम्मा क्षेत्रफल (रोपनी-आना-पैसा-दाम) | किसिम | अधिग्रहण क्षेत्रफल (वर्ग.मि.) | अधिग्रहण क्षेत्रफल | | | | मुआब्जा निर्धारण समितिले तोकेको प्रतिरोपनी मूल्य रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | रोपनी | आना | पैसा | दाम | |
| १ | AP 57A/0 | काजी ब. राई | राम ब. | सर्वजित | देउराली | ६ | ४६७ | ६-०-२-१ | खे.सी. | ९०.०० | ० | २ | ३ | १.२५ | २९०००० |
| २ | AP 57A/0 | तारा कुमारी राई | हरि ब. | टेक ब. | देउराली | ६ | ४६९ | ४-१०-१-० | खे.सी. | ४५०.०० | ० | १४ | ० | २.५ | २९०००० |
| ३ | AP 57A/0 | धनमाया राई | वीर ब. | रह ब. | देउराली | ६ | ४७० | ३-१-१-२ | खे.सी. | २३०.०० | ० | ७ | ० | ३.७५ | २९०००० |
| ४ | AP 57A/0 | भति नारायण राई | खडीमान | पूर्णजित | देउराली | ६ | ४७२ | ५-२-२-१ | खे.सी. | १००.०० | ० | ३ | ० | २.२५ | २९०००० |
| ५ | AP 58/0 | देवी खड्का | पदम ब. | बखत ब. | देउराली | ६ | ५४९ | १९-१५-०-१ | खे.सी. | १०५३९८ | २ | १ | ० | २.३७ | ३००००० |
| ६ | AP 61/0 | नर बहादुर तामाङ्ग | | | देउराली | ६ | १०६२ | ३७-५-२-० | खे.सी. | ६६०.०० | १ | ४ | ३ | ०११ | २९०००० |
| ७ | AP 61A/0 | दुर्याधन राई | डम्बर ब. | जवर ब. | साङपाङ | ९ | ५८७ | ६-११-१-१ | खे.सी. | ४६०.०० | ० | १४ | १ | ३.५ | २९०००० |
| ८ | AP 61A/0 | धनार्जन राई | अड ब. | जवर ब. | साङपाङ | ९ | ५८५ | १४-११-३-० | खे.सी. | ४३०.०० | ० | १३ | २ | ०.२५ | २८०००० |
| ९ | AP 61B/0 | पदमस्वरी राई | कर्ण | राम | साङपाङ | ९ | ५५० | ११-२-१-३ | खे.दो. | ९.०० | ० | ० | १ | ०.५ | २८०००० |
| १० | AP 61B/0 | विश्वराम राई | कर्ण ब. | राम चन्द्र | साङपाङ | ९ | ५४९ | ९-९-३-३ | खे.दो. | ९५०.०० | १ | १३ | ३ | २ | २८०००० |
| ११ | AP 61B/0 | पदम ब. राई | कर्ण ब. | राम चन्द्र | साङपाङ | ९ | ६०६ | ३-२-०-३ | खे.सी. | ५०.०० | ० | १ | २ | १ | २८०००० |
| १२ | AP 62/0 | धुर्वलाल राई | बलराम | जात सि. | साङपाङ | ९ | ३४७ | ८-१०-१-२ | खे.सी. | ९७३९९ | १ | १४ | २ | २११ | २८०००० |
| १३ | AP 62/0 | धुर्वलाल राई | बलराम | जात सि. | साङपाङ | ९ | ३४६ | ९-१४-१-२ | खे.सी. | १२३३२ | ० | ३ | ३ | २.०५ | २८०००० |
| १४ | AP 63/0 | धनहर्क राई | कृष्ण भन्ने विकराम | | साङपाङ | ९ | ३३९ | ११-१५-०-१ | पा.सी. | ३९.७५ | ० | १ | १ | ० | २८०००० |
| १५ | AP 63/0 | पदम ब. राई | कर्ण ब. | | साङपाङ | ९ | ३३८ | १-८-०-१ | खे.सी. | ८३०.०० | १ | १० | ० | १.६५ | २८०००० |
| १६ | AP 64/0 | पर्शुराम ठकुरी | जंगभकत | | साङपाङ | ९ | ६३ | २-१-२-२ | खे.चा. | १६०.०० | ० | ५ | ० | ०.५१ | २८०००० |
| १७ | AP 64/0 | गोमा देवी नेपाल | एकराज | | साङपाङ | ९ | ६१ | १-४-३-० | खे.चा. | २५०.०० | ० | ७ | ३ | १.८ | २८०००० |
| १८ | AP 64/0 | लिचिन्द्र ब. राई | टिकाराम | | साङपाङ | ९ | ६० | ५-१२-३-० | खे.चा. | २५०.०० | ० | ७ | ३ | १.८ | २८०००० |
| १९ | AP 64/0 | सिता देबी राई | तिलक बहादुर राई | | साङपाङ | ९ | ३०७ | ६-२-२-१ | खे.चा. | २३.८५ | ० | ० | ३ | ० | २८०००० |
| २० | AP 64A/0 | शिवराम राई | प्रताप सि. | | साङपाङ | ९ | १७५ | १०-८-२-३ | खे.चा. | २५४.३२ | ० | ७ | ३ | ३.९७ | २००००० |
| २१ | AP 64A/0 | रेवाराम राई | | | साङपाङ | ९ | ९४६ | ३-९-३-२ | | ५८०.०० | १ | २ | ० | ३.८५ | २००००० |
| २२ | AP 64A/0 | खडक ब. राई | वगमविर | | साङपाङ | ९ | ७१ | ३-१-३-२ | पा.चा. | ९५.३७ | ० | २ | ३ | ३.९९ | २००००० |
| २३ | AP 65/0 | तमान सि. राई | सवद | | साङपाङ | ९ | १५६ | १४-७-३-० | पा.चा. | ९९०.०० | १ | १५ | ० | २१७ | २२०००० |
| २४ | AP 66/0 | बिष्णु कुमार राई | कृष्ण ब. | | साङपाङ | २ | ५३९ | ७-१३-३-३ | पा.चा. | ३२०.०० | ० | १० | ० | १.०२ | ३००००० |
| २५ | AP 66/0 | शिव कुमार राई | शाखा सि. | | साङपाङ | ९ | ७६२ | २-१४-१-० | पा.चा. | ३८०.०० | ० | ११ | ३ | ३.२१ | ३००००० |
| २६ | AP 66/0 | कृष्ण माया राई | भगीसुर | | साङपाङ | ९ | ७६३ | २-१२-०-३ | पा.चा. | १७०० | ० | ० | २ | ०.५५ | ३००००० |
| २७ | AP 67/0 | बिष्णु कुमारी राई | कृष्ण ब. | | साङपाङ | २ | ५४९ | ७-१३-३-३ | पा.चा. | ८००.०० | १ | ९ | ० | २.५६ | ७७०००० |
| २८ | AP 68/0 | टिकारम घोसाइ | वलभद्रह | | साङपाङ | १ | ८८ | ६-२-३-३ | पा.चा. | ७५०.०० | १ | ७ | २ | १.४ | २००००० |
| २९ | AP 68/0 | कटे भुजेल | रवे | | साङपाङ | १ | ११० | ६-९-१-० | पा.सी. | ५.०० | ० | ० | ० | २.५१ | २००००० |
| ३० | AP 68/0 | अवे कार्की | धन विर | | साङपाङ | १ | १०९ | ४-०-७-३ | पा.सी. | १५.९० | ० | ० | २ | ० | २००००० |
| ३१ | AP 68/0 | शान्ति भुजेल | विष्णु भुजेल | | साङपाङ | १ | ८७ | ४-२-०-१ | पा.चा. | ८०.०० | ० | २ | २ | ०.२५ | २००००० |
| ३२ | AP 69/0 | अगनी प्र. राई | बम प्र | | साङपाङ | १ | ५९ | १३-६-३-३ | खे.सी. | ५०८.७४ | १ | ० | ० | ० | २८०००० |
| ३३ | AP 69/0 | अगनी प्र. राई | बम प्र | | साङपाङ | १ | ५७ | १-१-३-० | खे.सी. | ३९.७५ | ० | १ | १ | ० | २८०००० |
| ३४ | AP 70/0 | उद्धव प्र घोरसाइ | टिकाराम | | साङपाङ | ४ | ६३९ | ११-८-१-१ | खे.चा. | ८७०.०० | १ | ११ | १ | १.७८ | २८०००० |
| ३५ | AP 70A/0 | कुमारी तामाङ | धनराज | बौदमान | साङपाङ | ४ | ६५३ | १४-१५-१-१ | खे.सी. | ९३०.०० | १ | १३ | १ | ० | २८०००० |
| ३६ | AP 70A/0 | बुद्दिविर तामाङ | मान ब. | पूर्ण सि. | साङपाङ | ४ | ६६२ | ११-१५-२-३ | खे.सी. | ३१.७९ | ० | १ | ० | ० | २८०००० |
| ३७ | AP 71/0 | ज्ञान ब. तामाङ | बाधमान | | साङपाङ | ४ | ६६५ | १०-८-०-१ | खे.चा. | ११३२.५१ | २ | ३ | २ | १.८८ | २८०००० |
| ३८ | AP 72/0 | सुनमाया तामाङ | जवर ब. | | बोया | ५ | ३१४ | २-१३-०-२ | खे.सी. | ९५.३७ | ० | २ | ३ | ३.९९ | २८०००० |
| ३९ | AP 72/0 | पदम ब. तामाङ | रतन ब. | | बोया | ५ | ३१५ | ११-४-०-१ | खे.सी. | ६४०.०० | १ | ४ | ० | २.०५ | २८०००० |
| ४० | AP 73/0 | लिला ब. कार्की | भक्त ब. | | बोया | ५ | ८९० | ५-३-१-१ | खे.सी. | १.९९ | ० | ० | ० | १ | २५०००० |
| ४१ | AP 73/0 | प्रेम ब कार्की | भक्त ब. | | बोया | ५ | ८८९ | ६-३-०-१ | खे.सी. | २३.८५ | ० | ० | ३ | ० | २५०००० |
| ४२ | AP 73/0 | उपेन्द्र ब. कार्की | योगेन्द्र ब. | | बोया | ५ | ८९१ | २-१३-०-२ | खे.सी. | ८३०.०० | १ | १० | ० | १.६५ | २५०००० |
| ४३ | AP 74/0 | मिन प्र दाहाल | मुक्ति प्र | | बोया | ५ | २७० | ७-४-१-२ | पा.दो. | ५९०.०० | १ | २ | २ | ०.८९ | २८०००० |
| ४४ | AP 74/0 | टंक ब. कार्की | अविर ब. | | बोया | ५ | २६२ | ४-१४-२-१ | पा.दो. | २००.०० | ० | ६ | १ | ०.६४ | २८०००० |
| ४५ | AP 74A/0 | हिरा कुमार तामाङ | पदम सि. | | बोया | ५ | ७८० | २-६-०-१ | पा.दो. | २२०.०० | ० | ६ | ३ | २.७ | २८०००० |
| ४६ | AP 74A/0 | भिम ब. श्रेष्ठ | नईनद्र | | बोया | ५ | ९२६ | ३-१२-३-० | पा.दो. | ३००.०० | ० | ९ | १ | २.९६ | २८०००० |
| ४७ | AP 74A/0 | हिरा कुमार तामाङ | पदम सि. | | बोया | ५ | ७८१ | ६-०-०-१ | खे.सी. | ३७०.०० | ० | ११ | २ | २१८ | २८०००० |
| ४८ | AP 75/0 | घनश्याम श्रेष्ठ | दल ब. | | बोया | ४ | १२१४ | २-०-०-० | खे.सी. | २५०.०० | ० | ७ | ३ | १.८ | २७५००० |
| ४९ | AP 75/0 | धन ब. अलेमगर | भुवान सि. | | बोया | ४ | ८१५ | ३-८-०-० | खे.सी. | ६१०.०० | १ | ३ | ० | २.९५ | २७५००० |
| ५० | AP 75A/0 | मतिमाया मगर | लाल ब. | | बोया | ४ | ७६३ | १०-१३-०-० | पा.दो. | ५.०० | ० | ० | ० | २.५१ | २६५००० |
| ५१ | AP 75A/0 | सुरेश प्र. मगर | दल ब. | | बोया | ७ | ३०९ | १-१५-३-० | पा.सी. | ८०.०० | ० | २ | २ | ०.२५ | २६५००० |
| ५२ | AP 75A/0 | बुदधिमान मगर | चन्द्र ब. | | बोया | ७ | ३१० | ९-१२-३-० | पा.सी. | ७५०.०० | १ | ७ | २ | १.४ | २६५००० |
| ५३ | AP 76/0 | कुमार तामाङ | मान ब. | | बोया | ७ | ६४३ | ८-४-१-१ | पा.दो. | ७३०.०० | १ | ६ | ३ | ३.३३ | २७५००० |
| ५४ | AP 76/0 | लाल ब. बस्नेत | मकर ब. | | बोया | ७ | ६४४ | ७-१-३-३ | पा.दो. | ६३५८ | ० | १ | ३ | ३.९९ | २७५००० |
| ५५ | AP 76A/0 | गोरख श्रेष्ठ | ढाका प्र | | बोया | ४ | ११० | ३-८-३-३ | पा.दो. | १७०.०० | ० | ५ | १ | १.५४ | ३७५००० |
| ५६ | AP 76A/0 | दयालक्ष्मी श्रेष्ठ | डम्बर ब. बुढाथोकी | | बोया | ४ | १११ | ९-११-०-१ | पा.दो. | ८३०.०० | १ | १० | ० | १.६५ | ३७५००० |
| ५७ | AP 77/0 | यदु कुमारी श्रेष्ठ | भक्त ब. | | बोया | ७ | ५९६ | ४-६-२-२ | पा.दो. | २३.८५ | ० | ० | ३ | ० | २७५००० |
| ५८ | AP 77/0 | प्रसुराम श्रेष्ठ | कर्ण ब. | | बोया | ७ | ५९८ | ३-५-३-० | पा.दो. | ३१०.०० | ० | ९ | २ | ३.९९ | २७५००० |
| ५९ | AP 77/0 | श्री नारायण श्रेष्ठ | सिंह ब. | | बोया | ७ | ५९९ | २-५-२-१ | पा.दो. | ४८०.०० | ० | १५ | ० | १.५३ | २७५००० |
| ६० | AP 78/0 | यदु कुमारी श्रेष्ठ | खड्ग ब. | | बोया | ७ | ५३८ | ५-३-२-३ | पा.दो. | ३१.७९ | ० | ० | ३ | ३.९९ | २७५००० |
| ६१ | AP 78/0 | लोक ब. श्रेष्ठ | महेन्द्र मान | | बोया | ७ | ५३७ | ६-४-३-३ | पा.दो. | ६३०.०० | १ | ३ | ३ | १.०१ | २७५००० |
| ६२ | AP 78/0 | दल ब. श्रेष्ठ | खड्ग ब. | | बोया | ७ | ५३४ | ५-१५-१-१ | पा.दो. | १५.९० | ० | ० | २ | ० | २७५००० |
| ६३ | AP 79A/0 | फुल माया श्रेष्ठ | टंक ब. | | बोया | ९ | ८२९ | ०-१३-२-३ | पा.चा. | ५०.०० | ० | १ | २ | ११६ | २७५००० |
| ६४ | AP 79A/0 | फुल माया श्रेष्ठ | टंक ब. | | बोया | ९ | ८३० | १-१२-३-० | पा.दो. | ३४०.०० | ० | १० | २ | ३.०८ | २७५००० |
| ६५ | AP 79A/0 | हरी माया श्रेष्ठ | गुणराज | | बोया | ९ | ८३५ | ३-११-३-३ | पा.दो. | ३८१.४८ | ० | ११ | ३ | ३.९६ | २७५००० |
| ६६ | AP 80/0 | नेपाल ब. श्रेष्ठ | मेहरमान | | बोया | ९ | ८२० | ८-९-३-३ | पा.सी. | २२२.५३ | ० | ६ | ३ | ३.९७ | २१५००० |
| ६७ | AP 80/0 | धन ब रायमाझी | त्रिभुवन नारायण | | बोया | ९ | ८२४ | ३-३-०-२ | पा.सी. | १५८.९५ | ० | ४ | ३ | ३.९८ | २१५००० |
| ६८ | AP 80/0 | कर्ण कुमारी श्रेष्ठ | हरी कु. | | बोया | ९ | ८३२ | १२-१६-०-१ | पा.दो. | ५५०.०० | १ | १ | १ | ०.७६ | २१५००० |
| ६९ | AP 80A/0 | बिर ब. राई | अविर राम | | बोया | ९ | ७७३ | ५-१२-१-१ | पा.सी. | १३०.०० | ० | ४ | ० | १.४१ | २१५००० |
| ७० | AP 80A/0 | बिर ब. राई | अविर राम | | बोया | ९ | ७७६ | ५-१४-२-३ | पा.सी. | ७४०.०० | १ | ७ | १ | ०.३७ | २१५००० |
| ७१ | AP 81/0 | देवधारा खतिवडा | आनन्द मनोहर | | बोया | ९ | ५७३ | ६-१२-०-० | पा.चा. | २२०.०० | ० | ६ | ३ | २.७ | १५०००० |
| ७२ | AP 81/0 | बिर ब. राई | अजिवराम | | बोया | ९ | ५७४ | ४-१-२-१ | पा.चा. | ३५५.०० | ० | ११ | ० | २.६३ | १५०००० |
| ७३ | AP 81/0 | उत्तर कुमार तमाङ | नीत ब. | | बोया | ९ | ५७६ | ३-०-३-२ | पा.चा. | ६०.०० | ० | १ | ३ | २१९ | १५०००० |
| ७४ | AP 82/0 | टेक ब. रायमाझी | रत्न ब. | | बोया | ९ | १२६५ | १८-९-३-३ | खे.सी. | ८७०.०० | १ | ११ | १ | १.७८ | १७०००० |

**नोट:-**

**१. माथि सिफारिस गरिएको जग्गाको दररेट प्रति रोपनीको मूल्यांकन भएकाले अधिग्रहण गरिएको जग्गाको क्षेत्रफल अनुसार कायम हुन आउने रकम मात्र सम्बन्धित जग्गा धनीले पाउने छ ।**

# प्रदेश-१

## विराटनगरमा वार्षिक एक हजारभन्दा बढी घर निर्माण

# रहेन बाहिरी मानिसको आकर्षण

■ महेन्द्र विष्ट



विराटनगर, फागुन ५ गते। बाहिरी मानिसको खासै आकर्षण बढ्न नसके पनि विराटनगर महानगरपालिकाभित्र प्रत्येक वर्ष एक हजारभन्दा बढी नयाँ घर थपिँदै गएका छन्। महानगरको घर नक्सा शाखाको पछिल्लो तीन वर्षको तथ्याङ्कले यही पुष्टि गरेको छ।

आर्थिक वर्ष २०७५/७६ मा एक हजार ४६३ वटा, आव २०७६/७७ मा ४५० वटा र आव २०७७/७८ मा एक हजार २१८ वटा नयाँ घर निर्माण भई सम्पन्नको प्रमाणपत्र लिएको महानगरपालिकाको घर नक्सा शाखाले जनाएको छ। चालू आर्थिक वर्ष २०७८/७९ को माघ तेस्रो सातासम्ममा नयाँ घर निर्माणका लागि ८३७ वटा घर नक्सा दर्ता भएका छन् भने ६१७ वटा घरले निर्माण सम्पन्न भएको प्रमाणपत्र लिएका छन्। महानगरभित्र अहिलेसम्म ५२ हजारको हाराहारीमा घर धुरी सङ्ख्या रहेको बताइन्छ।

नयाँ घर सम्पन्नको प्रमाणपत्र लिने र नयाँ घर निर्माणका लागि दर्ता हुने सङ्ख्या झन्डै उत्तिकै रहेको देखिन्छ। यस्तो सङ्ख्या वार्षिक एक हजारदेखि एक हजार चार सयको हाराहारीमा छ। महानगरभित्र नयाँ घर निर्माणको यो सङ्ख्या पछिल्लो तीन वर्ष मात्र नभएर छ वर्ष अगाडिदेखिको तथ्याङ्क हेर्दा पनि खासै परिवर्तन देखिँदैन।

आर्थिक वर्ष २०७६/७७ मा कोरोना भाइरस सङ्क्रमण रोकथामका लागि गरिएको बन्दाबन्दीका कारण निर्माण प्रभावित भए पनि अन्य वर्षमा एक हजारदेखि एक हजार चार सयको हाराहारीमा नयाँ घर निर्माण हुने गरेको घर नक्सा शाखाका प्रमुख घनश्याम काफ्ले बताउनुहुन्छ।

तर प्रदेश १ को राजधानीसमेत रहेको विराटनगर महानगरभित्र जुन दरमा सहरीकरण बढ्नुपर्ने हो त्यो दरमा बढ्न नसकेको अर्थशास्त्री तथा विराटनगरस्थित डिग्री क्याम्पसका प्राध्यापक डा. अर्जुनकुमार बरालको भनाइ छ। देशका अन्य महानगरको तुलनामा विराटनगरको जनसङ्ख्या नै कम रहेको दृष्टान्त प्रस्तुत गर्दै प्रा.डा.बरालले भन्नुभयो, “महानगरभित्र नयाँ-नयाँ रोजगारीका क्षेत्रहरू सिर्जना हुन नसक्नु, विराटनगर आसपासमै इटहरी, धरानलगायत पूर्व-पश्चिम राजमार्ग क्षेत्रका बजारहरूमै पहाडी क्षेत्रबाट आउने मानिसको आकर्षण बढ्दै जानु जस्ता कारणले विराटनगर महानगरभित्र बाहिरी मानिसको चाप बढ्न सकेको छैन।”

**बाहिरी मानिसलाई आकर्षित गर्न विकासका पूर्वाधार निर्माणदेखि रोजगारीका अवसर सिर्जना गर्ने कुरामा ध्यान दिनुपर्ने सुझाव**

द्वन्द्वकालीन समयमा कोसी पश्चिम सिरहा, सप्तरीलगायतका जिल्लाबाट विराटनगर बसाईं सरी आउने क्रम पनि शान्ति स्थापनापछि रोकिएको बताउँदै डा.बरालले भन्नुभयो, “शिक्षा र स्वास्थ्यको सुविधाबाहेक अन्य अवसर नभएकाले विराटनगर महानगरले बाहिरी मानिसलाई आकर्षण गर्न सकेको छैन।”

नयाँ निर्माण हुने अधिकांश घर महानगरको वडा नं. १, ३, ४, ८ र ११ मा बढी केन्द्रित भएको महानगर घर नक्सा शाखाका कर्मचारी चन्द्रानन्दन यादव बताउनुहुन्छ। विशेष गरेर यी वडामा पूर्वी पहाडी जिल्ला खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम र सङ्खुवासभाबाट बसाईं सरी आउने मानिसको चाप रहेको बताइन्छ। त्यसबाहेक मोरङ र सुनसरीकै पनि ग्रामीण क्षेत्रका पहाडी मूलका बासिन्दा यिनै वडामा बसोबास गर्न रुचाउने गरेको देखिन्छ।

महानगरको मुख्य बजार क्षेत्र रहेको वडा नं. ७ र ९ मा स्थान अभावले गर्दा नयाँ घर थपिँने अवस्था छैन। बाहिरी मानिस आउने तर नयाँ घर निर्माण हुने अवस्था नरहेकाले तला थपिँने काम मात्र हुने गरेको छ। महानगरको उत्तरी क्षेत्रको तुलनामा दक्षिणी क्षेत्रका वडा नं. १३, १४, १७ र १८ मा बाहिरबाट आउने मानिसको चाप कम छ। ती वडामा नयाँ घर निर्माण हुने क्रम पनि कम नै रहेको महानगरको घर नक्सा शाखाका कर्मचारी बताउँछन्।

पुराना बस्तीहरू रहनु, विकासका पूर्वाधारको निर्माण हुन नसक्नु, रोजगारीका अवसर पनि नहुनु र बाहिरी मानिसका लागि सहज वातावरण बन्न नसकेकाले महानगरको दक्षिण क्षेत्रका वडामा बाहिरी मानिसको आकर्षण बढ्न नसकेको विराटनगरस्थित डिग्री क्याम्पसका समाजशास्त्र विषयका सहप्राध्यापक डिल्ली प्रसाईं बताउनुहुन्छ।

आगामी दिनमा विराटनगर महानगरले बाहिरी मानिसलाई आकर्षित गर्न विकासका पूर्वाधार निर्माणदेखि रोजगारीका अवसर सिर्जना गर्ने कुरामा ध्यान दिनुपर्ने बौद्धिक क्षेत्रका व्यक्तिहरूको सुझाव छ।

## आतङ्क मच्याएको आरोपमा नौ जना पक्राउ

■ बिर्तामोड समाचारदाता

बिर्तामोड, फागुन ५ गते। झापाका विभिन्न स्थानमा हिमाल सुरक्षा परिषद्को नाममा विस्फोटक राखी आतङ्क मच्याएको आरोपमा नौ जनालाई विभिन्न स्थानबाट पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ।

बिर्तामोड, दमक र कनकाईमा प्रेसर कुकर बम राखी हिमाल सुरक्षा परिषद्को पर्चा राखिएको थियो। बमलाई सेनाको प्राविधिक टोलीले निस्क्रिय बनाएको थियो। यस घटनामा सामेल भएको आरोपमा इलाका प्रहरी कार्यालय बिर्तामोड र दमकको टोलीले विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो।

घटनाका मुख्य योजनाकार गौरादह नगरपालिका-२ का ३८ वर्षीय सुमनकुमार कार्कीसहित गौरादह-५ का ३३ वर्षीय प्रदिप थापा, कनकाई नगरपालिका-३ का भीष्म थापा र सोही स्थानका कुमार सिटौला, दमक नगरपालिका-९ चिया दोकानकी देवी बास्कोटा गुरागाईं, शिवसताक्षी नगरपालिका-१ का शरुण लिम्बू, सङ्खुवासभाको खाँदवारी-१० घर भई हाल मोरङ सुन्दरहरैंचा-६ बस्ने मनोमोहन दाहाल, गौरीगञ्ज गाउँपालिका-३ का अन्नत गिरी र विजयकुमार दास पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता बसन्तकुमार पाठकले बताउनुभयो।

विगतमा समेत सो समूहले गोरखा जनमुक्ति पार्टीबाट चन्दा आतङ्क र बम राख्ने काम गर्दै आएकोमा हाल अर्को नाम राखी सोही कामलाई निरन्तता दिने गरेको प्रहरीले जनाएको छ। पक्राउ परेकाहरू अधिकांश लागूऔषध कारोबार तथा वैदेशिक रोजगारीमा ठगी आरोपमा पक्राउ परी कैद भुक्तान गरेका रहेकासमेत प्रहरी प्रवक्ता थापाले बताउनुभयो। पक्राउ परेका सबैलाई जिल्ला प्रहरी कार्यालयमा राखी म्याद थपेर विष्फोटक पदार्थ सम्बन्धी कसुरमा कारबाही अगाडि बढाइएको प्रहरीले जनाएको छ।

## भौतिक पूर्वाधारको असर शिक्षामा

■ इनरुवा समाचारदाता

इनरुवा, फागुन ५ गते। सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा शिक्षाको अधिकार सम्बन्धमा सरोकारवालाहरूबीच अन्तरक्रिया भएको छ।

सामुदायिक विद्यालयहरूको पूर्वाधार कमजोर हुँदा त्यसको चौतर्फी असर परेको शारदा मावि ढोकका प्रधानाध्यापक रामुप्रसाद मेहताले बताउनुभयो। जनता मावि नरसिंहका प्रधानाध्यापक जदु साहले केहीले बीचमै पढाइ छाड्ने समस्या पनि कुनै न कुनै रूपमा भौतिक पूर्वाधारसँग जोडिएकाले त्यसमा सुधारको खाँचो रहेको बताउनुभयो। भोक्राहा नरसिंह गाउँपालिका अध्यक्ष महेन्द्रप्रसाद यादवले विद्यालयको भौतिक व्यवस्थापन कमजोर हुँदा शैक्षिक गुणस्तर र विद्यार्थीको आकर्षण बढ्न नसकेको बताउनुभयो।

## मेडिकल कलेज स्थापना गर्न आग्रह

■ इलाम समाचारदाता

इलाम, फागुन ५ गते। इलाम नगरपालिकाले इलाममा मेडिकल कलेज स्थापनाको कार्यअघि बढाउन सरकारलाई अनुरोध गरेको छ। नगरको दशौं नगरसभाबाट विशेष प्रस्ताव पारित गर्दै यसअघि मन्त्रालयबाट अध्ययन अवलोकनका लागि आएको टोलीले बुझाएको प्रतिवेदन अनुसार मेडिकल कलेज स्थापनाको प्रक्रिया थाल्न सरकारलाई आग्रह गरिएको छ।

डाक्टर गोविन्द केसीको अनसन पश्चात सरकारले डा.केसीसँग गरेको सम्झौता अनुसार देशको पूर्वी पहाड र पश्चिममा एक-एकवटा मेडिकल कलेज स्थापना गर्ने सर्त रहेको थियो। सोही अनुसार इलाम वा पाँचथरमा मेडिकल कलेज स्थापना गर्ने भनिएकोमा मन्त्रालयबाट आएको सम्भाव्यता अध्ययन टोलीले इलाममा र इलामको पनि इलाम अस्पताललाई आधार मानी त्यसको दश किलोमिटर आसपासमा मेडिकल कलेज स्थापना गर्न सकिने प्रतिवेदन सरकारलाई बुझाएको थियो।

मेडिकल कलेज स्थापनाका लागि तीन सय शय्या क्षमताको अस्पताल हुनुपर्ने भएकाले टोलीले इलाम अस्पतालको क्षमता विस्तार गर्दै इलाममै मेडिकल कलेज बनाउन सकिने प्रतिवेदन बुझाएको इलाम नगरपालिका प्रमुख महेश बस्नेतले बताउनु भयो।

“अहिले इलाम अस्पताललाई नै स्तरवृद्धि गरी आवश्यक भौतिक पूर्वाधारका काम गर्न सजिलो देखियो, जनसङ्ख्याको चाप रहेकै स्थानमा मेडिकल कलेज चाहिने रहेछ,” अस्पताल विकास समिति अध्यक्ष तथा जिल्ला समन्वय समिति प्रमुख गणेश बरालले भन्नुभयो।


### खाता नं. सच्याइएको बारे।

उपरोक्त विषयमा नेपाल नागरिक उड्डयन प्राधिकरण, संचार तथा उड्डयन सहाय विभाग, सिनामंगल, काठमाडौंबाट मिति २०७८/११/०२ गते Invitation for Bid सम्बन्धी सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्दा भुलबश Bid Document को लागि खाता नं. 1090100064917001 हुनु पर्नेमा 109006491701 र Bid Security को लागि खाता नं. 1690100000118001 हुनु पर्नेमा 169000011801 भएकोले खाता नं. सच्याइएको जानकारी गरिन्छ।



Government of Nepal
Ministry of Water Supply
**Kathmandu Valley Water Supply Management Board (KVWSMB)**
Sainbu, Bhaisepati, Lalitpur, Nepal

**Amendment No. 1**

(Date of publication: 18 February 2022

This is to inform all the concerned bidders that amendment has been made to the EOI for Consulting assignment for: **"Detail Engineering Survey, Design, Drawing, Cost Estimate and Procurement Documents Works of Sisneri Water Supply Project",** EoI No: 07-2078/79 published in Gorkhapatra National daily on 6th February 2022. Please visit PPMO e-GP system www.bolpatra.gov.np/egp or visit the client's website http://www.kvwsmb.org.np/ for further details.

**Executive Director, KVWSMB**



**मध्यपश्चिम विश्वविद्यालय**
**सेवा आयोगको कार्यालय**
**सुर्खेत, नेपाल**

मध्यपश्चिम विश्वविद्यालय सेवा आयोगको कार्यालयबाट मिति २०७८/११/०४ गतेको गोरखापत्रमा प्रकाशित लिखित परीक्षाको नतिजा प्रकाशन तथा अन्तर्वार्ता सम्बन्धी सूचनामा

| विज्ञापन नं. | पद | लिखित परीक्षामा सफल उम्मेदवारहरूको रोल नं. | अन्तर्वार्ता हुने मिति र समय |
|---|---|---|---|
| ४८/ २०७५/०७६ | मुख्य सहायक (प्रशासन) | खुला : १११E, ११७E, १८०E, ९२E, ११६E<br>महिला : ११३E, ५९E, १९E, ८८E, १११E, १८९E, ०२E, | २०७८/११/२५ बिहान ८ बजेदेखि |

हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ।

**मध्यपश्चिम विश्वविद्यालय**
**सेवा आयोग म.प.वि.**
**सुर्खेत, नेपाल**



**धूमपान स्वास्थ्यका लागि हानिकारक छ।**



**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**गण्डकी प्रादेशिक कार्यालय**

**विद्युत मिटर नामसारी/बोलपत्र/सिलबन्दी दरभाउपत्र आह्वान तथा स्वीकृत गर्ने आशय सम्बन्धी सूचनाहरू**

(सूचना प्रकाशित मिति : २०७८/११/०६)

**(१) विद्युत मिटर नामसारीको सूचना :**

यस प्रादेशिक कार्यालय अन्तर्गत लेखनाथ वितरण केन्द्रका ग्राहकहरूको विद्युत मिटर नामसारी गर्न परेका निवेदकहरूको विवरण ने.वि.प्रा. को वेबसाइट www.nea.org.np/regional/6 मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**(२) बोलपत्र/ सिलबन्दी दरभाउपत्र आह्वानको सूचना:**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा** (फोन नं. ०६१-४६१५०० इमेलः pokhara.ro@nea.org.np)

| सि.नं. | बोलपत्र/सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण |
|---|---|---|
| १. | GPO-2078/079-06(E-Bid) Re | Supply and Delivery of ACSR Conductor. |

**(३) सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**
**(क) बाग्लुङ वितरण केन्द्र** (फोन नं. ०६८-५२०८२०, इमेल : baglung@nea.org.np)

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | छनोट भएको दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|
| १ | BDC/2078/79-03(SQ) | श्री आचार्य निर्माण सेवा | रु.५,३३,१७७।०५ |
| २ | BDC/2078/79-04(SQ) | श्री कुस्मा कन्स्ट्रक्सन | रु.५,६६,३४१।८८ |
| ३ | BDC/2078/79-05(SQ) | श्री कुस्मा कन्स्ट्रक्सन | रु.३,८०,२७२।०६ |
| ४ | BDC/2078/79-06(SQ) | श्री कुस्मा कन्स्ट्रक्सन | रु.२,४५,७६५।१७ |
| ५ | BDC/2078/79-07(SQ) | श्री कुस्मा कन्स्ट्रक्सन | रु.५,८९,७४०।६७ |
| ६ | BDC/2078/79-08(SQ) | श्री कुस्मा कन्स्ट्रक्सन | रु.८,५५,७७६।४५ |
| ७ | BDC/2078/79-09(SQ) | श्री कुस्मा कन्स्ट्रक्सन | रु.४,७८,६६७।३८ |

**(ख) स्याङ्जा वितरण केन्द्र** (फोन नं. ०६३-४२३१७७, इमेल : syangja@nea.org.np)

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | छनोट भएको दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर सहित) |
|---|---|---|---|
| १ | NEA-SDC/078/79-03(SQ)RE | श्री अर्घदरबार इन्जिनियर्स एन्ड बिल्डर्स, भरतपुर चितवन। | रु.४,३०,५९७।८० |
| २ | NEA-SDC/078/79-04(SQ)RE | श्री अर्घदरबार इन्जिनियर्स एन्ड बिल्डर्स, भरतपुर चितवन। | रु.२,७२,८३८।५० |
| ३ | NEA-SDC/078/79-05(SQ)RE | श्री अर्घदरबार इन्जिनियर्स एन्ड बिल्डर्स, भरतपुर चितवन। | रु..२,०३,८५२।०० |

for details please visit *www.ppmo.gov.np/egp* & For further information please contact respective offices.



**नेपाल टेलिकम**
**(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)**
**केन्द्रीय कार्यालय**
**सूचना नं. ६।०७८।७९**

**कार्य क्षमता मूल्याङ्कन बढुवा सिफारिस**

**प्रकाशित मिति : २०७८।११।०६**

यस पदपूर्ति समितिको निम्न विज्ञापन अनुसारका पदहरूमा कार्यक्षमता मूल्याङ्कनका आधारमा बढुवाद्वारा स्थायी पदपूर्ति गर्न मिति २०७८ आषाढ मसान्तसम्म सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, कर्मचारी विनियमावली, २०६१ बमोजिम आवश्यक सेवा अवधि पूरा गरेका, सम्बन्धित सेवा समूहका कर्मचारीहरूमध्ये रीतपूर्वक बढुवा फाराम दर्ता गर्ने उम्मेदवारहरूको उक्त विनियमावलीको विनियम १३,२४,२६,२७,२८,२९,३० र ३०क को अधीनमा रही कर्मचारीहरूले विनियम २४ (१०) बमोजिम प्राप्त गरेको उच्चतम प्राप्ताङ्कका आधारमा निम्नलिखित कर्मचारीहरूलाई बढुवाका लागि सिफारिस गर्ने गरी पदपूर्ति समितिबाट निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको साथै नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, कर्मचारी विनियमावली, २०७८ को विनियम ४३ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**(क) वि.नं.९/०७८/७९, अधिकृत स्तर, तह ९(प्रा./टे.), पद : उप प्रबन्धक, टेलिकम, पद सङ्ख्या : २२ (बाइस)**

| योग्यता क्रम नं. | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ५३८८ | व.ई. (टेलिकम) | सन्तोष भण्डारी | |
| २ | ५४०३ | ” | संजीव घिमिरे | |
| ३ | ६३८२ | ” | राकेश चौधरी | |
| ४ | ५४२६ | ” | परमात्मा भट्टराई | |
| ५ | ५३९० | ” | पंकज साह | |
| ६ | ५३९३ | ” | नवराज खतिवडा | |
| ७ | ५४३० | ” | हेमप्रभा रामप्रताप कर्ण | |
| ८ | ५४१३ | ” | राजेन्द्र दुलाल | |
| ९ | ५४१७ | ” | शिवराम तुईतुई | |
| १० | ५४०८ | ” | प्रक्षेत थापा क्षेत्री | |
| ११ | ५४२१ | ” | सुमोदा नन्द चौधरी | |
| १२ | ५३९८ | ” | बाबुराम पौडेल | |
| १३ | ५४०५ | ” | मनोज ज्ञवाली | |
| १४ | ५४२९ | ” | निर्मल राज चटौत | |
| १५ | ५४१० | ” | दिनेश चन्द्र पन्थी | |
| १६ | ५४२८ | ” | सुजन श्रेष्ठ | |
| १७ | ५४२२ | ” | सुशन श्रेष्ठ | |
| १८ | ५४०१ | ” | हरी कृष्णन के शर्मा | |
| १९ | ६८७५ | ” | चिन्मय आनन्द | |
| २० | ६३८८ | ” | बिनोद कुमार यादव | |
| २१ | ६९४९ | ” | निरन्जन घिमिरे | |
| २२ | ५४११ | ” | दिनेश चन्द्र यादव | ८२.११६ |

**(ख) वि.नं.१०/०७८/७९, अधिकृत स्तर, तह ९(प्रा./सिभिल), पद : उप प्रबन्धक, सिभिल, पद सङ्ख्या : २(दुई)**

| योग्यता क्रम नं. | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | २९७ | ब.ई. (सिभिल) | राजन कुमार श्रेष्ठ | |
| २ | ३०५ | ” | बिना मल्ल | ७८.०५८ |

**(ग) वि.नं.११/०७८/७९, अधिकृत स्तर, तह ९(प्रा.), पद : उप प्रबन्धक, प्राविधिक, पद सङ्ख्या : १(एक)**

| योग्यता क्रम नं. | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | २९३८ | व.प्रा.अ. | बलराम जोशी | ८६.८५८ |

**(घ) वि.नं.१२/०७८/७९, अधिकृत स्तर, तह ९(प्र./ले.), पद : उप प्रबन्धक, लेखा, पद सङ्ख्या : ३(तीन)**

| योग्यता क्रम नं. | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ४८३४ | व.ले.अ. | मुक्ती प्रसाद अर्याल | |
| २ | ३४९९ | ” | गोविन्द अवस्थी | |
| ३ | ४६४८ | ” | डम्बर बहादुर चन्द | ८४.७०१ |

**(ङ) वि.नं.१३/०७८/७९, अधिकृत स्तर, तह ९(प्र.), पद : उप प्रबन्धक, प्रशासन, पद सङ्ख्या : ५(पाँच)**

| योग्यता क्रम नं. | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ३५०० | व.व्या.अ. | हेडम्ब राज देवकोटा | |
| २ | ३६३१ | व.प्र.अ. | दिनेश कुमार विशाल रेग्मी | |
| ३ | १९७९ | ” | राम बहादुर बुढाथोकी | |
| ४ | ३५५४ | ” | प्रेम प्रसाद उपाध्याय | |
| ५ | ४४४९ | ” | सीता खनाल | ६९.९२७ |

**(च) वि.नं.१४/०७८/७९, अधिकृत स्तर, तह ९(प्रा/प्र./का.), पद : उप प्रबन्धक, कानून, पद सङ्ख्या : १(एक)**

| योग्यता क्रम नं. | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ६९१८ | व.व्या.अ. | बिष्णु पोखरेल | ६५.१५२ |

**सदस्य सचिव**
**पदपूर्ति समिति**



**Nepal Electricity Authority**
Lumbini Province Division Office, Nepalgunj Banke

**Online Bids Only**

Date of Notice Publication: 2078/11/06

| Contract Name | Contract Number | Detail Information |
|---|---|---|
| 11 kv line construction work | NEA/GDC-LC-2078/079-SQ03 Re | www.bolpatra.gov.np/egp, For Inquiry, Contact No:- 082-561201 |
| 11 kv line construction work | NEA/GDC-LC-2078/079-SQ04 Re | |



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**परीक्षा नियन्त्रण कार्यालय**
**सानोठिमी, भक्तपुरको**

**शैक्षिक सत्र २०७८/७९ का लागि प्रवीणता प्रमाणपत्र तह नर्सिङ कार्यक्रममा पूर्ण शुल्कीयतर्फ उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूबाट भर्नाका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति : २०७८।११।०६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण तथा सम्बन्धन महाशाखाको च.नं. १९००, मिति २०७८।१०।२६ गतेको पत्रानुसार शैक्षिक सत्र २०७८/०७९ का लागि प्रमाणपत्र तह नर्सिङ कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धन/स्वीकृति पाएको र परीक्षा समितिको मिति २०७८।११।०५ गतेको निर्णयानुसार **मिथिला टेक्निकल एकेडेमी, जनकपुरधाम, धनुषा**मा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति बाहेकका तोकिएका कोटामा प्रा.शि.तथा व्या.ता.परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७८।०८।०८ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online Entry भएका पूर्ण शुल्कीय तर्फको प्रवीणता प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको भर्ना प्रक्रियामा सहभागी भएका सम्पूर्ण परीक्षार्थीहरूलाई पूर्ण शुल्कीय लक्षित वर्ग, प्राविधिक एस.एल.सी (अनमी), पुरुष नर्सिङ कोटा र पूर्ण शुल्कीय खुला कोटामा सोही कोटाको उत्तीर्ण सूची (Alternative/Cut off/Pass list) मा रहेका परीक्षार्थीहरू मध्येबाट भर्ना अनुमति प्राप्त गरेको प्राप्ताङ्कको योग्यता क्रमका आधारमा छनोट गरी विद्यार्थी भर्ना गर्नुपर्ने भएकाले मिति २०७८।११।१२ गते कार्यालय समयभित्र सम्बन्धित इच्छुक परीक्षार्थीहरूले **सम्बन्धित शिक्षण संस्था**मा भर्ना अनुमति पत्रको प्रतिलिपि र परिषद्को वेबसाइटमा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत जानकारीका लागि www.ctevtexam.org.np मा हेर्नुहुन अनुरोध छ।

**परीक्षा नियन्त्रक**

गोरखापत्र
# अर्थ बजार
१४
२०७८ साल फागुन ६ गते शुक्रबार 2022 February 18 Friday
www.gorkhapatraonline.com


तनहुँको बन्दीपुर गाउँपालिका–५, याम्पामा बाँसको खरेटो (कुचो) बनाउँदै भुजेल परिवार। स्थानीय भुजेल जातिकै यो पुख्र्यौली पेसा हो। तस्बिर : अमरराज नहर्की

# खाने तेलमा उच्च मूल्य वृद्धि

## अस्वाभाविक मूल्य बढाउने उद्योगको विवरण मागेर अध्ययन हुँदै

■ सीता शर्मा

काठमाडौँ, फागुन ५ गते। पछिल्लो एक महिनाको बीचमा खाने तेलको मूल्य प्रतिलिटरमा ४० रुपियाँसम्म बढेको पाइएको छ।

नेपाल खुद्रा व्यापार सङ्घका अनुसार पछिल्लो एक महिनाको अवधिमा खाने तेलको मूल्य लिटरमा ४० रुपियाँसम्म बढेको छ। भटमास, सनफ्लावर तथा भुटेको तोरीको तेलको तुलनामा काँचो तोरीको तेलको मूल्य धेरै बढेको सङ्घले जनाएको छ।

सङ्घका अनुसार यसअघि प्रतिलिटर ३३० देखि ३४० रुपियाँसम्म पाइने काँचो तोरीको तेल अहिले लिटरमा ४० रुपियाँ बढेर ३७० रुपियाँ पुगेको छ। यसैगरी भटमासको तेलको मूल्य प्रतिलिटर २४० रुपियाँ, सूर्यमुखी तेलको २६० र तोरीको तेल (भुटेको)को ३४५ रुपियाँ पुगेको छ।

उपभोक्ता अधिकार तथा अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले अन्तर्राष्ट्रिय बजारमा तेलका लागि आवश्यक पर्ने कच्चा पदार्थको मूल्य बढ्यो भन्दै तेल उद्योगीले अनावश्यक मूल्य बढाउँदा सरकार रमिते बनेको आरोप लगाउनुभयो।

"अहिले तेलको मूल्य कार्टोनमा १०० देखि १५० रुपियाँसम्म बढेको छ। अहिले उपभोक्तालाई आवश्यक पर्ने सम्पूर्ण वस्तुको मूल्य बढेको छ। बजार अनुगमन र नियन्त्रण गर्ने नियामक निकाय नै लामो समयदेखि नेतृत्वविहीन बन्दासमेत सरकारले ध्यान दिएको छैन। सरकार नै मूल्य बढाउने पक्षमा भएकोजस्तो देखिन्छ," उहाँले भन्नुभयो।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले खाने तेलको अस्वाभाविक मूल्य बढाउने उद्योगको विवरण मागेर अध्ययन सुरु गरेको छ। पछिल्लो पटक खाने तेलको अस्वाभाविक मूल्य बढेको गुनासो आएपछि विभागले उद्योगीसँग विवरणमा माग गरेर अध्ययन थालेको जनाएको छ।



विभागका निर्देशक हरि पङ्गेनीले खाने तेलको मूल्य बढेको धेरै गुनासो आएपछि केही उद्योगको अध्ययन गर्दा ३–४ प्रतिशत मूल्य बढेको देखिएको बताउनुभयो। अस्वाभाविक मूल्य देखिएको अवस्थामा उद्योगसँग थप विवरण माग गरेर विभागले अध्ययन गर्दै गरेको उहाँले बताउनुभयो।

निर्देशक पङ्गेनीका अनुसार पेट्रोलियम पदार्थको मूल्य बढेपछि अधिकांश उद्योगीले खाने तेलको मूल्य बढाउने गरेका छन्। उहाँले भन्नुभयो, "अध्ययनमा चित्तबुझ्दो देखिएन भने पुनः विवरण माग गर्छौं। त्यति गर्दा पनि चित्तबुझ्दो भएन भने कानुनअनुसार अगाडि बढ्छौं।"

विभागले माघको अन्तिमतिर तेल उद्योगीसँग छलफल गरी तेलको मूल्य बढ्नुको कारणसहित तीन दिनभित्र आवश्यक कागजात पेस गर्न निर्देशन दिएको थियो। विभागले देशभर रहेका तेल उत्पादन गर्दै आएका १८ वटा उद्योगलाई पत्राचार गरेकामा अधिकांशको विवरण आएको जनाएको छ।

"गलत नियतले एकै रुपियाँ पनि ठगी गरेको छ भने त्यस्ता उद्योगी कसुरअनुसार कारबाहीको भागिदार हुनैपर्छ," उहाँले थप्नुभयो। उहाँले विवरण बुझाउन अटेर गर्ने व्यापारीले असहयोग गरेमा कारबाही हुने बताउनुभयो।

नेपाल राष्ट्र बैङ्कको पछिल्लो तथ्याङ्कअनुसार २०७७ पुसको तुलनामा २०७८ पुसमा घिउ र तेलको मूल्य २१ दशमलव २२ प्रतिशत बढेको छ। उद्योगीले तेल उत्पादनका लागि कच्चा पदार्थ विदेशीबाट ल्याउनुपर्ने र त्यो बढेर आएकाले तेलको मूल्य बढाउनु परेको बताउँदै आएका छन्।

# अनुत्पादक क्षेत्रको कर्जामा कडाइ गर्दै राष्ट्र बैङ्क

■ भेषराज बेलवासे

काठमाडौँ, फागुन ५ गते। पछिल्लो समय बैङ्किङ क्षेत्रमा देखिएको तरलतालाई सहज गराउन नेपाल राष्ट्र बैङ्कले अनुत्पादक क्षेत्रमा प्रवाह हुने कर्जामा थप कडाइ गर्ने भएको छ।

चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत यस्तो घोषणा गरिएको हो।

जग्गा प्लटिङ, हायर पर्चेज कर्जा, आयातका लागि जाने कर्जा, सेयर धितोमा जाने जस्ता कर्जा नीतिमा पुनरवलोकन हुने राष्ट्र बैङ्कका प्रवक्ता डा. गुणाकर भट्टले जानकारी दिनुभयो।

राष्ट्र बैङ्कले बिहीबार मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गरेको ट्रस्ट रिसिटलगायतका आयात कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा, जग्गा प्लटिङसम्बन्धी रियल स्टेट कर्जा, व्यक्तिगत हायर पर्चेज कर्जा तथा मार्जिन प्रकृतिका कर्जाको जोखिम भारमा पुनरवलोकन गरिने जनाएको छ।

यसअघि राष्ट्र बैङ्कले आयातमा जाने कर्जामा कडाइ गरेको थियो भने सेयर धितोमा जाने कर्जामा पनि सीमा तोकेर कडाइ गरेको थियो। हाल मार्जिन प्रकृतिको सेयर धितो कर्जा र हायर पर्चेजमा बैङ्कहरूले कर्जा लगानी गर्दा शतप्रतिशत जोखिम भार रहेको छ। अब त्यसलाई परिमार्जन गर्दै बैङ्कहरूले उक्त क्षेत्रमा कर्जा प्रवाहमा निरुत्साहन गर्न जोखिम भार बढाउने तयारी गरिएको हो।

बाह्य क्षेत्र र तरलतामा विद्यमान चापको स्थितिलाई दृष्टिगत गर्दै बाह्य क्षेत्र स्थायित्वसहित समष्टिगत आर्थिक स्थायित्व कायम राख्नेतर्फ मौद्रिक व्यवस्थापनलाई परिलक्षित गरिने प्रवक्ता भट्टले बताउनुभयो।


मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा

बाह्य क्षेत्रमा देखापरेको असन्तुलनलाई मध्यनजर गर्दै कोभिड–१९ महामारीको असाधारण परिस्थितिका कारण प्रभावित अर्थतन्त्रको पुनरुत्थानलाई सहजीकरण गर्न अवलम्बन गरिएका पुनर्कर्जा सुविधालगायतका अन्य नियामकीय सुविधालाई क्रमशः कम गर्दै यस्ता सुविधालाई कोभिड सङ्क्रमणबाट अति प्रभावित भई पुनरुत्थान हुन बाँकी रहेका क्षेत्रतर्फ मात्र केन्द्रित गरिने मौद्रिक नीति समीक्षाको कार्यदिशा रहेको छ। आन्तरिक तथा बाह्य क्षेत्र सन्तुलनलाई सुदृढ बनाउन वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रमा प्रवाह गराउने दिशामा जोड दिइने समीक्षामा उल्लेख छ।

### ■ ब्याजदर वृद्धि

राष्ट्र बैङ्कले बैङ्कहरूले राष्ट्र बैङ्कसँग लिने सापटीको ब्याजदरलाई बढाएको छ। यसअघि पाँच प्रतिशत ब्याजदरमा तरलता सुविधा दिँदै आएको राष्ट्र बैङ्कले स्थायी तरलता सुविधा दर सात प्रतिशत बनाएको छ।

यस्तै नीतिगत रिपो दर ५.५ प्रतिशत र निक्षेप सङ्कलन दर चार प्रतिशत कायम गरिएको छ। विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातमा भने परिवर्तन गरिएको छैन।

विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई भने यथावत् कायम राखिएको छ भने राष्ट्र बैङ्कबाट बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गरेको असल कर्जाको धितोमा प्रदान गरिने पुनर्कर्जा सुविधाअन्तर्गत सम्बन्धित ग्राहकबाट लिन पाउने अधिकतम ब्याजदर सात प्रतिशत कायम गरिने समीक्षामा उल्लेख छ।

### ■ उत्पादनमूलक क्षेत्रको ब्याजदर घाइने

केन्द्रीय बैङ्क नेपाल राष्ट्र बैङ्कले उत्पादनमूलक क्षेत्रको ब्याजदर अन्य क्षेत्रको भन्दा कम गर्ने नीति लिने भएको छ। बैङ्क तथा वित्तीय संस्थाहरूले दिने विभिन्न कर्जामध्ये उत्पादनशील क्षेत्रतर्फ प्रवाह गरिने कर्जाको ब्याजदर अन्य क्षेत्रतर्फ प्रवाह गरिने कर्जाको ब्याजदरभन्दा कम हुने गरी फरक पार्ने उद्देश्यले अध्ययन गरिने राष्ट्र बैङ्कले जनाएको छ। अध्ययनपश्चात् आगामी त्रैमासदेखि कुनै एक क्षेत्रमा कार्यान्वयन गरिने पनि राष्ट्र बैङ्कले जनाएको छ।

कोभिड–१९ को प्रभावलाई मध्यनजर गरी वाणिज्य बैङ्कहरूले आआफ्नो विशेषज्ञताका आधारमा तोकिएका क्षेत्रअन्तर्गतका कृषि, ऊर्जा तथा लघु, घरेलु, साना एवं मझौला उद्यम क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको सीमासम्बन्धी व्यवस्था पुनरवलोकन गरिने समीक्षामा उल्लेख छ।

चालू आर्थिक वर्षको पहिलो महिनादेखि नै बाह्य क्षेत्रतर्फ भुक्तानी सन्तुलन घाटामा गएको र साधन परिचालनको तुलनामा कर्जा माग उच्च रहेका कारण बैङ्किङ क्षेत्रको तरलतामा दबाब परेको राष्ट्र बैङ्कले जनाएको छ। कर्जा विस्तारको ठूलो अंश आयाततर्फ केन्द्रित भई शोधनान्तर घाटा बढ्दो र विदेशी विनिमय सञ्चिति घट्दो क्रममा रहेसम्म तरलता चाप स्थिति कायमै रहने राष्ट्र बैङ्कको निष्कर्ष छ।

भारतबाट क्रेडिट सुविधामा वस्तु आयात गर्न सकिने विद्यमान व्यवस्थामा पुनरवलोकन गरिनुका साथै गैरआवासीय नेपालीको नाममा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सकिनेसम्बन्धी विद्यमान व्यवस्थामा पुनरवलोकन गरिने भएको छ। विप्रेषण कम्पनीहरूले आफ्ना एजेन्ट र सब–एजेन्टमार्फत स्वदेशभित्र गर्ने रकम स्थानान्तरणको सीमालाई पनि पुनरवलोकन गरिने समीक्षामा उल्लेख छ।

यस्तै बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गरेको ट्रस्ट रिसिटलगायतका आयात कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा, रियल इस्टेट कर्जा, व्यक्तिगत हायर पर्चेज कर्जा तथा मार्जिन प्रकृतिको कर्जाको जोखिम भारमा पुनरवलोकन गरिने राष्ट्र बैङ्कले जनाएको छ।

राष्ट्र बैङ्कले पूर्वाधार विकास बैङ्कले पनि ऊर्जा ऋणपत्र जारी गर्न पाउने व्यवस्था गरेको छ।

# परिसूचक र कारोबार दुवैमा गिरावट

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। राजनीतिक र आर्थिक अनिश्चितता बढेको अवस्थामा सेयर लगानीकर्ता पर्ख र हेरको स्थितिमा रहेको देखिएको छ। यसको सङ्केत यो साताभरको कारोबारले देखाएको छ।

साताको अन्तिम कारोबार दिनमा पनि सेयर बजार ओरालो लागेको छ। बिहीबार नेप्से परिसूचकसँगै कारोबार रकम पनि घटेको छ। बिहीबार नेप्से परिसूचक १.९४ अङ्कले ओरालो लागेर २७३२.५१ को बिन्दुमा सीमित भएको छ। 'क' वर्गको कम्पनीको कारोबार मापक सेन्सेटिभ इन्डेक्स पनि ५१८.६४ अङ्कमा झरेको छ।

कुल २२७ कम्पनीको ४० लाख १७ हजार ४२९ सेयर किनबेच हुँदा दुई अर्ब २७ करोड ८१ लाख ७३ हजार ६६० रुपियाँको कारोबार भएको छ। बुधबार नेप्से परिसूचक झन्डै २० अङ्कले घटेको थियो भने कारोबार रकम तीन अर्ब रुपियाँ थियो।

बिहीबार कारोबारमा आएका १३ समूहमध्ये आठ समूहको परिसूचक घटेको छ भने बाँकी समूहको परिसूचक बढेर बजार बन्द भएको छ। व्यापार, जलविद्युत्, उत्पादन तथा प्रशोधन, अन्य र म्युचुअल फन्ड समूहको परिसूचक झिनो अङ्कले बढेका छन्।

कारोबारका आधारमा जीवन विकास लघुवित्त वित्तीय संस्था अग्रस्थानमा रहेको छ। कम्पनीको २२ करोड ३७ लाख ३६ हजार १९७ रुपियाँको कारोबार हुँदा अन्तिम सेयर मूल्य चार हजार ९६० रुपियाँ कायम भएको छ। १२ करोड २० लाख रुपियाँभन्दा बढीको कारोबार गरेर हिमालयन डिस्टिलरी दोस्रो स्थानमा रहेको छ। कम्पनीको अन्तिम सेयर मूल्य चार हजार २५५ रुपियाँ कायम भएको छ। उच्च कारोबार गर्ने अन्य कम्पनीमा नेपाल दूरसञ्चार कम्पनी, अरुण भ्याली जलविद्युत् विकास कम्पनी रहेका छन्। कारोबारबाट सबैभन्दा बढी आम्दानी गर्ने कम्पनीमा तेह्रथुम पावर कम्पनी, युनाइटेड आईडीआई मार्दी, आरबी जलविद्युत् लि. रहेका छन्।

# प्राथमिकतामा जलाशययुक्त आयोजना

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले जलाशययुक्त आयोजना प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

नेपाल लागि बेलायती राजदूत निकोला पोलिटले बिहीबार मन्त्रालयमा गर्नुभएको भेटका क्रममा मन्त्री भुसालले यस्तो बताउनुभएको हो।

सरकारले स्वच्छ र नवीकरणीय ऊर्जा उत्पादन, ई–मोबिलिटी, न्यून कार्बन पूर्वाधार र पर्यापर्यटनको प्रवर्द्धनलाई सरकारले उच्च प्राथमिकतामा राखेको जानकारी गराउँदै मन्त्री भुसालले नवीकरणीय ऊर्जा, वातावरण व्यवस्थापनमा बेलायत सरकारको सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो। भुसालले भन्नुभयो, "हामी हिमालय क्षेत्रको संरक्षणका लागि अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा गर्छौं।"

ऊर्जा क्षेत्रमा सन्तुलन कायम राख्न आफूले जलाशययुक्त आयोजना प्रवर्द्धनलाई विशेष जोड दिएको चर्चा गर्दै मन्त्री भुसालले बूढीगण्डकी, दूधकोसी, नलगाडजस्ता आयोजनालाई आफूले प्राथमिकतामा राखेको बताउनुभयो।

त्यस अवसरमा राजदूत पोलिटले नेपालको ऊर्जा खपत प्रवर्द्धनमा सहयोग गर्न बेलायत सरकार इच्छुक रहेको र त्यसका लागि ऊर्जा मन्त्रालयका निकायसँग सहकार्य विस्तार गर्ने जानकारी गराउनुभएको थियो।

उहाँले नवीकरणीय ऊर्जा उत्पादन तथा विद्युत् व्यापारमा पनि सहजीकरण गर्न बेलायत सरकार तयार रहेको बताउनुभयो।


**हिमालय क्षेत्रको संरक्षणका लागि अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा** : मन्त्री पम्फा भुसाल

## जनकपुरधाम–पोखरा सिधा उडान हुने

■ धनुषा समाचारदाता

धनुषा, फागुन ५ गते। जनकपुरधाम र पोखराबीच हवाई सेवा सञ्चालन हुने भएको छ।

मधेस प्रदेशको राजधानी एवं धार्मिक नगरी जनकपुरधामबाट गण्डकी प्रदेशको राजधानी एवं पर्यटकीय नगरी पोखरासम्मको हवाई सेवा सञ्चालन गर्ने तयारी गरिरहेको नागरिक उड्डयन कार्यालय जनकपुरधामले जनाएको छ।

आगामी फागुन १७ गते महाशिवरात्रि अर्थात् मार्च १ देखि जनकपुरधामबाट पोखरासम्मको सिधा हवाई उडान हुने सो कार्यालयले जनाएको हो। बुद्ध एयरले उक्त उडान गर्ने भएको हो।

उक्त उडानको टिकट बुकिङ बिहीबारदेखि सुरु गरेको बुद्ध एयर, जनकपुरधामका स्टेसन म्यानेजर विजयकुमार सिंहले जानकारी दिनुभयो।

अहिले सोमबार, बिहीबार र शनिबार उडान हुने र पछि यात्रुको मागअनुसार दैनिक उडान गर्ने योजना रहेको सिंहले जानकारी दिनुभयो।

जनकपुरधामबाट पोखराको हवाई सेवा सुरु हुने भएपछि जनकपुरधामका पर्यटन व्यवसायी उत्साहित भएका छन्। जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले यस प्रकारको सेवा सञ्चालन हुने भएपछि दुवै ठाउँको पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# भारतीयलाई क्यूआरबाटै भुक्तानी सुविधा




■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। भारतीय नागरिकले नेपालमा रहँदा भारतीय भुक्तानी सेवा प्रदायककै क्यूआर स्क्यान गरेर भुक्तानी गर्न सक्ने भएका छन्। यसका लागि युनिफाइड पेमेन्ट इन्टरफेस नेपाल (यूपीआई नेपाल) सञ्चालनका लागि सम्झौता भएको छ।

नेपालको गेटवे पेमेन्ट सर्भिस प्रालि र भारतस्थित एनपीसीआई इन्टरनेसनल तथा मनम इन्फोटेकसँग सम्झौता गरेको हो। अब आगामी तीन महिनाभित्रै भारतबाट आउने नागरिकले क्यूआर स्क्यान गरेर नेपालमा भुक्तानी गर्न सक्ने गेटवे पेमेन्ट सर्भिसका प्रमुख कार्यकारी अधिकृत राजेश मानन्धरले जानकारी दिनुभयो। उहाँका अनुसार नेपाली नागरिकलाई पनि भारतमा स्क्यान गरेर भुक्तानी गर्न सक्ने सुविधा उपलब्ध गराउन पाउने तयारी भइरहेको छ। "राष्ट्र बैङ्कका सम्पूर्ण प्रावधानसहित छ महिनाभित्र नेपालीलाई पनि भारतमा नेपालकै भुक्तानी सेवा प्रदायकको क्यूआर प्रयोग गर्ने सुविधा उपलब्ध हुनेछ," उहाँले भन्नुभयो।

सुरुमा भने यो सुविधा भारतबाट आउने नागरिकले मात्र पाउनेछन्। सम्झौतासँगै विभिन्न बैङ्क तथा पेटीएम, गुगलपे, फोनपेजस्ता भुक्तानी सेवा प्रदायकमार्फत नेपालस्थित कुनै पनि बैङ्क खाता वा वालेटमा रकमान्तर गर्न सक्ने मानन्धरले जानकारी दिनुभयो। अन्तरआबद्धता तथा मोबाइल फर्स्ट प्रविधिमा आधारित भुक्तानीको सन्जाल यूपीआई भारतमा एनपीसीआईले सञ्चालन गरिरहेको छ। कम्पनीसँगको सम्झौताले नेपालमा पनि नगदरहित समाजमा रूपान्तरण गर्न ठूलो सहयोग पुग्ने उहाँले बताउनुभयो।

सम्झौतामा नेपाली कम्पनीका तर्फबाट अध्यक्ष कमलनाथ प्रधान र भारतमा एनपीसीआई इन्टरनेसनलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रितेश शुक्ला तथा मनम इन्फोटेकका नागाबाबु रामिनेनीले हस्ताक्षर गर्नुभएको थियो।


## Invitation for Electronic Bids for the procurement of Microsoft Volume Licenses

**Bid and Contract ID** No: **RBBL/GSD/NCB/IA/VOLLIC-03/2078/79**
Date of publication: Falgun 06, 2078 (Feb 18,2022)

1. The Rastriya Banijya Bank Ltd. invites ***electronic*** bids from eligible bidders for the procurement of **Supply and Installation of Microsoft Windows 11 professional license and Office 2021 standard license** under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents by visiting PPMO egp system **www.bolpatra.gov.np/egp.**
3. Bidder must submit their bid electronically only & download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. To submit bid electronically, bidder should deposit the cost of bidding document in the following RBBL account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : **Rastriya Banijya Bank Ltd.**
   Name of branch office : **Branch office,Thapathali**
   Amount : **NRs. 3000 (Three thousands only)**
   Account no. : 9505062601, Account Title: **Other Income**
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **Chaitra 06, 2078 (March 20, 2022), 12.00 Noon**.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **Chaitra 06, 2078 (March 20, 2022), 12.30 P.M.** at the office of **RBBL,General Service Department,Central Office, Singhadurbarplaza**. Bids must be valid for a period of **90 Days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.**2,60,650.00 (For both Packages), Nrs. 1,17,900.00 (For Package A only), Nrs. 1,42,800.00 (For Package B Only),** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Rastriya Banijya Bank Ltd.**
**Central Office**
**General Service Department**

गोरखापत्र
www.gorkhapatraonline.com

अर्थ बजार

२०७८ साल फागुन ६ गते शुक्रबार | १५
2022 February 18 Friday

## धितोपत्र बोर्डले पायो अध्यक्ष

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। झन्डै पाँच महिना रिक्त रहेको नेपाल धितोपत्र बोर्डले नयाँ अध्यक्ष पाएको छ। बोर्डको अध्यक्षमा रमेश हमाल नियुक्त हुनुभएको छ। बिहीबार



बसेको मन्त्रिपरिषद् बैठकले हमाललाई बोर्ड अध्यक्षको जिम्मेवारी दिएको हो।

बोर्डको अध्यक्ष पदका लागि दोस्रोपल्ट मागिएको निवेदनमा १५ जनाले आवेदन दिएकामध्ये सिफारिस तथा छनोट समितिले पाँच जनाको नाम सर्टलिस्ट गरेको थियो। उनीहरूमध्ये कार्ययोजनाको प्रस्तुतीकरणका आधारमा तीन जनाको नाम मन्त्रिपरिषद्मा सिफारिस गरिएको थियो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलको संयोजकत्वमा गठित छनोट समितिले हमालका साथै कृष्णराज पोखरेल र डा. गोपाल भट्टको नाम सिफारिस गरेको थियो। छनोट समितिका सदस्यहरूमा अर्थ सचिव मधुकुमार मरासिनी र विज्ञ सदस्यमा नेपाल स्टक एक्सचेन्जका पूर्वअध्यक्ष जीवनाथ धिताल रहनुभएको थियो।

सरकारले धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुङ्गानालाई बर्खास्त गरेपछि छ महिनादेखि सो पद खाली रहेको थियो।

नेपालको सेयर बजारको इतिहासमा पहिलो पटक बुक बिल्डिङ विधिबाट प्राथमिक सेयर जारी गर्न लागेको सर्वोत्तम सिमेन्टको सेयर बोर्ड अध्यक्ष ढुङ्गानाले परिवारका सदस्यको नाममा खरिद गरेको खुलासा भएपछि विवादमा आएका उहाँलाई बर्खास्त गरिएको थियो।

# कृषिमा रूपान्तरणका लागि मूल्य शृङ्खला परियोजना




■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। कृषि व्यवसायलाई बजारसँग आबद्ध गरी प्रतिस्पर्धी एवं नाफामूलक कृषि उद्यम विकास गर्ने उद्देश्यले मूल्य शृङ्खला परियोजना सुरु भएको छ।

अर्थ मन्त्रालय र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष ( आईएफएडी)बीच गत असोजमा भएको सम्झौताबमोजिम कृषिको समावेशी रूपान्तरणका लागि मूल्य शृङ्खला परियोजना सुरु गरिएको हो। सो परियोजनाले गुणस्तरीय ग्रामीण वित्तीय सेवामार्फत मूल्य शृङ्खलामा आधारित कृषि व्यवसायलाई बजारसँग आबद्ध गरी कृषि उद्यम विकास गर्ने उद्देश्य लिएको छ।

यो परियोजनाका लागि कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषबाट करिब आठ करोड अमेरिकी डलर ऋण सहयोग प्राप्त हुनेछ। यो कार्यक्रम कार्यान्वयनका लागि कृषि विकास बैङ्कलाई जिम्मेवारी दिइएको छ। बैङ्कले पाँचवटा प्रदेशमा आयात प्रतिस्थापन गर्न सकिने, निर्यात प्रवर्द्धनयोग्य र मुलुकलाई आत्मनिर्भर बनाउने खालका १२ वटा बाली तथा पशुबस्तुमा सहुलियतपूर्ण कर्जा लगानी गर्नेछ।

अर्थ मन्त्रालयका सचिव (राजस्व) कृष्णहरि पुष्करले बुधबार औपचारिक रूपमा शुभारम्भ गर्नुभयो। कार्यक्रममा सचिव (राजस्व) पुष्करले यस्तो किसिमको सहयोगले साना किसानको आयस्तर वृद्धि हुने, रोजगारी सिर्जना हुने तथा यस क्षेत्रको व्यवसायीकरण, समावेशीकरण तथा प्रतिस्पर्धात्मक विकास हुने अपेक्षा गर्नुभयो। कार्यक्रमले प्रत्यक्ष रूपमा एक लाख २० हजार साना किसान परिवार विशेषगरी महिला, युवा, दलित, जनजातिलगायत पिछडिएका वर्गको क्षमता, वित्तीय सेवा र बजार पहुँचमा वृद्धि गर्दै जीविकोपार्जनमा सुधार गर्ने उहाँले बताउनुभयो।

सोही अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवद्वय डा. गोविन्दप्रसाद शर्मा र निरु दाहाल तथा दातृ निकाय आईएफएडीका तर्फबाट देशीय निर्देशक रोशन कुकले आफ्नो अनुभव र कार्यक्रमबारे प्रकाश पार्दै कार्यक्रमको सफलताको कामनासमेत गर्नुभएको थियो।

कृषि विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्यायले दातृ निकायमार्फत प्राप्त उक्त सहुलियतपूर्ण कर्जा रकम सही ढङ्गबाट कृषक, उद्यमी, सङ्कलनकर्ता, प्रशोधनकर्ता आदिलाई मूल्य शृङ्खलामा आबद्ध गराई लगानी गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो अवसरमा कृषिको समावेशी रूपान्तरणका लागि मूल्य शृङ्खला परियोजनाको सङ्क्षिप्त जानकारी बैङ्कका उपमहाप्रबन्धक बाबुकाजी थापा तथा परियोजना निर्देशक बिना शर्माले संयुक्त रूपमा प्रस्तुत गर्नुभएको थियो।

कृषि विकास बैङ्कका अध्यक्ष तथा अर्थ मन्त्रालयका सहसचिव रमेशकुमार केसीले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै बैङ्कले स्थापना हुँदाकै बखतमा लिएका उद्देश्यअनुसार कृषि, साना, लघु तथा मध्यम उद्योगको उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी तथा आयात प्रतिस्थापन हुने गरी मूल्य शृङ्खलाको अवधारणाबाट लगानी गरिने बताउनुभयो।

## जुम्लाका सबै पालिकामा स्याउ सुपरजोन कार्यक्रम

■ नेत्र शाही

जुम्ला, फागुन ५ गते। जुम्लाका सबै स्थानीय तहमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू हुने भएको छ। हालसम्म चारवटा स्थानीय तह चन्दननाथ नगरपालिका, तातोपानी गाउँपालिका, गुठीचौर र पातारासीमा कार्यान्वयनमा आएको यो कार्यक्रम अब बाँकी स्थानीय तह सिञ्जाका हिमा, सिञ्जा, कनकासुन्दरी र तिलामा विस्तार हुने भएको हो।

स्याउ सुपरजोन कार्यालयका निमित्त वरिष्ठ कृषि विकास अधिकृत गङ्गा पोखे्रलका अनुसार धेरै वर्षको प्रयासपछि अब जिल्लाका सबै पालिकामा स्याउ सुपरजोन कार्यक्रम लागू गर्न सफल भएको हो।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ खुमलटारका निर्देशक वैकुण्ठ अधिकारीद्वारा हस्ताक्षरित पत्र बुधबार जुम्ला आइपुगेको छ। निर्देशक अधिकारीले स्थानीय स्तरबाट आएको माग र प्राविधिक प्रतिवेदनका आधारमा जुम्लाका तिला, हिमा, सिञ्जा, कनकासुन्दरीसहितका छुटेका क्षेत्रमा कार्यक्रम थप गर्ने काम भएको बताउनुभयो। उहाँले ढिला निर्णय भएकाले भने केही क्रियाकलापबाहेक अर्को आर्थिक वर्षबाट पूर्ण रूपमा कार्यक्रम लागू हुने उल्लेख गर्नुभयो।

परियोजनाको सोच कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने रहेको छ। सोहीअनुसार जुम्लामा स्याउ सुपरजोन परियोजना कार्यान्वयन एकाइ स्थापना गरी काम भइरहेको कार्यालयले जनाएको छ।

यसैगरी परियोजनाले प्रमुख कृषि क्षेत्रको विशिष्टीकृत क्षेत्र निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक बजारमा लैजाने उद्देश्यअनुसार सुपरजोन कार्यक्रमले लागू भएका क्षेत्रका किसानलाई प्रविधि सिकाउने, अनुदान कार्यक्रम दिने काम गर्दै आएको छ। सुपरजोन कार्यालय प्रमुख निमित्त वरिष्ठ कृषि विकास अधिकृत पोखे्रलले स्याउसँगै आर्थिक समृद्धि जोडिएको जुम्लामा यो परियोजनाले थप विकास र आर्थिक समृद्धि ल्याउने धारणा व्यक्त गर्नुभयो।



कार्यालयका अनुसार तिला गाउँपालिकामा भने सिमी जोन कार्यक्रमसमेत लागू गरिएको छ। सिमीको उत्पादन वृद्धि तथा बजारीकरणका लागि कार्यक्रम वडा नं. १ र २ मा कार्यक्रम लागू गरिएको हो।

सुपरजोन कार्यक्रम लागू भएपछि कृषि प्रविधि, हाइटेक नर्सरी, घेराबार, सिँचाइ, बिरुवा अनुदानलगायतका काम भइरहेका छन्।

## नारायणगढ–बुटवल सडक निर्माण तीव्र बनाउन आग्रह

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। एसियाली विकास बैङ्क (एडीबी)का राष्ट्रिय निर्देशक आर्नो कोस्वाले नारायणगढ–बुटवल सडकखण्डको स्थलगत अवलोकन गर्नुभएको छ।

अवलोकनपश्चात् कोस्वाले सडक निर्माण र मर्मतसम्भार कार्यले गति लिन थालेको बताउँदै अझै तीव्रता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले सडक स्तरोन्नतिमा देखिएका समस्या छिट्टै समाधान हुनुपर्नेमा जोड दिनुभयो। यो आयोजनामा एसियाली विकास बैङ्कले वित्तीय सहयोग गरेको छ।

"आयोजना टिम, परामर्शदाता तथा ठेकेदारसँग मेरो रचनात्मक छलफल भएको छ र यससँगै स्रोत तथा निर्माण सामग्रीसँग सम्बन्धित समस्या छिट्टै समाधान हुनेछन् भन्नेमा म विश्वस्त छु," उहाँले भन्नुभयो। आयोजना निर्माणमा ढिलाइ भइरहेको भन्ने चासोका बीच आयोजना निर्माण क्षेत्रमा उहाँले स्थलगत भ्रमण गर्नुभएको हो।

अवलोकनकै क्रममा उहाँले क्रममा लुम्बिनी प्रदेशको आर्थिक मामिलामन्त्री, भौतिक पूर्वाधारमन्त्री, बुटवल उपमहानगरपालिका प्रमुख, उच्च सरकारी अधिकारी र स्थानीय अधिकारीसँग पनि छलफल गर्नुभएको थियो।

छलफलमा कोस्वाले सन् २०२१ को बाढीका कारण पुलहरू क्षतिग्रस्त भएको ठाउँमा आगामी वर्षा ऋतुअघि नै पुलहरू निर्माण सम्पन्न गरिसक्न अत्यावश्यक भएको विषयमा जोड दिनुभएको थियो।

निर्माण स्थलमा पर्ने रुख कटान र बिजुलीका पोल सार्ने कार्यमा ढिलाइले आयोजनाको प्रगतिमा अवरोध पुऱ्याएको आयोजनाको ठहर छ।

## साइफन सञ्चालन भएपछि एघार हजार हेक्टर सिञ्चित



लोहोन्द्रा खोलामा निर्माणाधीन पुल।  तस्बिर : हरिप्रसाद

■ हरिप्रसाद कोइराला

उर्लाबारी, फागुन ५ गते। मोरङको लोहोन्द्रा खोलामा निर्माण गरिएको साइफन सञ्चालनमा आएको छ।

सुनसरी–मोरङ सिँचाइ आयोजनाअन्तर्गत निर्माण भएको लोहोन्द्रा खोलाको साइफन र पुल २०७४ साउन २८ गतेको बाढीले भत्काएपछि लोहोन्द्रापूर्वका किसान सिँचाइ सुविधाबाट वञ्चित थिए।

बाढीले पुलसँगै साइफन भत्काएर बगाउँदा ३४ करोड रुपियाँ क्षति भएको थियो। साइफन भत्किएपछि लोहोन्द्रापूर्वको ११ हजार हेक्टर जमिनमा सिँचाइ हुन सकेको थिएन।

खोलाको सतहभन्दा मुनिबाट पानी लैजाने कुलो वा सुरुङलाई प्राविधिक भाषामा 'साइफन' भनिन्छ। सुनसरी–मोरङ सिँचाइ आयोजनाले कोसी नदीबाट ल्याएको पानी लोहोन्द्रा खोलामा साइफल बनाएर पूर्वतर्फको जग्गामा सिँचाइको व्यवस्था गरेको थियो।

आयोजनाका इन्जिनियर नित्यानन्द झाले भन्नुभयो, "१६५ मिटर लामो साइफन भत्किएको थियो। साइफन निर्माणका लागि आयोजनाले ४५ करोड २५ लाख २६ हजार ४५७ रुपियाँको लागत अनुमान तयार गरेको थियो। खुला प्रतिस्पर्धाबाट स्वामी नारायण तथा आशीर्वाद जेभीले २९ करोड ९७ लाख ५६ हजार ७७१ रुपियाँको लागतमा ठेक्का लिएको थिए।"

२०८० भदौ ३० गते निर्माण सम्पन्न गरेर आयोजनालाई हस्तान्तरण गर्ने सम्झौता भएकामा निर्माण कम्पनीले तोकिएको मितिभन्दा अघि नै साइफन जिम्मा लगाएको हो।

सुनसरी मोरङ सिँचाइ आयोजनाका प्रमुख भिलानन्द यादवका अनुसार निर्माण कम्पनीसँग विभागले २०७६ फागुन ३० गते सम्झौता गरेको हो। २०७७ को वैशाखदेखि काम थालेको निर्माण कम्पनीले बजेट निकासा ढिलो भए पनि काम रोकिएन।

"पुल निर्माणको काम पनि २०७९ को वैशाखसम्ममा सक्नेगरी गरिरहेका छौँ," उहाँले भन्नुभयो।

खोलामा १६५ मिटर लामो दुई लेनको पुल निर्माण भइरहेको छ। निर्माण कम्पनीले हाल २०० भन्दा बढी कामदार परिचालन गरेर निर्माणको काम गरिरहेको कार्यलय प्रमुख यादवले बताउनुभयो।

सुनसरी मोरङ सिँचाइ आयोजनाको उक्त नहरबाट मोरङ र सुनसरीको ६८ हजार हेक्टर जमिन सिँचाइ हुँदै आएको छ।

**नेपाल वायुसेवा निगम**
साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभाग
न्यूरोड, कान्तिपथ, काठमाडौँ

**बोलपत्र आह्वान सम्बन्धमा**
(प्रथम पटक सूचना प्रकाशित मिति २०७८/११/०६)

यस निगमलाई आ.व. २०७८/०७९ का लागि In- Flight Service मा प्रयोग गर्न China Ware Sets आवश्यक भएको हुँदा निगमबाट उपलब्ध गराएको बोलपत्र फाराममा उल्लेखित सर्तहरूको अधीनमा रही योग्य बोलपत्र दाताहरूबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र **(E-bidding/e-GP)** को माध्यमबाट पेस गर्न सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट **www.bolpatra.gov.np/e-gp** एवं निगमको वेबसाइट **www.nepalairlines.com.np** का साथै निगमको खरिद शाखामा समेत सम्पर्क राख्न सकिनेछ।

**सम्पर्क फोन नं. ४२४८६१२, ४२२०७५७ एक्सटेन्सन नं. २२१२**

**कोष तथा लेखा नियन्त्रक कार्यालय**
**बढुवा समितिको सचिवालय, सिन्धुपाल्चोकको**

**बढुवा सम्बन्धि सूचना**

लोक सेवा आयोग काठमाण्डौ कार्यालयको देहायको बढुवा सूचना,सेवा समूह र श्रेणीको रिक्त पदमा बढुवा समितिको मिति २०७८।११।०५ गतेको निर्णयानुसार देहाय बमोजिमको प्रशासन सेवा, लेखा समूह रा.प.अनं. प्रथम श्रेणीको लेखापाल पदका देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारहरुलाई बढुवाको लागी सिफारिस गर्ने निर्णय गरिएकोले निजामती सेवा ऐन २०४९ को दफा २४(च) को प्रयोजनको लागि यो सूचना प्रकासित गरिएको छ।

**क. सूचना नं.२१६/०७८/०७९ जेष्ठता र कार्यसम्पादन मूल्याङकनद्वारा हुने बढुवा**

| क्र.नं. | क.सं.नं. | उम्मेदवारको नाम,थर | बढुवा सिफारिस गरिएको कार्यालय | प्राप्ताङक |
|---|---|---|---|---|
| १ | २२००४० | श्री कुशल अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक। | |

**ख. सूचना नं. ३२७/२०७८/०७९ कार्यक्षमता मूल्याङकद्वारा हुने बढुवा**

| | | | | |
|---|---|---|---|---|
| १ | २२८५६७ | श्री विकाश मगर | जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक। | ७५.३५३ |

**बढुवा समितिको सचिवालय**
**कोष तथा लेखा नियन्त्रक कार्यालय पर्वतको**

**बढुवा सिफारिस सम्बन्धी सूचना**
सूचना प्रकाशित मिति : २०७८।११।०६

लोक सेवा आयोगको मिति २०७८/०९/२८ को सूचना अनुसार देहाय बमोजिम योग्यता क्रमका उम्मेदवारहरूलाई सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४ च को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बढुवा सूचना नं. २३९/०७६-०७७ (ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा)**
**सेवा/समूह: प्रशासन/लेखा, श्रेणी/पद : रा.प. अनं. प्रथम/लेखापाल**
**निर्णय मिति : २०७८।११।०४**

| योग्यता क्रम | कर्मचारी सङ्केत नं. | उम्मेदवारको नाम |
|---|---|---|
| १. | २३३५६५ | विर बहादुर डाँगी |

**बढुवा सूचना नं. ३४५/०७६-०७७ (कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा)**
**सेवा/समूह : प्रशासन/लेखा, श्रेणी/पद : रा.प. अनं. प्रथम/लेखापाल,**
**निर्णय मिति : २०७८।११।०५**

| योग्यता क्रम | कर्मचारी सङ्केत नं. | उम्मेदवारको नाम | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १. | २२८२९३ | सुभास घर्ति | ७६।४९६ |

**Invitation for Bids**
**Nepal Electricity Authority (NEA)**
**RatnanagarTandi Distribution Centre**
**Tandi, Chitwan**
**(Date of publication: 2078/11/06)**

| S. No. | Tender No. | Description of Works |
|---|---|---|
| 1 | NEA/TDC-2078/079-SQ05 | LT line Construction at Different Place of RatnanagarNa.Pa, KalikaNa.Pa. and Eschayakamana Ward nos-7.(Rural Electrification) |
| 2 | NEA/TDC-2078/079-SQ06 | LT line Construction at Different Place of KhaireniNa.Pa, RapatiNa.Pa. andManahari Ward nos-6. .(Rural Electrification) |
| 3 | NEA/TDC-2078/079-SQ07 | LT line Construction at Different Place of RatnanagarNa.Pa and KalikaNa.Pa. (Irrigation) |
| 4 | NEA/TDC-2078/079-SQ08 | LT line Construction at Different Place of KhaireniNa.Pa and RapatiNa.Pa. (Irrigation) |

For Details Please Visit www.bolpatra.gov.np/egp

नेपाल सरकार
**ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
विद्युत विकास विभाग
सानोगौचरण, काठमाण्डौ

**नुप्चे लिखु जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारण लाईन सम्बन्धी सार्वजनिक सूचना।**
प्रथम पटक प्रकाशित मिति २०७८/११/०६

वाग्मति प्रदेश अन्तर्गत रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकामा अवस्थित नुप्चे लिखु जलविद्युत आयोजनाको विद्युतगृहबाट सोही जिल्लाको गोकुलगङ्गा गाउँपालिकामा प्रस्तावित नेपाल विद्युत प्राधिकरणको गर्ज्याङ्ग सब-स्टेशन सम्म ५७.५ मे.वा. क्षमताको १३२ के.भी. डबल सर्किट, करिब २४ किलो मिटर (हवाई दूरी) लामो विद्युत प्रसारण लाईन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक कम्पनी श्री भिजन ईनर्जी एण्ड पावर प्रा. लि. ले दरखास्त पेश गरेकोले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिल बमोजिमका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभागमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री भिजन ईनर्जी एण्ड पावर प्रा. लि. प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको कम्पनी हो।

२. यस प्रसारण लाईनको भोल्टेज १३२,००० भोल्ट, डबल सर्किट रहने र ५७.५ मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।

३. यो प्रसारण लाईन वाग्मति प्रदेश अन्तर्गत रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका वडा नं. १, कोंगेमाटार गाँउमा अवस्थित नुप्चे लिखु जलविद्युत आयोजनाको स्विचयार्डबाट प्रारम्भ भई सोही जिल्लाको रगन-हुडा-रिमु-क्यामा-सेर्दीन-चाके हुँदै गोकुलगङ्गा गाउँपालिका वडा नं. १ मा प्रस्तावित नेपाल विद्युत प्राधिकरणको गर्ज्याङ्ग सब-स्टेशन सम्म निर्माण गरिने छ।

४. यो प्रसारण लाईनको लम्बाई करिब २४ कि.मी. (हवाई दूरी) हुनेछ जसमा करिव ८४ वटा टावरहरु निर्माण गरिने छ तथा ACSR 'BEAR' Conductor जडान गरिने छन्। भूइँ देखि तारको न्यूनतम दुरी ६.१ मि. हुनेछ। जमिनको सतहवाट टावरको अधिकतम उचाई करिब ३१.५३ मी. तथा न्यूनतम उचाई ३०.६६ मि. हुनेछ। आयोजना निर्माणको लागी जम्मा ४३.२९ हेक्टर जग्गा आवश्यक पर्नेछ, जसमध्ये २.०१ हे. स्थायी रुपमा टावरहरु निर्माण तथा पहूँच मार्गको लागी अधिग्रहण गरिनेछ र बाँकी जमिन अस्थायी रुपमा राइट अफ वे, भण्डारण, क्याम्प निर्माण जस्ता कार्यको लागि उपयोग गरिनेछ।

५. यो प्रसारण लाईनको क्षेत्राधिकार (RoW) बिद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोण बाट १८ मी. (मध्यबिन्दूबाट ९/९ मी. दायाँ बायाँ) कायम गरिने छ।

६. यो प्रसारण लाईनको निर्माण कार्य ३ वर्ष भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।

७. यो प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, बाढी, वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिने छ।

८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरु बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ।

**श्री भिजन ईनर्जी एण्ड पावर प्रा. लि.**
नयाँ वानेश्वर, काठमाण्डौ।
फोन नं. : ०१ -५२४४९९८
इमेल: visionenergy@veplinfo.com

**श्री विद्युत विकास बिभाग**
सानोगौचरण, काठमाण्डौ।
पो.ब.न. २५०७, फोन न. ०१ -४५३४११९
फ्याक्स नं.: ०१ - ५२४४२५७
इमेल: info@doed.gov.np

सन् २०२४ मा पेरिसमा आयोजना हुने ओलम्पिक नौलो खालको हुने भएको छ। आयोजक समितिका प्रमुख टोनी एस्टानगुएटका अनुसार ओलम्पिकका खेल सर्वसाधारणका लागि खुला रहनेछ। उद्घाटन खेल करिब ६ लाख मानिसले नि:शुल्क हेर्ने व्यवस्था मिलाइने भएको छ।




# मनाङविरुद्ध एपीएफको शानदार जित



■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। कतार एयरवेज सहिद स्मारक 'ए' डिभिजन लिग २०७८ मा बिहीबार एपीएफले दोस्रो स्थानमा रहेको मनाङ मर्स्याङ्दी क्लबलाई ३–१ ले स्तब्ध पारेको छ।

करिब तीन हप्ताअघि एपीएफले पोखरामा भएको आहा–रारा गोल्डकपको फाइलमा मनाङ मर्स्याङ्दीलाई टाइब्रेकरमा हराएर उपाधि जितेको थियो। यद्यपि, सो समय मनाङबाट खेल्ने राष्ट्रिय खेलाडीहरू राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा रहेकाले एपीएफलाई खेल जित्ने मौका मिलेको अनुमान गरिएको थियो। तर, एपीएफले लिगमा पनि मनाङलाई हराएर आफूलाई एक बलियो टिमका रूपमा साबित गरेको छ।

दशरथ रङ्गशालामा भएको खेलमा एपीएफका आशिष लामा, मणिकुमार राई र नवीन लामाले गोल गर्नुभयो। मनाङका अञ्जन विष्टले गरेको गोल सान्त्वना मात्र साबित भयो। खेलको ३७औँ मिनेटमा अञ्जनको गोलबाट मनाङ अगाडि भएको थियो। गोलरक्षकले आफ्नो डिबक्सबाट प्रहार गरेको बललाई अञ्जनले हेडमार्फत गोलपोस्टमा छिराउनुभएको हो। तर, तीन मिनेटपछि नै मनाङका डिफेन्डर नरेन्द्र चौधरीले क्लियर गर्न नसकेको बललाई डिबक्समा लग्दै आशिषले गोल गरी खेल बराबर गर्नुभयो।

खेलको ८१औँ मिनेटमा कप्तान नवीनले डिबक्स भित्रबाटै मिलाइदिएको पासमा मणिले गोल गरी एपीएफलाई अगाडि पार्नुभयो। निर्धारित समय सकिन चार मिनेट बाँकी छँदै नवीनले रिबाउन्डमा गोल गरी एपीएफको जित पक्का गर्नुभयो।

एपीएफल जितसँगै १४ अङ्कसहित आठौँ स्थानमा उक्लेको छ। २० अङ्कमा रहेको मनाङको दोस्रो स्थान कायम छ। मनाङको हारले त्रिभुवन आर्मी क्लबलाई फाइदा पुगेको छ। तेस्रो स्थानमा रहेको त्रिभुवन आर्मी र मनाङबीचको दूरी अब एक अङ्कमा झरेको छ।

### एनआरटी विजयी

सहिद स्मारक 'ए' डिभिजन लिगअन्तर्गत बिहीबार भएको अर्को खेलमा न्युरोड टिम (एनआरटी)ले सङ्कटा क्लबलाई १–० ले पराजित गऱ्यो। खेलको २८औँ मिनेटमा एनआरटीका विदेशी खेलाडी स्टेफन विनोङले गरेको गोल निर्णायक बनेको थियो। सरोज तामाङको पासलाई डिबक्सबाहिर उत्कृष्ट ढङ्गले नियन्त्रणमा लिँदै विनोङले बल गोलपोस्टमा छिराउनुभएको हो। एनआरटी जितसँगै १७ अङ्क बनाएर पाँचौँ स्थानमा उक्लेको छ। सङ्कटा छैटौँ स्थानमा झरेको छ।

## झापा गोल्डकपको गीत र मस्कट सार्वजनिक

■ बिर्तामोड समाचारदाता

बिर्तामोड, फागुन ५ गते। मोफसलको प्रतिष्ठित फुटबल प्रतियोगिता झापा गोल्डकपको औपचारिक गीत र मस्कट बिहीबार सार्वजनिक गरिएको छ।

झापाको भूगोल र यहाँको फुटबलप्रतिको लगावलाई समेट्दै जिल्लालाई फुटबल हबका रूपमा विकास गर्ने उद्देश्यले गीत निर्माण गरिएको झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेतले बताउनुभयो।

गीतकार वसन्त थाम्सुहाङको रचना रहेको गीतमा पारस मुकारुङले सङ्गीत भर्नुभएको छ भने उक्त गीतमा गायक डम्बर नेपाली, भीषण मुकारुङ, सुनिता थेगिम र दीपा लामाको स्वर रहेको छ। पाँचौँ झापा गोल्ड कपको औपचारिक मस्कटका रूपमा हात्तीको छावालाई प्रतिनिधित्व गराइएको छ।

मस्कटको निर्माण कलाकार प्राज्ञ पवन राजवंशीले गर्नुभएको हो। यो वर्षको झापा गोल्डकपको नारा 'हाम्रो गौरव हाम्रो मान, झापा गोल्डकप हाम्रो शान' तय गरिएको छ।

आगामी फागुन २१ गतेदेखि ३० गतेसम्म डोमालाल रङ्गशालामा हुने प्रतियोगितामा नेपाल तथा विदेशका गरी १० टिमको सहभागिता रहनेछ भने प्रतियोगिताको प्रथम र दोस्रो हुने टिमले नगद १२ लाख ५५ हजार र दोस्रो हुने टिमले छ लाख पाँच हजार रुपियाँ पाउनेछ।

## थापाको पद बहाली

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कार्यकारी अधिकारको जिम्मेवारी पाएका कुलबहादुर थापाले बिहीबार पदबहाली गर्नेक्रममा राखेप सदस्यसचिवको अनुपस्थितिमा रोकिएका सबै काम अगाडि बढाउने बताउनुभएको छ।

"अहिलेको तड्कारो आवश्यकता भौतिक पूर्वाधार हो। जुन ठप्प रूपमा छन्, तिनलाई अगाडि बढाउँछु," पदबहाली गर्नेक्रममा थापाले भन्नुभयो, "एसियाली खेलकुद र नवौँ राष्ट्रिय खेलकुदका लागि सुरु हुनुपर्ने खेलाडीको प्रशिक्षण र पूर्वाधारका काम पनि सबै अगाडि बढाउँछु। सदस्यसचिवको अनुपस्थितिमा थाती रहेका सबै काम अगाडि बढाउँछु।"

यसैबीच, युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष शिव कोइरालालाई आठबुँदे अधिकार प्रत्यायोजन गरेको छ।

# लिभरपुल विजयी

मिलान, फागुन ५ गते। च्याम्पियन्स लिग प्रिक्वाटरफाइनलको पहिलो लिगमा बुधबार राति लिभरपुलले इन्टरमिलानलाई उसकै मैदानमा २–० ले हराएको छ। सोही रात भएको अर्को खेलमा बायर्न म्युनिखले बल्लतल्ल साल्जवर्गलाई १–१ ले बराबरीमा रोक्न सफल भयो। खेलको ९०औँ मिनेटमा किङ्सले कोम्यानले गोल गरेपछि मात्र बायर्न म्युनिखले हार टार्न सकेको हो।



लिभरपुलका लागि ब्राजिलियाली खेलाडी रोबर्टो फर्मिन्हो र मोहम्मद सलाहले गोल गर्नुभयो। खेलको ७५औँ मिनेटमा फर्मिन्होले एन्डी रोबर्टस्को कर्नरमा गोल गरी लिभरपुललाई अगाडि पार्नुभएको थियो। निर्धारित समयको खेल सकिन सात मिनेट बाँकी छँदा सलाहले गोल गरी लिभरपुलको जित पक्का गर्नुभयो। इन्टर मिलानको घरेलु मैदानमा लिभरपुलले विपक्षीको गोलपोस्टमा प्रहार गरेको सोही दुई पटक थियो। इन्टरमिलानले एक पटक पनि लिभरपुलको गोलपोस्टलाई निशाना बनाउन सकेन।

सन् २००६ पछि लिभरपुलले च्याम्पियन्स लिगमा घरबाहिर लगातार चार खेलमा जित हात पारेको हो। लिभरपुलले पछिल्लो पटक सन् २०१९ मा च्याम्पियन्स लिग उपाधि जितेको थियो।

अस्ट्रियाको साल्जवर्गमा भएको खेलमा कोम्यानले गोल गर्नुअघि बायर्न म्युनिख लगातार दोस्रो हारको सङ्घारमा थियो। बुन्डेसलगामा नवप्रवेशी बोखमसँग ४–२ ले हारेर बायर्न म्युनिख साल्जवर्गमा आएको हो। तर, सन् २०२० को फाइनलमा पनि निर्णायक गोल गरेर बायर्न म्युनिखलाई च्याम्पियन्स लिगको उपाधि दिलाउने कोम्यान पुनः उद्धारकर्ताका रूपमा प्रस्तुत हुनुभयो। खेलको २१औँ मिनेटमा जुयिन छुकउबुइकेको गोलबाट अस्ट्रियाका च्याम्पियन टिमले अग्रता बनाएको थियो। साल्जवर्ग च्याम्पियन्स लिगको नकआउट चरणमा पहिलो पटक खेलिरहेको छ।

### एट्लेटिकोलाई धक्का

स्पेनी लिग उपाधि रक्षा अभियानमा रहेको एट्लेटिको म्याड्रिडलाई बुधबार राति अङ्क तालिकाको अन्तिम स्थानमा रहेको लेभान्टेले १–० ले स्तब्ध बनाएको छ। लेभान्तेका गोन्जालो मेलेरोले ५४औँ मिनेटमा जर्ग डि फ्रुटोसको पासमा गोल गरेपछि एट्लेटिको म्याड्रिड घरेलु मैदानमा पराजित भयो। एट्लेटिकोले यस हारपछि शीर्ष चारमा उक्लने मौकासमेत गुमायो। पाँचौँ स्थानमा रहेको एट्लेटिको २४ खेलबाट ३९ अङ्क छ। एक खेल कम खेलेको बार्सिलोनाको पनि ३९ अङ्क छ। –एपी

## लिस्तिकोट–दुगुनागढी माउन्टेन ट्रे्ल रेस हुने

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। नेपाली सेनाले 'दोस्रो लिस्तिकोट–दुगुनागढी माउन्टेन ट्रेल रेस' प्रतियोगिता आयोजना गर्ने भएको छ। फागुन २१ गते सो प्रतियोगिता आयोजना गरिने नेपाली सेनाले जनाएको छ।

सैनिक प्रवक्ता नारायण सिलवालका अनुसार नेपाल–तिब्बत लडाइँक्रममा प्रयोग भएको सिन्धुपाल्चोकस्थित धार्मिक स्थल लिस्तिमाई मन्दिर र दुगुनागढीलाई समावेश गरी सेना दिवसका उपलक्ष्यमा उक्त दौड प्रतियोगिता गर्न लागिएको हो।

दुगुनागढीको ऐतिहासिक र लिस्तिकोटको धार्मिक महत्त्वलाई उजागर गर्दै त्यस क्षेत्रलाई पर्यटकीय स्थलका रूपमा विकास गर्न तथा सैनिक–नागरिक सम्बन्ध विस्तारको उद्देश्यले प्रतियोगिता गर्न लागिएको उहाँले स्पष्ट पार्नुभयो।

उहाँका अनुसार भोटेकोसी किनारस्थित सुक्खा बन्दरगाहबाट सुरु हुने सो प्रतियोगिता नयाँ पुल हुँदै दुगुनागढीसम्म २४.५ किमि दूरीको हुनेछ। दौडमा भाग लिएको अवधिभरिका लागि सबै खेलाडीको पाँच–पाँच लाख रुपियाँको नि:शुल्क दुर्घटना बीमा गरिनेछ।

प्रतियोगितामा खुलातर्फ प्रथम, द्वितीय र तृतीयलाई क्रमशः एक लाख १० हजार, ७५ हजार र ५५ हजार रुपियाँ, महिलातर्फ पहिलो, दोस्रो र तेस्रोलाई क्रमशः ६० हजार, ३५ हजार र २० हजार तथा जिल्लावासीतर्फको विधामा पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमशः ३०, २० र १५ हजार रुपियाँ नगदसहित प्रमाणपत्र प्रदान गरिने बताइएको छ।

# म नो र ञ्ज न

## 'ह्विल्स अन द बस' बर्लिनमा देखाइने

■ हुम्ला समाचारदाता

हुम्ला, फागुन ५ गते। हुम्ला हुँदै आएको जातीय छुवाछूतको विषयलाई उजागर गर्ने "ह्विल्स अन द बस" छोटो चलचित्र नेपालबाट जर्मनीको बर्लिनमा




आयोजना भएको फिल्म फेस्टिबलमा सहभागी भएको छ। उक्त चलचित्रले बर्लिन इन्टरनेस्नल फिल्म वर्ल्ड प्रिमियमका लागि छनोट भएर सहभागिता जनाएको हो।

अहिले पनि दुर्गमको हुम्ला जिल्लामा लामा समुदायबाहेक अन्य जातिमा छुवाछूत जारी रहेको, जुन कानुनी रूपमा अपराधजन्य मानिएको विषय समेटेर चलचित्र निर्माण गरिएको हो।

फेस्टिभलका लागि नेपालको तर्फबाट छनोट भएर बर्लिनमा सहभागी जनाएको निर्देशक सूर्य शाहीले बताउनुभयो। चलचित्रमा दलित समुदाय बालिबालिकालाई विद्यालयमा अध्ययन गर्न आउनुभन्दा फलामका भाँडा बनाउन माथिल्लो जातका विधार्थीले निर्देशन दिने पक्षलाई पनि उजागर गरिएको छ।

हुम्लामा हुने धार्मिक, सामाजिक र सांस्कृतिक विकृतिलाई पनि फिल्मले प्रहार गरेको छ। यसमा स्थानीय बालबालिकाले पनि अभिनय गरेका छन्। १५ मिनेटको सो फिल्मका निर्देशक शाही, कार्यकारी निर्माता एवं कथाकार जगदीश हमाल, हुम्लाका स्थानीय र निर्माता प्रवीणकुमार रावत बर्लिन पुग्नुभएको छ।

## कमजोर कथा औसत प्रस्तुति
# चपली हाइट-३



■ सुकृत नेपाल

काठमाडौँ, फागुन ५ गते। कोरोनाका कारण दुई सातादेखि हलमा कुनै पनि चलचित्र प्रदर्शन भएका थिएनन्। यसै साता फागुन १ गतेबाट पुनः प्रदर्शनमा आएको चलचित्र हो– 'चपली हाइट–३'। कोरोनाले भनौँ या अन्य चलचित्रसँगको प्रतिस्पर्धाको डरले चलचित्र निर्माता अर्जुन कुमारले चलचित्र प्रदर्शनको मिति बारम्बार पछाडि सार्नुभएको थियो। यसले चलचित्रबारे दर्शकमा खुब चासोसमेत बढेको थियो। तर, दर्शकको चासोलाई चलचित्र निर्देशक निकेश खड्काले खल्लो बनाइदिनुभएको छ। एक त अहिले चलचित्र हलमा दर्शक तान्न नै कठिन छ, त्यसमाथि चलचित्रको कथा मजबुत नहुनुले चलचित्रले पानीसमेत माग्न पाउँदैन। यही हालत छ– चलचित्र 'चपली हाइट–३' को। कथामा कुनै नयाँपन छैन। उही पहिलेकै दुई शृङ्खलामा झैँ पुरानै कथामा अल्झिएको छ, चलचित्र।

चलचित्रमा कथाको सुरुवात हुन्छ, चपली हाइटमा घटेको आपराधिक घटनाबाट। पानी परिरहेको समय साँझ पार्टीबाट फर्किरहेकी नायिका श्रद्धा (स्वस्तिमा खड्का)माथि तीन जनाले शारीरिक शोषण गर्न प्रयास गर्छन्। ठीक त्यही समय चलचित्रका नायक भनौँ या छोटो भूमिकामा देखिएका कलाकार पारस (आमिर गौतम) त्यहाँ आइपुग्नुहुन्छ र श्रद्धालाई बचाउन खोज्दा समूहका केटाहरूबीच भएको कुटाकुटका कारण उहाँको मृत्यु हुन्छ। श्रद्धा पारसको हत्याको साक्षी बन्न पुग्नुहुन्छ। श्रद्धा र पारसको हत्याभित्रै रुमलिएको छ, चलचित्रको कथा। चलचित्रका अर्का मुख्य पात्र हुनुहुन्छ– प्रह्लाद मिश्र (महेश त्रिपाठी) जो पुलिस अफिसरको भूमिकामा हुनुहुन्छ। उहाँले पारसको हत्याको आरोपी पत्ता लगाउन अनेकन तिकडम अपनाउनुहुन्छ। तर, उहाँको प्रयास सधैँ असफल हुन्छ। चलचित्र स्वस्तिमा र महेश त्रिपाठीका लागि मात्र बनाइएको हो जस्तो पनि लाग्छ।

चलचित्रका अन्य कलाकार सुपुष्पा भट्ट, लक्ष्मी बर्देवा र दीपाश्री निरौलाको भूमिका औसत लाग्छ। छिटपुट दृश्यमा देखिने कलाकार अर्पण थापाको अभिनयले भने पक्कै दर्शकलाई हलसम्म तान्न सहयोग गर्छ। प्राविधिक रूपले पनि चलचित्र राम्रो बनेको छ। पुरुषोत्तम प्रधानको छायाङ्कनले चलचित्रलाई केही हदसम्म उचाइको बिन्दुमा पुऱ्याउन अवश्य मद्दत गर्छ। चलचित्रमा लेखक कुमार नगरकोटीको पुस्तक 'मिस्टिका'ले पनि ठाउँ पाएको छ।

निर्देशक निकेश खड्काले चलचित्रलाई थ्रिलर जनरामा बनाउन त खोज्नुभएको हो तर उहाँको कमजोरी चलचित्रमा धेरै ठाउँमा झल्किन्छ। चलचित्रमा पहिला हत्याको कुरा देखाइन्छ, त्यसपछि बलात्कारको विषय। हत्या र बलात्कारको विषयसँगै कथा फेरि हीरा तस्करीतर्फ मोडिन्छ। यसले दर्शकलाई थप अन्योलतर्फ लैजान्छ। चलचित्रको कथामा नयाँपन र वाचन शैलीमा कलात्मकता दुवै गायब छ। अधिकांश दृश्य कि पुलिसथानामा खिचिएको छ कि त डिस्कोमा। चलचित्रको गीत औसत लाग्छ। निर्देशकले चलचित्रमा पस्कन खोजेका कुरा राम्रो हो तर सबै कुरा एकैपटक दिन खोज्नाले चलचित्रको कथालाई कमजोर बनाएको हो कि ?

## अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला 'भर्चुअल' हुने

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। 'अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला २०७८' भर्चुअल प्रविधिमार्फत आयोजना गर्ने भएको छ।

एभरेष्ट नेपाल सांस्कृतिक समूहले फागुन २१ र २२ गते काठमाडौँमा ११औँ संस्करणको



मेला आयोजना गर्ने जनाइएको छ।

आयोजक संस्थाका अध्यक्ष रामचन्द्र कोइरालाले मेलामा नेपालसहित विश्वका ३० भन्दा बढी राष्ट्रबाट सहभागिताका लागि निश्चित भइसकेको बताउनुभयो।

उहाँका अनुसार सांस्कृतिक मेलामा नेपालसहित इस्टोनिया, मेक्सिको, बङ्गलादेश, बोलिभिया, भारत, मलेसिया, बुल्गेरिया, पोल्यान्ड, पोर्चुगल, इजरायल, रोमानिया, स्पेन, ताइवान, जिम्बाबेलगायतका देशले सहभागिता जनाउँदै छन्।

कोइरालाले वर्तमान युवा पुस्ता आफ्नो मौलिकता बिर्सिएर पाश्चात्य संस्कृतिमा रमाउन थालेकाले अहिलेको अवस्थामा आफ्नो संस्कृति प्रवर्द्धनका निम्ति काम गर्न मेला आयोजना गरिएको बताउनुभयो।

अध्यक्ष कोइरालाले प्रथम अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलादेखि दसौँ अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेलासम्म आइपुग्दा करिब ५५ भन्दा बढी देशका पाँच हजार ५०० भन्दा बढी कलाकारले आफ्नो देशको मौलिकता झल्कने झाँकीसहित लोक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिसकेको जानकारी दिनुभयो।

## निर्देशक आचार्यको निधन

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते। चलचित्र निर्देशक रेशराज आचार्यको निधन भएको छ। उहाँको बुधबार राति ६२ वर्षको उमेरमा निधन भएको ओम अस्पतालका चिकित्सकले पुष्टि गरेको कलाकार, लेखक तथा निर्देशक मोहन निरौलाले बताउनुभयो। हृदयाघातका कारण निधन भएको पुष्टि चिकित्सकले गरेका थिए। काठमाडौँको कोटेश्वरमा बस्दै आउनुभएको आचार्यका श्रीमती र एक छोरा हुनुहुन्छ।

चलचित्र तिलहरीबाट निर्देशन यात्रा सुरु गर्नुभएका आचार्यले टुहुरो, माटो बोल्छ, बन्धन, आमा, मन मुटु र माया, मायाको साइनो, भाग्यले जुरायोलगायतका चलचित्र निर्देशन गर्नुभएको थियो। उहाँले निर्देशन गर्नुभएको अन्तिम चलचित्र प्रीतिको फूल हो।


नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०७८ साल फागुन ६ गते (फेब्रुअरी १८, २०२२) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु. १६०।०० | रु. १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. ११९।८८ | रु. १२०।४८ |
| युरो | १ को | रु. १३६।२६ | रु. १३६।९४ |
| पाउन्ड स्टर्लिङ | १ को | रु. १६३।१० | रु. १६३।९१ |
| स्विस फ्रैङ्क | १ को | रु. १३०।११ | रु. १३०।७६ |
| अस्ट्रेलियन डलर | १ को | रु. ८६।३२ | रु. ८६।७५ |
| क्यानेडियन डलर | १ को | रु. ९४।३५ | रु. ९४।८२ |
| सिङ्गापुर डलर | १ को | रु. ८९।१७ | रु. ८९।६१ |
| जापानी येन | १० को | रु. १०।४२ | रु. १०।४७ |
| चिनियाँ युआन | १ को | रु. १८।९१ | रु. १९।०१ |
| साउदी अरब रियाल | १ को | रु. ३१।९५ | रु. ३२।११ |
| कतारी रियाल | १ को | रु. ३२।७७ | रु. ३२।९४ |
| थाई भाट | १ को | रु. ३।७३ | रु. ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. ३२।६४ | रु. ३२।८० |
| मलेसियन रिङ्गिट | १ को | रु. २८।६३ | रु. २८।७७ |
| दक्षिण कोरियन वन | १०० को | रु. १०।०१ | रु. १०।०६ |
| स्विडिस क्रोनर | १ को | रु. १२।८६ | रु. १२।९२ |
| डेनिस क्रोनर | १ को | रु. १८।३१ | रु. १८।४० |
| हङकङ डलर | १ को | रु. १५।३७ | रु. १५।४४ |
| कुवेती दिनार | १ को | रु. ३९६।३८ | रु. ३९८।३६ |
| बहराइन दिनार | १ को | रु. ३१७।९८ | रु. ३१९।५७ |

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।

* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।


गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधानसम्पादक **शिवकुमार भट्टराई**

सम्पादकीय : फोन नं. ४२२२९२१, ४२४४४२९, फ्याक्स नं. ४२२४३८१, **E-mail , news@gorkhapatradaily.com,** विज्ञापन शाखा : फोन नं. ४२२७४९३, ४२२६५२९, **E-mail , mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ४२२०६३८, टोल फ्रि नं. १६६०–०१–९४४४४

▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ॥

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ॥

GORKHAPATRA DAILY

विराटनगर संस्करण

| वर्ष १२१ | अङ्क २८० | २०७८ साल फागुन ६ गते शुक्रबार | फाल्गुण कृष्ण द्वितीया | नेपाल संवत् ११४२ शिल्लागा : २ | 2022 February 18 Friday | Website : www. gorkhapatraonline.com | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ




विज्ञापन प्रकाशित गर्नुपरेमा
फोन नं. ०१-४२२७४९३/०१-४२३१३९४
E-mail: mgorkhapatra@gmail.com
मा सम्पर्क गर्नुहोला ।
व्यापार विभाग
गोरखापत्र संस्थान
प्रधान कार्यालय, धर्मपथ, काठमाडौं

# एमसीसी अनुमोदन गर्न प्रम सक्रिय

## ● गठबन्धन र विपक्षी नेतासँग छुट्टाछुट्टै छलफल



**प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच बिहीबार राति बालकोटमा भेटवार्ता हुँदै । भेटमा प्रधानमन्त्री पत्नी तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा. आरजु राणा देउवा पनि सहभागी हुनुहुन्छ । तस्बिर : अध्यक्ष ओलीको निजी सचिवालय**

■ अशोक अधिकारी

काठमाडौँ, फागुन ५ गते । प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा अमेरिकी अनुदान सहायता मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट अनुमोदन गर्न राजनीतिक दलका शीर्ष नेताहरूसँगको संवाद तीव्र पार्नुभएको छ ।

सरकारमा संलग्न चार दलका शीर्ष नेताहरूसँग बिहीबार प्रधानमन्त्री निवासमा भएको छलफलमा उहाँले एमसीसी सार्वभौम संसद्बाट अनुमोदनको प्रस्ताव गर्नुभएको छ । प्रधानमन्त्री देउवाले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईसहित शीर्ष नेतालाई तत्काल संसद्बाट एमसीसी अनुमोदन गर्नुपर्ने प्रस्ताव गर्नुभएको हो ।

> **एमसीसी अनुमोदनका लागि राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने भएकाले प्रतिपक्षी दलले सहयोग गर्ने प्रमको विश्वास ।**

उहाँले बिहीबार राति प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग छलफल गरी संसद्को गतिरोध अन्त्य गरी एमसीसी अनुमोदन प्रक्रिया अघि बढाउन आग्रह गर्नुभएको छ । देउवाले एमसीसीमाथिको छलफलका लागि संसद् अवरोध खुलाउन ओलीलाई आग्रह गर्नुभएको हो । प्रधानमन्त्री देउवा र अध्यक्ष ओलीबीच दुई चरणमा कुराकानी भएको छ । प्रधानमन्त्री देउवाले एमाले अध्यक्ष ओलीलाई भेटेर संसद्को गतिरोध अन्त्य गर्न आग्रह गर्नुभएको छ । बिहीबार राति बालकोटस्थित ओली निवासमा पुगेर देउवाले एमसीसी अनुमोदनका लागि राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने भएकाले प्रतिपक्षी दलले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभएको हो ।

काँग्रेस प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार प्रधानमन्त्री देउवाले संसद्को गतिरोध अन्त्य गरेर एमसीसीसहित अन्य विषयमाथि पनि संसद्मा छलफलका लागि ओलीलाई प्रस्ताव गर्नुभएको छ ।

एमाले अध्यक्ष ओलीका निजी सचिव राजेश वज्राचार्यका अनुसार दुई शीर्ष नेताबीच कुराकानी भएको छ, कुराकानीको विस्तृत जानकारी भने प्राप्त भइसकेको छैन । यसअघि बालुवाटार बैठकमा सहभागी सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार प्रधानमन्त्री देउवाले मिलेनियम च्यालेन्ज कर्पोरेसनसँगको (बाँकी पृष्ठ २ मा)

## एमसीसी नेपालको हितमा : प्रधानमन्त्री

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते । प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी आर्थिक सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट पारित गर्नुपर्छ भन्ने निर्णय नेपाली काँग्रेसले गरिसकेकाले पार्टी त्यसका पक्षमा उभिने बताउनुभएको छ ।

नेपाली काँग्रेसका नेता अर्जुननरसिंह केसीद्वारा लिखित 'नेपाली काँग्रेसको सङ्क्षिप्त इतिहास' कृतिको बिहीबार लोकार्पण गर्दै प्रधानमन्त्री देउवाले एमसीसी नेपालको हितमा भएकाले यसलाई पारित गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "एमसीसीका बारेमा पार्टीले पनि निर्णय गरिसकेको छ । म पनि लागिरहेको छु । अब संसद्मा गएपछि यसलाई पारित गर्नुपर्ने हुन्छ ।"

उहाँले मुलुकलाई अग्रमगनको दिशामा लैजान र समाज परिवर्तन गर्न ऐतिहासिक रूपमा नेपाली काँग्रेसले नेतृत्व गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली काँग्रेसले राणा शासनविरुद्ध गरिएको आन्दोलनदेखि हालसम्मका सबै राजनीतिक परिवर्तनको नेतृत्व गर्‍यो । परिवर्तनका लागि काँग्रेस कसैसँग डराउँदैन । बरु नेतृत्व गरेर परिवर्तन गरी छाड्छ ।" कार्यक्रममा पार्टीका महामन्त्री गगनकुमार थापाले आज देखिने अनि भोग्ने गरी आएको लोकतन्त्र नेपाली काँग्रेसले विगतदेखि गरेको आन्दोलनको उपज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आजको पुस्ताले जे भोगिरहेको छ, जे देखिरहेको छ । त्यो एकै दिन सजिलैसँग आएको होइन । यसका लागि नेपाली काँग्रेसका धेरै पुस्ताको बलिदानी रहेको छ ।" (बाँकी पृष्ठ २ मा)

# यान्त्रिक परीक्षण उडान आजदेखि

## ● बुद्ध पूर्णिमादेखि व्यावसायिक उडान



■ विश्वास रेग्मी/लक्ष्मण पौडेल

काठमाडौँ/भैरहवा, फागुन ५ गते । कुनै समय आयोजना नै खारेज हुने अवस्थामा पुगेको भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्ततः शुक्रबारदेखि यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) हुने भएको छ ।

यान्त्रिक परीक्षण उडानका लागि एरो थाईको विमान बिहीबार साँझ आइपुगेको छ । थाइल्यान्डबाट काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबार बिहान आइपुगेको विमान बेलुकी ५ बजे गौतम बुद्ध विमानस्थलमा अवतरण भएको हो ।

परीक्षणका लागि चालक, सहचालक, प्राविधिकसहित सात जनाको टोली आएको विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले जानकारी दिनुभयो ।

ढिलै भए पनि आयोजना सम्पन्न भएर क्यालिब्रेसन उडानको अवस्थामा पुग्नु सुखद भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले बताउनुभयो । "क्यालिब्रेसन उडानले ७० वर्षपछि मुलुककै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको ढोका खुल्नेछ," उहाँले भन्नुभयो ।

कुनै पनि नयाँ विमानस्थल सञ्चालनमा आउनुपूर्व विमानस्थलमा जडान गरिएका हवाई उपकरणहरू परीक्षणका लागि गरिने उडान नै क्यालिब्रेसन उडान हो । क्यालिब्रेसन उडानपछि जडित उपकरणहरूले सही तरिकाबाट काम गरे या नगरेको तथा कुनै कमजोरी भए त्यो पत्ता लगाउन सकिने प्राधिकरणका सीएनएस विज्ञ मुकुल मिश्रले जानकारी दिनुभयो ।

उहाँका अनुसार क्यालिब्रेसन उडानका क्रममा खासगरी एयर ट्राफिक नियन्त्रक

**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल**

(एटीसी)सँगको सम्पर्क, सबैसँगको सञ्चार सम्पर्क, उपकरणमार्फत हुने अवतरण प्रणाली (आईएलएस), मौसमसम्बन्धी जानकारीलगायतका परीक्षण हुनेछन् ।

क्यालिब्रेसनका लागि आएको एरो थाईको उक्त जहाज फागुन १६ गतेसम्म नेपालमा रहनेछ । जहाजले यहाँ रहँदा एक हप्तासम्म क्यालिब्रेसन उडान गर्नेछ । उक्त उडान दैनिक छ घन्टासम्म हुनेछ । बिहान १० बजेदेखि हुने उक्त उडानको अवधिमा अन्य उडान भने हुने छैनन् । १० दिनसम्म क्यालिब्रेसन फ्लाइट भइसकेपछि नेपाल वायुसेवा निगमको (बाँकी पृष्ठ २ मा)

# क्रिप्टो करेन्सीबारे अध्ययन गर्न समिति

■ मित्र भण्डारी

काठमाडौँ, फागुन ५ गते । नेपालमा प्रतिबन्धित भर्चुअल मुद्राको कारोबार (क्रिप्टो करेन्सी, हाइपर फन्ड तथा अनलाइन कारोबारबारे विस्तृत अध्ययन तथा अनुसन्धानका लागि दुईवटा समिति गठन भएका छन् ।

अर्थ मन्त्रालयले सहसचिव भुपाल बरालको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेको छ । सो समितिमा नेपाल राष्ट्र बैङ्क, कानुन, न्याय तथा संसदीय मन्त्रालय, प्रहरी प्रधान कार्यालय, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल दूरसञ्चार प्राधिकरणका प्रतिनिधि रहनुभएको छ ।

समितिले क्रिप्टो करेन्सी, हाइपर फन्ड तथा अनलाइन कारोबारले पार्न सक्ने प्रभाव तथा सम्भावनाबारे विस्तृत अध्ययन गर्ने मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

> **प्रतिबन्ध लगाउने वा खुलाउनेबारे निष्कर्ष निकालिने ।**

प्रहरी प्रधान कार्यालयले क्रिप्टो करेन्सीलगायत अनलाइन कारोबार र यसको दुरुपयोग र ठगीबारे विस्तृत अनुसन्धान र अध्ययनका लागि आन्तरिक समिति गठन गरेको हो । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक चन्द्रकुवेर खापुङको संयोजकत्वमा सात सदस्य समिति गठन भएको छ ।

समितिमा महानगरीय प्रहरी परिसर काठमाडौँ, ललितपुर र भक्तपुरबाट एक/एक जना अनुसन्धान अधिकृत तथा महानगरीय अपराध महाशाखा, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र साइबर क्राइम ब्युरोबाट समेत एक/एक जना अनुसन्धान अधिकृत रहनुभएको छ । प्रहरीको सो समितिले प्रतिबन्धित क्रिप्टो करेन्सी हाइपर फन्डलगायत सामाजिक सञ्जालमार्फत बढ्दै गएको आपराधिक गतिविधि नियन्त्रणबारे अध्ययन र अनुसन्धान गर्नेछ ।

क्रिप्टो करेन्सी केही विकसित मुलुकमा आंशिक रूपमा खुला छ । छिमेकी मुलुक भारतमा पनि आंशिक खुला छ भने चीनलगायत कतिपय ठूला अर्थतन्त्र भएका मुलुकमा यसको कारोबार पूर्ण रूपमा प्रतिबन्धित छ । (बाँकी पृष्ठ २ मा)

तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानुनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**स्थानीय तह निर्वाचन**

# साढे दुई लाख जनशक्ति आवश्यक

■ इश्वरचन्द्र झा

काठमाडौँ, फागुन ५ गते । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७९ का लागि जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७८ स्वीकृत गरेको छ । निर्देशिका स्वीकृत भएपछि निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्ने कार्य सहज रूपले अगाडि बढ्ने आयोगले जनाएको छ ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले स्थानीय निर्वाचनमा आयोगको दरबन्दीबाहेक दुई लाख ६५ हजारभन्दा बढी कर्मचारी आवश्यक पर्ने बताउनुभयो । देशभरि २३ हजार पाँच सय मतदान केन्द्र हुने आयोगले अनुमान गरेको छ ।

पाँच सय मतदाता हुने मतदान केन्द्रमा सात जना र सोभन्दा बढी मतदाता हुने केन्द्रमा नौ जना कर्मचारी आवश्यक हुने मापदण्ड निर्धारण गरिएको छ । "सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारी नै नियुक्त गर्ने योजना आयोगले गरेको छ । यसले दैनिक भत्तालगायतको सुविधामा खर्च कटौती हुनेछ," उहाँले भन्नुभयो ।

> **पाँच सय मतदाता हुने मतदान केन्द्रमा सात जना र सोभन्दा बढी मतदाता हुने केन्द्रमा नौ जना कर्मचारी आवश्यक ।**




प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा अधिकतम नौ जना कर्मचारी परिचालन गरिनेछ । आयोगको केन्द्रीय कार्यालयमा हाल ११४ जना कर्मचारीको दरबन्दी छ तर निर्वाचन प्रयोजनका लागि विज्ञ कर्मचारी नियुक्त गरिने हुनाले कर्मचारी सङ्ख्या बढ्नेछ ।

आयोगले ७७ जना मुख्य निर्वाचन अधिकृतको नियुक्ति प्रक्रिया अगाडि बढाएको छ । आयोगका अनुसार स्थानीय तह निर्वाचनमा करिब एक हजार छ सय निर्वाचन अधिकृत नियुक्त हुनेछन् । निर्वाचन कार्यक्रमबमोजिम आगामी चैत २९ गते मुख्य निर्वाचन अधिकृत नियुक्त हुनेछन् । त्यसअघि आगामी चैत १३ गते नै आयोगले मुख्य निर्वाचन अधिकृतको नामावली प्रकाशन गर्नेछ । मुख्य निर्वाचन अधिकृतको नियुक्तिपछि स्थानीय तहमा निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृत नियुक्त हुनेछन् ।

प्रवक्ता पौडेलले मुख्य निर्वाचन अधिकृतको नामावली फागुन १५ गतेभित्र आयोगमा बुझाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई आग्रह गरेको जानकारी दिनुभयो । मुख्य निर्वाचन अधिकृतमा नियुक्तिका लागि मन्त्रालयले न्याय परिषद्सँग परामर्श गरी न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतका रूपमा नियुक्त गर्न न्याय सेवा आयोगसँग परामर्श गर्नुपर्ने हुन्छ ।

आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई फागुन १५ गतेभित्र निर्वाचन अधिकृत र सहायक अधिकृतमा नियुक्त हुने अधिकृतको नामावली पठाउन पत्राचार गरेको छ । (बाँकी पृष्ठ २ मा)

# किसानलाई पचासी करोड निकासा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते । सरकारले बेमौसमी वर्षाका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

गृह मन्त्रालयका अनुसार यसअघि धानबालीमा क्षति पुगेका किसानहरूलाई राहत उपलब्ध गराउनेसम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गरिएको थियो । गत असोज ३१ देखि कात्तिक ३ गतेसम्म देशका विभिन्न भूभागमा वर्षाका कारण धानबालीमा क्षति पुग्दा किसान प्रभावित भएका थिए । अर्थ मन्त्रालयले किसानलाई राहत रकम उपलब्ध गराउने मापदण्ड, २०७८ बमोजिम राहत उपलब्धस्वरूप एक अर्ब रुपियाँ निकासा गरेको थियो ।

गृह सचिव टेकनारायण पाण्डेको अध्यक्षतामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवसहितको बैठकले अर्थ मन्त्रालयले गरेको निर्णयमध्ये ८५ करोड चार लाख रुपियाँ जिल्ला विपत् व्यवस्थापनमार्फत उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले जिल्ला विपत् व्यवस्थापन समितिबाट यकिन भई आएका जिल्लालाई मापदण्डबमोजिमको आधार र प्रक्रिया पूरा गरी रकम उपलब्ध गराउने निर्णय गरेको हो । उक्त रकम केन्द्रीय विपत् व्यवस्थापन कोषमार्फत वर्षाका कारण धानबालीमा क्षति (बाँकी पृष्ठ २ मा)

# मृत्युसंस्कारमा पनि देखासिकी

■ सहदेव बस्नेत

जाजरकोट, फागुन ५ गते । नलगाड नगरपालिका–८ का दीपक सिंहले बुबाको अन्त्येष्टिमा ५० थान कपडाबाट छ सय मिटर 'बाट' को प्रयोग गर्नुभयो । बाबुको अन्त्येष्टिका लागि कपडा किन्न मात्रै एक लाख रुपियाँ खर्च भएको उहाँले बताउनुभयो ।

सोही ठाउँका पदमबहादुर खत्रीले पनि आमाको मृत्यु हुँदा ४० थान कपडा अथवा लामो 'बाट' हालेर दाहसंस्कार गर्नुभयो ।

सिंह र खत्री मात्र होइन, अधिकांश जाजरकोटीले वर्षौंदेखि आफन्तको अन्त्येष्टिमा लामो कपडा हाल्दै आएका छन् ।

शवलाई घरबाट उठाएर अन्तिम संस्कारका लागि नदी तथा खोला किनारमा लैजाँदा सेतो, नीलो, रातो र पहेँलो रङको कपडा कम्तीमा तीन थानदेखि अधिकतम एक सय थानसम्म प्रयोग गरिँदै आएको छ । यसरी अन्त्येष्टिका लागि घरदेखि घाटसम्म पुर्‍याउँदा कपडामा नै लाखभन्दा बढी रुपियाँ खर्च हुने बताइएको छ ।

> **इज्जत र प्रतिष्ठासँग जोडेर अरूलाई देखाउन साहुसँग ऋण काढेर भए पनि लामो 'बाट' हाल्ने होडबाजी ।**

अन्त्येष्टिमा कपडाको प्रयोगकै आधारमा गाउँघरमा धनी र गरिब भनेर समाजले छुट्याउने गरेको ८५ वर्षीय कर्णबहादुर रावलले बताउनुभयो । इज्जत र प्रतिष्ठासँग जोडेर अरूलाई देखाउन साहुसँग ऋण काढेर भए पनि लामो 'बाट' हाल्ने होडबाजी चल्दै आएको उहाँले जनाउनुभयो ।

अन्तिम संस्कारका लागि शवलाई घरबाट घाट लैजाँदा अगाडि टाँग्दै लगिने कपडाबाट दिवङ्गतका आत्मा स्वर्गमा पुग्छ भन्ने विश्वास छ । त्यसैले गाउँमा कतिपय बूढापाका अहिले पनि आफ्ना लागि आफैँले धेरै थान कपडा किनेर राख्ने गर्छन् । जति लामो 'बाट' हालिन्छ उति छिटो स्वर्गमा पुगिन्छ भन्ने अन्धविश्वासले गर्दा बूढापाकाले आफ्नो लागि आफैँले कपडा किनेर राख्ने चलन रहेको स्थानीयवासीको भनाइ छ ।



**जाजरकोटमा मानिसको मृत्युसंस्कारमा प्रयोग गरिने कपडाको लामो 'बाट' ।**

कर्णाली र गण्डकी प्रदेशका विभिन्न स्थानमा प्रचलन रहेको 'बाट' परम्परालाई गण्डकी प्रदेशतिर भने यसलाई 'बाटो' पनि भनिन्छ । मृत्यु जस्तो अत्यन्त संवेदनशील कुरामा जोडिएको यो संस्कार अहिले देखासिकी र अस्वस्थ प्रतिस्पर्धा पनि बन्न थालेको छ । बारेकोट गाउँपालिकाका अध्यक्ष महेन्द्र शाह संस्कार जोगाउनभन्दा पनि देखासिकीकै लागि थानका थान कपडाको प्रयोग गर्ने चलनले गर्दा विपन्नलाई समस्या हुने गरेको बताउनुहुन्छ । यस्तो चलनलाई निरुत्साहित गर्न सबैले पहल गर्नुपर्ने सुझाव उहाँले दिनुभयो ।

विगतमा अहिलेको जस्तो खबर आदानप्रदान गर्ने सञ्चारका माध्यम (टेलिफोन, सामाजिक सञ्जाल) थिएन । त्यति बेला धेरैलाई थाहा होस् भनेर लामो 'बाट' हाल्नु स्वाभाविक भए पनि अब यसलाई कम गर्नुपर्ने कुशे गाउँपालिका–५, खुर्पाका बासिन्दा हरिबहादुर सिंहले बताउनुभयो ।

वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ॥

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै देख्न् नहुन् क्वै दुखीया ॥

GORKHAPATRA DAILY

कोहलपुर संस्करण

| वर्ष १२१ | अङ्क २८० | २०७८ साल फागुन ६ गते शुक्रबार | फाल्गुन कृष्ण द्वितीया | नेपाल संवत् ११४२ सिल्लागा : २ | 2022 February 18 Friday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ






विज्ञापन प्रकाशित गर्नुपरेमा

फोन नं. ०१-४२२७४९३/०१-४२३१३९४
E-mail: mgorkhapatra@gmail.com
मा सम्पर्क गर्नुहोला ।

व्यापार विभाग
गोरखापत्र संस्थान
प्रधान कार्यालय, धर्मपथ, काठमाडौं


# एमसीसी अनुमोदन गर्न प्रम सक्रिय

## ● गठबन्धन र विपक्षी नेतासँग छुट्टाछुट्टै छलफल



प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच बिहीबार राति बालकोटमा भेटवार्ता हुँदै । भेटमा प्रधानमन्त्री पत्नी तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा. आरजु राणा देउवा पनि सहभागी हुनुहुन्छ । तस्बिर : अध्यक्ष ओलीको निजी सचिवालय

■ अशोक अधिकारी

काठमाडौँ, फागुन ५ गते । प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा अमेरिकी अनुदान सहायता मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट अनुमोदन गर्न राजनीतिक दलका शीर्ष नेताहरूसँगको संवाद तीव्र पार्नुभएको छ ।

सरकारमा संलग्न चार दलका शीर्ष नेताहरूसँग बिहीबार प्रधानमन्त्री निवासमा भएको छलफलमा उहाँले एमसीसी सार्वभौम संसद्बाट अनुमोदनको प्रस्ताव गर्नुभएको छ । प्रधानमन्त्री देउवाले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईसहित शीर्ष नेतालाई तत्काल संसद्बाट एमसीसी अनुमोदन गर्नुपर्ने प्रस्ताव गर्नुभएको हो ।

**एमसीसी अनुमोदनका लागि राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने भएकाले प्रतिपक्षी दलले सहयोग गर्ने प्रमको विश्वास ।**

उहाँले बिहीबार राति प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग छलफल गरी संसद्को गतिरोध अन्त्य गरी एमसीसी अनुमोदन प्रक्रिया अघि बढाउन आग्रह गर्नुभएको छ । देउवाले एमसीसीमाथिको छलफलका लागि संसद् अवरोध खुलाउन ओलीलाई आग्रह गर्नुभएको हो । प्रधानमन्त्री देउवा र अध्यक्ष ओलीबीच दुई चरणमा कुराकानी भएको छ । प्रधानमन्त्री देउवाले एमाले अध्यक्ष ओलीलाई भेटेर संसद्को गतिरोध अन्त्य गर्न आग्रह गर्नुभएको छ । बिहीबार राति बालकोटस्थित ओली निवासमा पुगेर देउवाले एमसीसी अनुमोदनका लागि राष्ट्रिय सहमति निर्माण गर्नुपर्ने भएकाले प्रतिपक्षी दलले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभएको हो ।

काँग्रेस प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार प्रधानमन्त्री देउवाले संसद्को गतिरोध अन्त्य गरेर एमसीसीसहित अन्य विषयमाथि पनि संसद्मा छलफलका लागि ओलीलाई प्रस्ताव गर्नुभएको छ ।

एमाले अध्यक्ष ओलीका निजी सचिव राजेश वज्राचार्यका अनुसार दुई शीर्ष नेताबीच कुराकानी भएको छ, कुराकानीको विस्तृत जानकारी भने प्राप्त भइसकेको छैन । यसअघि बालुवाटार बैठकमा सहभागी सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार प्रधानमन्त्री देउवाले मिलेनियम च्यालेन्ज कर्पोरेसनसँगको (बाँकी पृष्ठ २ मा)

## एमसीसी नेपालको हितमा : प्रधानमन्त्री

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते । प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी आर्थिक सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट पारित गर्नुपर्छ भन्ने निर्णय नेपाली काँग्रेसले गरिसकेकाले पार्टी त्यसका पक्षमा उभिने बताउनुभएको छ ।

नेपाली काँग्रेसका नेता अर्जुननरसिंह केसीद्वारा लिखित 'नेपाली काँग्रेसको सङ्क्षिप्त इतिहास' कृतिको बिहीबार लोकार्पण गर्दै प्रधानमन्त्री देउवाले एमसीसी नेपालको हितमा भएकाले यसलाई पारित गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "एमसीसीका बारेमा पार्टीले पनि निर्णय गरिसकेको छ । म पनि लागिरहेको छु । अब संसद्मा गएपछि यसलाई पारित गर्नुपर्ने हुन्छ ।"

उहाँले मुलुकलाई अग्रमगनको दिशामा लैजान र समाज परिवर्तन गर्न ऐतिहासिक रूपमा नेपाली काँग्रेसले नेतृत्व गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली काँग्रेसले राणा शासनविरुद्ध गरिएको आन्दोलनदेखि हालसम्मका सबै राजनीतिक परिवर्तनको नेतृत्व गर्‍यो । परिवर्तनका लागि काँग्रेस कसैसँग डराउँदैन । बरु नेतृत्व गरेर परिवर्तन गरी छाड्छ ।" कार्यक्रममा पार्टीका महामन्त्री गगनकुमार थापाले आज देखिने अनि भोग्ने गरी आएको लोकतन्त्र नेपाली काँग्रेसले विगतदेखि गरेको आन्दोलनको उपज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आजको पुस्ताले जे भोगिरहेको छ, जे देखिरहेको छ । त्यो एकै दिन सजिलैसँग आएको होइन । यसका लागि नेपाली काँग्रेसका धेरै पुस्ताको बलिदानी रहेको छ ।" (बाँकी पृष्ठ २ मा)

# यान्त्रिक परीक्षण उडान आजदेखि

## ● बुद्ध पूर्णिमादेखि व्यावसायिक उडान



■ विश्वास रेग्मी/लक्ष्मण पौडेल

काठमाडौँ/भैरहवा, फागुन ५ गते । कुनै समय आयोजना नै खारेज हुने अवस्थामा पुगेको भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्ततः शुक्रबारदेखि यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) हुने भएको छ ।

यान्त्रिक परीक्षण उडानका लागि एरो थाईको विमान बिहीबार साँझ आइपुगेको छ । थाइल्यान्डबाट काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबार बिहान आइपुगेको विमान बेलुकी ५ बजे गौतम बुद्ध विमानस्थलमा अवतरण भएको हो ।

**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल**

परीक्षणका लागि चालक, सहचालक, प्राविधिकसहित सात जनाको टोली आएको विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले जानकारी दिनुभयो ।

ढिलै भए पनि आयोजना सम्पन्न भएर क्यालिब्रेसन उडानको अवस्थामा पुग्नु सुखद भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले बताउनुभयो । "क्यालिब्रेसन उडानले ७० वर्षपछि मुलुककै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको ढोका खुल्नेछ," उहाँले भन्नुभयो ।

कुनै पनि नयाँ विमानस्थल सञ्चालनमा आउनुपूर्व विमानस्थलमा जडान गरिएका हवाई उपकरणहरू परीक्षणका लागि गरिने उडान नै क्यालिब्रेसन उडान हो । क्यालिब्रेसन उडानपछि जडित उपकरणहरूले सही तरिकाबाट काम गरे या नगरेको तथा कुनै कमजोरी भए त्यो पत्ता लगाउन सकिने प्राधिकरणका सीएनएस विज्ञ मुकुल मिश्रले जानकारी दिनुभयो ।

उहाँका अनुसार क्यालिब्रेसन उडानका क्रममा खासगरी एयर ट्राफिक नियन्त्रक (एटीसी)सँगको सम्पर्क, सबैसँगको सञ्चार सम्पर्क, उपकरणमार्फत हुने अवतरण प्रणाली (आईएलएस), मौसमसम्बन्धी जानकारीलगायतका परीक्षण हुनेछन् ।

क्यालिब्रेसनका लागि आएको एरो थाईको उक्त जहाज फागुन १६ गतेसम्म नेपालमा रहनेछ । जहाजले यहाँ रहँदा एक हप्तासम्म क्यालिब्रेसन उडान गर्नेछ । उक्त उडान दैनिक छ घन्टासम्म हुनेछ । बिहान १० बजेदेखि हुने उक्त उडानको अवधिमा अन्य उडान भने हुने छैनन् । १० दिनसम्म क्यालिब्रेसन फ्लाइट भइसकेपछि नेपाल वायुसेवा निगमको (बाँकी पृष्ठ २ मा)

# क्रिप्टो करेन्सीबारे अध्ययन गर्न समिति

■ मित्र भण्डारी

काठमाडौँ, फागुन ५ गते । नेपालमा प्रतिबन्धित भर्चुअल मुद्राको कारोबार (क्रिप्टो करेन्सी, हाइपर फन्ड तथा अनलाइन कारोबारबारे विस्तृत अध्ययन तथा अनुसन्धानका लागि दुईवटा समिति गठन भएका छन् ।

अर्थ मन्त्रालयले सहसचिव भुपाल बरालको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेको छ । सो समितिमा नेपाल राष्ट्र बैङ्क, कानुन, न्याय तथा संसदीय मन्त्रालय, प्रहरी प्रधान कार्यालय, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल दूरसञ्चार प्राधिकरणका प्रतिनिधि रहनुभएको छ ।

समितिले क्रिप्टो करेन्सी, हाइपर फन्ड तथा अनलाइन कारोबारले पार्न सक्ने प्रभाव तथा सम्भावनाबारे विस्तृत अध्ययन गर्ने मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

**प्रतिबन्ध लगाउने वा खुलाउनेबारे निष्कर्ष निकालिने ।**

प्रहरी प्रधान कार्यालयले क्रिप्टो करेन्सीलगायत अनलाइन कारोबार र यसको दुरुपयोग र ठगीबारे विस्तृत अनुसन्धान र अध्ययनका लागि आन्तरिक समिति गठन गरेको हो । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक चन्द्रकुवेर खापुङको संयोजकत्वमा सात सदस्य समिति गठन भएको छ ।

समितिमा महानगरीय प्रहरी परिसर काठमाडौँ, ललितपुर र भक्तपुरबाट एक/एक जना अनुसन्धान अधिकृत तथा महानगरीय अपराध महाशाखा, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र साइबर क्राइम ब्युरोबाट समेत एक/एक जना अनुसन्धान अधिकृत रहनुभएको छ । प्रहरीको सो समितिले प्रतिबन्धित क्रिप्टो करेन्सी हाइपर फन्डलगायत सामाजिक सञ्जालमार्फत बढ्दै गएको आपराधिक गतिविधि नियन्त्रणबारे अध्ययन र अनुसन्धान गर्नेछ ।

क्रिप्टो करेन्सी केही विकसित मुलुकमा आंशिक रूपमा खुला छ । छिमेकी मुलुक भारतमा पनि आंशिक खुला छ भने चीनलगायत कतिपय ठूला अर्थतन्त्र भएका मुलुकमा यसको कारोबार पूर्ण रूपमा प्रतिबन्धित छ । (बाँकी पृष्ठ २ मा)


तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानुनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**स्थानीय तह निर्वाचन**

# साढे दुई लाख जनशक्ति आवश्यक

■ इश्वरचन्द्र झा

काठमाडौँ, फागुन ५ गते । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७९ का लागि जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७८ स्वीकृत गरेको छ । निर्देशिका स्वीकृत भएपछि निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्ने कार्य सहज रूपले अगाडि बढ्ने आयोगले जनाएको छ ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले स्थानीय निर्वाचनमा आयोगको दरबन्दीबाहेक दुई लाख ६५ हजारभन्दा बढी कर्मचारी आवश्यक पर्ने बताउनुभयो । देशभरि २३ हजार पाँच सय मतदान केन्द्र हुने आयोगले अनुमान गरेको छ ।

पाँच सय मतदाता हुने मतदान केन्द्रमा सात जना र सोभन्दा बढी मतदाता हुने केन्द्रमा नौ जना कर्मचारी आवश्यक हुने मापदण्ड निर्धारण गरिएको छ । "सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारी नै नियुक्त गर्ने योजना आयोगले गरेको छ । यसले दैनिक भत्तालगायतको सुविधामा खर्च कटौती हुनेछ," उहाँले भन्नुभयो ।

**पाँच सय मतदाता हुने मतदान केन्द्रमा सात जना र सोभन्दा बढी मतदाता हुने केन्द्रमा नौ जना कर्मचारी आवश्यक ।**



प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा अधिकतम नौ जना कर्मचारी परिचालन गरिनेछ । आयोगको केन्द्रीय कार्यालयमा हाल ११४ जना कर्मचारीको दरबन्दी छ तर निर्वाचन प्रयोजनका लागि विज्ञ कर्मचारी नियुक्त गरिने हुनाले कर्मचारी सङ्ख्या बढ्नेछ ।

आयोगले ७७ जना मुख्य निर्वाचन अधिकृतको नियुक्ति प्रक्रिया अगाडि बढाएको छ । आयोगका अनुसार स्थानीय तह निर्वाचनमा करिब एक हजार छ सय निर्वाचन अधिकृत नियुक्त हुनेछन् । निर्वाचन कार्यक्रमबमोजिम आगामी चैत २९ गते मुख्य निर्वाचन अधिकृत नियुक्त हुनेछन् । त्यसअघि आगामी चैत १३ गते नै आयोगले मुख्य निर्वाचन अधिकृतको नामावली प्रकाशन गर्नेछ । मुख्य निर्वाचन अधिकृतको नियुक्तिपछि स्थानीय तहमा निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृत नियुक्त हुनेछन् ।

प्रवक्ता पौडेलले मुख्य निर्वाचन अधिकृतको नामावली फागुन १५ गतेभित्र आयोगमा बुझाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई आग्रह गरेको जानकारी दिनुभयो । मुख्य निर्वाचन अधिकृतमा नियुक्तिका लागि मन्त्रालयले न्याय परिषद्सँग परामर्श गरी न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतका रूपमा नियुक्त गर्न न्याय सेवा आयोगसँग परामर्श गर्नुपर्ने हुन्छ ।

आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई फागुन १५ गतेभित्र निर्वाचन अधिकृत र सहायक अधिकृतमा नियुक्त हुने अधिकृतको नामावली पठाउन पत्राचार गरेको छ । (बाँकी पृष्ठ २ मा)

# किसानलाई पचासी करोड निकासा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ५ गते । सरकारले बेमौसमी वर्षाका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

गृह मन्त्रालयका अनुसार यसअघि धानबालीमा क्षति पुगेका किसानहरूलाई राहत उपलब्ध गराउनेसम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गरिएको थियो । गत असोज ३१ देखि कात्तिक ३ गतेसम्म देशका विभिन्न भूभागमा वर्षाका कारण धानबालीमा क्षति पुग्दा किसान प्रभावित भएका थिए । अर्थ मन्त्रालयले किसानलाई राहत रकम उपलब्ध गराउने मापदण्ड, २०७८ बमोजिम राहत उपलब्धस्वरूप एक अर्ब रुपियाँ निकासा गरेको थियो ।

गृह सचिव टेकनारायण पाण्डेको अध्यक्षतामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवसहितको बैठकले अर्थ मन्त्रालयले गरेको निर्णयमध्ये ८५ करोड चार लाख रुपियाँ जिल्ला विपत् व्यवस्थापनमार्फत उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले जिल्ला विपत् व्यवस्थापन समितिबाट यकिन भई आएका जिल्लालाई मापदण्डबमोजिमको आधार र प्रक्रिया पूरा गरी रकम उपलब्ध गराउने निर्णय गरेको हो । उक्त रकम केन्द्रीय विपत् व्यवस्थापन कोषमार्फत वर्षाका कारण धानबालीमा क्षति (बाँकी पृष्ठ २ मा)

# मृत्युसंस्कारमा पनि देखासिकी

■ सहदेव बस्नेत

जाजरकोट, फागुन ५ गते । नलगाड नगरपालिका-८ का दीपक सिंहले बुबाको अन्त्येष्टिमा ५० थान कपडाबाट छ सय मिटर 'बाट' को प्रयोग गर्नुभयो । बाबुको अन्त्येष्टिका लागि कपडा किन्न मात्रै एक लाख रुपियाँ खर्च भएको उहाँले बताउनुभयो ।

सोही ठाउँका पदमबहादुर खत्रीले पनि आमाको मृत्यु हुँदा ४० थान कपडा अथवा लामो 'बाट' हालेर दाहसंस्कार गर्नुभयो ।

सिंह र खत्री मात्र होइन, अधिकांश जाजरकोटीले वर्षौंदेखि आफन्तको अन्त्येष्टिमा लामो कपडा हाल्दै आएका छन् ।

शवलाई घरबाट उठाएर अन्तिम संस्कारका लागि नदी तथा खोला किनारमा लैजाँदा सेतो, नीलो, रातो र पहेँलो रङको कपडा कम्तीमा तीन थानदेखि अधिकतम एक सय थानसम्म प्रयोग गरिँदै आएको छ । यसरी अन्त्येष्टिका लागि घरदेखि घाटसम्म पुर्‍याउँदा कपडामा नै लाखभन्दा बढी रुपियाँ खर्च हुने बताइएको छ ।

**इज्जत र प्रतिष्ठासँग जोडेर अरूलाई देखाउन साहुसँग ऋण काढेर भए पनि लामो 'बाट' हाल्ने होडबाजी ।**

अन्त्येष्टिमा कपडाको प्रयोगकै आधारमा गाउँघरमा धनी र गरिब भनेर समाजले छुट्याउने गरेको ८५ वर्षीय कर्णबहादुर रावलले बताउनुभयो । इज्जत र प्रतिष्ठासँग जोडेर अरूलाई देखाउन साहुसँग ऋण काढेर भए पनि लामो 'बाट' हाल्ने होडबाजी चल्दै आएको उहाँले जनाउनुभयो ।

अन्तिम संस्कारका लागि शवलाई घरबाट घाट लैजाँदा अगाडि टाँग्दै लगिने कपडाबाट दिवङ्गतका आत्मा स्वर्गमा पुग्छ भन्ने विश्वास छ । त्यसैले गाउँमा कतिपय बूढापाका अहिले पनि आफ्ना लागि आफैँले धेरै थान कपडा किनेर राख्ने गर्छन् । जति लामो 'बाट' हालिन्छ उति छिटो स्वर्गमा पुगिन्छ भन्ने अन्धविश्वासले गर्दा बूढापाकाले आफ्नो लागि आफैँले कपडा किनेर राख्ने चलन रहेको स्थानीयवासीको भनाइ छ ।



जाजरकोटमा मानिसको मृत्युसंस्कारमा प्रयोग गरिने कपडाको लामो 'बाट' ।

कर्णाली र गण्डकी प्रदेशका विभिन्न स्थानमा प्रचलन रहेको 'बाट' परम्परालाई गण्डकी प्रदेशतिर भने यसलाई 'बाटो' पनि भनिन्छ । मृत्यु जस्तो अत्यन्त संवेदनशील कुरामा जोडिएको यो संस्कार अहिले देखासिकी र अस्वस्थ प्रतिस्पर्धा पनि बन्न थालेको छ । बारेकोट गाउँपालिकाका अध्यक्ष महेन्द्र शाह संस्कार जोगाउनभन्दा पनि देखासिकीकै लागि थानका थान कपडाको प्रयोग गर्ने चलनले गर्दा विपन्नलाई समस्या हुने गरेको बताउनुहुन्छ । यस्तो चलनलाई निरुत्साहित गर्न सबैले पहल गर्नुपर्ने सुझाव उहाँले दिनुभयो ।

विगतमा अहिलेको जस्तो खबर आदानप्रदान गर्ने सञ्चारका माध्यम (टेलिफोन, सामाजिक सञ्जाल) थिएन । त्यति बेला धेरैलाई थाहा होस् भनेर लामो 'बाट' हाल्नु स्वाभाविक भए पनि अब यसलाई कम गर्नुपर्ने कुशे गाउँपालिका-५, खुर्पाका बासिन्दा हरिबहादुर सिंहले बताउनुभयो ।